२०८१ चैत १५ गते

# पत्रकार सुरेश रजकको हत्या तथा पत्रकार र सञ्चार गृहमाथिको आक्रमणसम्बन्धी अध्ययन समितिको प्रतिवेदन



## नेपाल पत्रकार महासंघ

सञ्चारग्राम, काठमाडौं

# पत्रकार सुरेश रजकको हत्या तथा पत्रकार र सञ्चार गृहमाथिको आक्रमणसम्बन्धी अध्ययन समिति



उमिदप्रसाद बागचन्द
संयोजक



रमेश खतिवडा
सदस्य



सोनी शर्मा
सदस्य



सविन प्रियासन
सदस्य



अशोक तिवारी
सदस्य



प्रकाश धौलाकोटी
सदस्य



बैकुण्ठराज पराजुली
सदस्य


नेपाल पत्रकार महासंघ
केन्द्रीय प्रकाशन विभाग
२०८२

@ सर्वाधिकार
**नेपाल पत्रकार महासंघ**
सञ्चारग्राम, तिलगंगा, काठमाडौँ
फोन नं. : ०१-४११२७६३, ४११२७६३, फ्याक्स : ०१-४११२७८५
इमेल : fnjnepalcentral@gmail.com
वेबसाइट : www.fnjnepal.org

लेखन/सम्पादन : **प्रकाश धौलाकोटी**

आवरण तस्बिर : **खगेन्द्र फुयाँल**
स्वर्गीय पत्रकार सुरेश रजकप्रति श्रद्धाञ्जली अर्पण गर्दै माइतीघरमा गरिएको दीप प्रज्वलन कार्यक्रम ।

# हार्दिक धन्यवाद

नेपाल पत्रकार महासंघ नेपालका पत्रकारहरूको छाता संस्था हो । प्रेस स्वतन्त्रताको प्रतिरक्षा र प्रवर्द्धन गर्ने तथा पत्रकारहरुको भौतिक तथा पेसागत सुरक्षा सुनिश्चिततताका लागि महासंघले निरन्तर आवाज उठाउँदै आएको छ ।

काठमाडौँको तीनकुने क्षेत्रमा २०८१ चैत १५ गते राजसंस्था पुनर्स्थापनाको माग राख्दै भएको अराजक प्रदर्शन, लुटपाट, तोडफोड र आगजनीको रिपोर्टिङ गर्ने क्रममा पत्रकार (क्यामेरा पर्सन) सुरेश रजकको ज्यान गयो । उक्त घटनाको रिपोर्टिङमा गएका पत्रकारहरूमाथि प्रदर्शनकारीले हातपात गरेको तथा सुनियोजित ढंगबाट सञ्चार गृहको भवनमा ढुंगामुढा र आगजनी गर्ने जस्ता आपराधिक कार्यहरू भयो ।

यो नेपालको गणतन्त्र स्थापनापछिकै सबैभन्दा ठूलो मिडियामाथिको आक्रमण हो । वास्तवमा कार्यस्थलमा काम गर्दा गर्दै एउटा श्रमजीवी पत्रकारको ज्यान जाने कुरा सामान्य होइन । तर यो घटनाको विषयमा सरकार र सम्बन्धित निकायहरू त्यति धेरै चनाखो भएर प्रस्तुत भएको देखिदैन । पत्रकारहरूले समाचार कक्ष होस् वा कार्यस्थल, दुवै ठाउँमा ढुक्कसँग काम गर्न पाउनुपर्छ, तबमात्रै संवैधानिक रुपमा नै ग्यारेण्टी गरिएको पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति सम्भव छ ।

नेपाल पत्रकार महासंघले उक्त घटनाबारे थाहा पाउनेबित्तिकै घोर निन्दा र भर्त्सना गरिसकेको छ । हामीले तत्काल नै त्यो घटनाको विरोधमा सडकमा प्रदर्शनदेखि सरकारलाई ध्यानाकर्षण गराउनेसम्मका कार्य गरिसकेका छौँ । महासंघको २०८१ चैत १६ बसेको आकस्मिक केन्द्रीय समिति बैठकले जिम्मेवारी दिएबमोजिम म नेतृत्वको अध्ययन समितिले तीनकुनेमा भएको अराजक प्रदर्शनका विविध पक्षहरूलाई केलाएर, स्थलगत अवलोकन, प्रत्यक्षदर्शीसँगको कुराकानी, घाइते पत्रकार, सञ्चार गृह, पीडित परिवार र सरोकारवालाहरूसँग समेत परामर्श गरी निष्कर्ष र सुझावसहितेको यो प्रतिवेदन तयार पारेका छौँ ।

यो प्रतिवेदन नेपाल पत्रकार महासंघको आफ्नो अध्ययन हो । उक्त दिनको पत्रकार हत्या, पत्रकार तथा मिडियामाथिको आक्रमणका सम्बन्धमा सरकार र प्रदर्शन आयोजक दुवैले जवाफ दिनुपर्छ । सरकारले घटनाको निष्पक्ष छानविनको प्रबन्ध गर्नुपर्छ । पीडित परिवारले न्याय तथा राहत र क्षतिपूर्ति पाउनुपर्छ । पत्रकार तथा सञ्चार गृहहरूले भयमुक्त वातावरणमा काम गर्न पाउने वातावरण सुनिश्चित हुनुपर्छ ।

अन्त्यमा, अध्ययन समितिलाई यो कार्य पूरा गर्न सहयोग पुऱ्याउने मेरो टिमका साथीहरू, महासंघका अध्यक्षज्यू लगायत सबै पदाधिकारीहरू, प्रत्यक्ष र अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिन चाहान्छु ।

**उमीद बागचन्द**

संयोजक

# विषय सूची


१. पृष्ठभूमि ........................................ १

२. अध्ययनको उद्देश्य ........................................ १

३. अध्ययन विधि ........................................ २

४. अध्ययनको सीमा ........................................ ३

५. घटनाको विश्लेषण ........................................ ३

५.१ प्रतिसोधमा आधारित कार्यक्रम ........................................४

५.२ भीडलाई प्रसार्ईले नै उत्तेजित बनाएका थिए ........................................ ५

५.३ पत्रकार दिनेश गौतममाथि आक्रमण ........................................ ६

५.४ कान्तिपुर टिभीमा ढुंगामुढा ........................................ ६

५.५ अन्नपूर्ण पोष्टको कार्यालयमा ढुंगामुढा र आगजनी ........................................७

५.६ पत्रकार सुरेश रजकको जलेको अवस्थामा शव फेला ........................................७

५.७ किन भाग्न सकेनन् सुरेश ? ........................................ ९

५.८ मिडियामाथि सुनियोजित आक्रमण ........................................१०

६. महासंघको प्रतिरोध ........................................ १२

७. रजक परिवारलाई न्याय र राहत ........................................ १३

८. पत्रकार सुरक्षा र पछिल्लो अवस्था ........................................ १३

९. निष्कर्ष ........................................१६

१०. सुझावहरू ........................................ २०

१०.१ सरकारका लागि ........................................२०

१०.२ एभिन्युज टेलिभिजनका लागि ........................................२१

१०.३ सञ्चार गृहहरूका लागि ........................................२२

१०.४ नेपाल पत्रकार महासंघका लागि ........................................२२

११. अनुसूची

## १. पृष्ठभूमि

नेपाल पत्रकार महासंघ सम्पूर्ण नेपाली पत्रकारहरूको छाता संस्था हो । करिब सात दशक लामो इतिहासमा महासंघले नीतिगत तथा व्यावहारिक पक्षबाट प्रेस स्वतन्त्रताको प्रतिरक्षा र प्रवर्द्धन गर्ने तथा पत्रकारहरुको भौतिक तथा पेसागत सुरक्षा सुनिश्चितताका लागि निरन्तर आवाज उठाउँदै आएको छ ।

पछिल्लो पटक २०८१ चैत १५ गते काठमाडौँको तीनकुने क्षेत्रमा राजसंस्था पुनर्स्थापनाको माग राख्दै 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' ले विरोध प्रदर्शन र सभा आयोजना गरेकोमा उक्त प्रदर्शनको रिपोर्टिङमा खटिएका एभिन्युज टेलिभिजनका पत्रकार (क्यामेरा पर्सन) सुरेश रजकको प्रदर्शनकारीले गरेको आगजनीका कारण ज्यान गयो भने रिपोर्टिङ गरिरहेका पत्रकारहरूमाथि भौतिक आक्रमण तथा सञ्चार गृहको भवनमा ढुंगामुढा र आगजनी भयो । उक्त घटनाले पत्रकार तथा सञ्चारगृहहरूलाई त्रसित र आतंकित बनाएको थियो ।

महासंघले उक्त घटनाप्रति तत्कालै निन्दा र भर्त्सना गर्दै २०८१ चैत १६ गते महासंघको स्थापना दिवस समारोहलाई स्थगित गरी पत्रकार हत्या, पत्रकार तथा मिडियामाथिको आक्रमणको विरोधमा शान्तिपूर्ण प्रदर्शन गरेको थियो । सोही दिन बसेको महासंघको केन्द्रीय समितिको आकस्मिक बैठकले उक्त दिनको घटनाका सम्बन्धमा अध्ययन गर्न केन्द्रीय उपाध्यक्ष उमिद प्रसाद बागचन्दको संयोजकत्वमा सचिवहरू सदस्य रहेको ७ सदस्यीय समिति गठन गरेको थियो । सो समितिले घटनाको विस्तृत अध्ययन गरी निष्कर्ष र सुझावसहित यो प्रतिवेदन तयार गरेको छ ।

## २. अध्ययनको उद्देश्य

राजसंस्था पुनर्स्थापनाको माग गर्दै 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' ले २०८१ चैत १५ गते काठमाडौँको तीनकुने क्षेत्रमा प्रदर्शन र सभा आयोजना गरेकोमा उक्त प्रदर्शन हिंसात्मक बन्दा पत्रकार सुरेश रजकको ज्यान गएको, अन्य पत्रकारहरूमाथि भौतिक आक्रमण भएको, सञ्चार गृहमा तोडफोड र आगजनी भएको विषयमा विस्तृत विवरण बाहिर ल्याउनु यो अध्ययनको मुख्य उद्देश्य हो । त्यस्तै, घटनाका कारणहरू पहिचान गर्नु, कार्यस्थलमा पत्रकारको भौतिक सुरक्षा तथा सञ्चार गृहको सुरक्षा सुनिश्चित गर्न र भविष्यमा यस्ता घटना दोहोरिन नदिन सुझाव दिनु अध्ययनका उद्देश्यहरू हुन् ।

## ३. अध्ययन विधि

अध्ययन समितिले घटनाको विस्तृत जानकारी संकलन गरी तथ्यपरक विश्लेषण गरेको छ । पत्रकार तथा सञ्चार गृहको सुरक्षाका सम्बन्धमा यसका बहुआयमिक पक्षहरूलाई केलाउने प्रयास गरेको छ । घटनाका विषयमा यथार्थ जानकारी लिन घटनास्थलको अवलोकन, प्रत्यक्षदर्शी, स्थानीय सर्वसाधारण र प्रहरी अधिकारीहरूसँग कुराकानी गरिएको छ ।

उक्त दिन रिपोर्टिङमा खटिएका पत्रकार, घाइते पत्रकार, मृतक पत्रकारका सहकर्मी र परिवारका सदस्यहरूसँग कुराकानी गरिएको छ । मृतक पत्रकार कार्यरत सञ्चारगृह, आगजनी भएको सञ्चार गृह तथा ढुंगामुढा भएको र त्यस्तो जोखिमबाट त्रसित भएर काम गरेका सञ्चार गृहहरूको समेत स्थलगत अवलोकन र कुराकानी गरिएको छ । यसबाहेक सरोकारवालासँग छलफल, घटनासँग सम्बन्धित भिडियो, फोटो र घटनाका बारेमा प्रकाशित समाचारको विश्लेषण समेतलाई आधार बनाएर यो अध्ययन गरिएको छ ।

## ४. अध्ययनको सीमा

यो अध्ययनका सिलसिलामा समिति आफ्ना सीमितताहरूका विषयमा स्पष्ट छ । त्यसकारण पनि यो प्रतिवेदन पत्रकारहरूको पेशागत हकहित, भौतिक तथा सामाजिक सुरक्षा, सञ्चार गृहको सुरक्षा तथा नागरिकको संवैधानिक अधिकारका आधारमा पीडितले न्याय पाउनुपर्छ भन्नेमा केन्द्रित छ । त्यसबाहेक स्वयम्सेवीरुपमा समितिका सदस्यहरूको सक्रियता, श्रोतसाधनको अभाव, घटनाबाट प्रभावित भएर त्रसित मानसिक स्थितिमा रहेका पीडित तथा पीडितका आफन्तहरूले दिएको जानकारीका आधारमा छोटो समयमा विविध समस्याबीच यो अध्ययन गरिएको छ ।

## ५. घटनाको विश्लेषण

२०८१ चैत १५ गते काठमाडौँको तीनकुनेमा राजसंस्था ब्युँताउने भन्दै 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' ले विरोध प्रदर्शन र सभा आयोजना गरेको थियो । आयोजकले शान्तिपूर्ण कार्यक्रम गर्ने जनाए पनि उक्त दिन कार्यक्रमस्थलमा फरक दृश्यहरू देखिएको थियो । नेताहरूले मञ्चबाट उत्तेजक भाषण गरेका थिए भने प्रदर्शनकारीको बोली र हाउभाउ अलग्गै थियो ।

नेताहरूले आक्रोसित भीडलाई नियन्त्रण गर्ने प्रयास नगरी उत्तेजक भाषण गरेर प्रदर्शनकारीलाई उक्साएको र प्रदर्शनकारीको भीड थप आक्रोसित भई अनियन्त्रित भएको देखिन्छ ।

प्रदर्शनकारीले संसद् भवन, सिंहदरबार र विमानस्थल कब्जा गर्ने, सञ्चार गृहहरूलाई तह लगाउने र तत्कालै राजा फर्काइहाल्ने घोषणा गर्दै तीनकुने क्षेत्रमा आतंक मच्चाएको देखिन्छ । उनीहरूले लुटपाट, तोडफोड र निजी घरदेखि दलका कार्यालय तथा सञ्चार गृहसम्म ढुंगामुढा र आगजनी गरेका थिए । त्यस क्रममा प्रदर्शनको रिपोर्टिङ गर्न खटिएका पत्रकारले आफ्ना गलत कार्यको फोटो/भिडियो खिचेको आरोपमा पत्रकारमाथि हातपात र आक्रमण गरेका थिए भने कतिपय पत्रकारलाई गालीगलौज गर्दै दुर्व्यवहार गरेको पाइएको छ ।

तीनकुनेको मुख्य चोक नजिकै प्रदर्शनकारीले आगजनी गरेको भवनमा एभिन्यूज टेलिभिजनका पत्रकार ( क्यामेरा पर्सन) सुरेश रजक जलेको अवस्थामा मृत भेटिएका थिए । त्यस्तै, प्रदर्शनकारीले आफ्ना गलत हर्कतको फोटो/भिडियो खिचेको आरोपमा आक्रमण गर्दा अनलाइनखबरका पत्रकार दिनेश गौतम घाइते भए भने दि हिमालयन टाइम्सका फोटो पत्रकार राजेश गुरुङ खुट्टामा प्रहरीले प्रहार गरेको अश्रु ग्यास लागेर घाइते भएका थिए ।

प्रतिष्ठित सञ्चार गृहहरूलाई ‘बाह्र भाइ’ को नामले गालीगलौज गरेका प्रदर्शनकारीले प्रदर्शनकै क्रममा ती सञ्चारगृहमा ‘आगजनी गर्नुपर्छ, आक्रमण गर्नुपर्छ, बाह्र भाइलाई तह लगाउनुपर्छ’ भन्दै योजना सुनाएका थिए । त्यसको केहीबेर पछि अन्नपूर्ण पोस्ट दैनिकको भवनमा ढुंगा प्रहार, तोडफोड र आगजनी भएको थियो । त्यसक्रममा अन्नपूर्ण पोस्टका फोटो पत्रकार अभिषेक महर्जनको क्यामेरा र मोबाइल फुटेको पाइएको छ ।

त्यस्तै, कान्तिपुर टेलिभिजनको कार्यालयमा समेत उनीहरूले ढुंगामुढा र तोडफोड गरेका थिए । उनीहरूले हिमालय टेलिभिजनको सवारी साधनमा समेत तोडफोड गरेका थिए । प्रदर्शनकारी हिंसात्मक बन्दा भीड तितरबितर बनाउन प्रहरीले चलाएको गोली लागेर कीर्तिपुरका सबिन महर्जनको मृत्यु भएको पाइएको छ भने भीड नियन्त्रण गर्न प्रहरीले गोली चलाउँदा १९ जना घाइते भएका थिए । प्रहरीका अनुसार ४० वटा घर तथा भवनमा ढुंगामुढा, तोडफोड, आगजनी र लुटपाट भयो । ६९ वटा सवारीसाधनमा प्रदर्शनकारीले क्षति पुऱ्याएका थिए ।

हिंसात्मक बनेको प्रदर्शनले कार्यस्थलमा खटिएका पत्रकारलाई भयभित तुल्याएको थियो भने सञ्चारगृहलाई त्रसित र आतंकित बनाएको थियो । पत्रकारले आफ्नो नियमित काममा जाँदा र आउँदासमेत त्रासको वातावरण झेल्नुपरेको थियो ।

## ५.१ प्रतिसोधमा आधारित कार्यक्रम

२०८१ फागुन २६ गते ज्ञानेन्द्र शाह पोखराबाट फर्किदा काठमाडौंमा राजतन्त्र पक्षधरले गरेको स्वागत तथा समर्थनको चर्चा भएको थियो । पत्रकारले पनि सहज रुपमै रिपोर्टिङ गरेका थिए । उक्त दिनको प्रदर्शनपछि मुलुकमा राजतन्त्र पुनर्स्थापनाको माग र सम्भावनाका विषयमा समेत बहस चलेको थियो । जसका कारण नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), विप्लव नेतृत्वको नेकपा र नेपाल समाजवादी पार्टी सम्मिलित समाजवादी मोर्चाले पनि चैत १५ गते नै काठमाडौंको प्रदर्शनी मार्गमा गणतन्त्रको पक्षमा जनप्रदर्शन गरेको थियो । मोर्चाले उक्त कार्यक्रमको घोषणा चैत २ गते गरेको थियो ।

त्यसैको अर्को दिन 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' का तर्फबाट संयोजक दुर्गा प्रसाईंले पनि सामाजिक सञ्जालमार्फत् चैत १५ गते काठमाडौंमा निर्णायक आन्दोलन गर्ने घोषणा गरेका थिए । त्यसपछि चैत १२ गते राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले विज्ञप्तिमार्फत् चैत १५ गते काठमाडौंमा हुने विशाल जनप्रदर्शनमा सहभागी हुन आह्वान गर्दै अपिल गरेका थिए ।

यसरी समाजवादी मोर्चाले गणतन्त्रको पक्षमा प्रदर्शन गर्ने घोषणा गरेपछि प्रतिसोधमा त्यही दिन अर्को आन्दोलन गर्ने घोषणा गरेका प्रसाईं र सुवेदी नै चैत १५ को कार्यक्रमका मुख्य आयोजक थिए । सुवेदीले कार्यक्रमबारे जानकारी दिन गरेको पत्रकार सम्मेलनमा आफू जनआन्दोलनको संयोजक रहेको भन्दै पूर्वराजा ज्ञानेन्द्र शाहसँगको संवादका आधारमा दुर्गा प्रसाईंलाई राजसंस्था ब्युँताउने आन्दोलनको 'कमाण्डर' घोषणा गरेका थिए ।

सुवेदी नेतृत्वको संयुक्त जनआन्दोलन समितिमा राप्रपाका वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र सदस्य सचिव छन् भने आन्दोलन परिचालन समितिको संयोजक राप्रपाका महामन्त्री धवल शमशेर राणा छन् । चैत १५ को प्रदर्शनमा राप्रपा र राप्रपा नेपालको पनि समर्थन थियो ।

यसअघि नेकपा माओवादी केन्द्र, नेकपा एमाले हुँदै राजावादी बनेका विवादास्पद छविका मेडिकल व्यवसायी प्रसाईं पछिल्लो समय राजसंस्थाको पक्षमा अग्रमोर्चामा आइपुगेका हुन् । उनकै योजनामा चैत १५ को प्रदर्शन तय भएको थियो ।

प्रहरी, प्रत्यक्षदर्शी र सञ्चार माध्यमहरूले गरेको रिपोर्टिङका आधारमा उक्त दिन तीनकुनेमा भएको घटनाक्रमलाई विश्लेषण गर्दा, बिहानबाटै प्रहरीले गस्ती बढाएको थियो भने करिब साढे १० बजेबाट तीनकुनेमा प्रदर्शनकारी जम्मा हुन थालेका थिए । प्रहरीले सिनामंगल, कोटेश्वर र बानेश्वरतर्फबाट सवारी आवागमन बन्द गराएर तीनकुनेमा प्रदर्शनस्थल खाली गराएको थियो । क्रमशः भीड जम्मा हुँदै गयो । करिब १२ बजेबाट तीनकुनेमा निर्मित मञ्चबाट उत्तेजक भाषण सुरु भयो । तर मञ्चमा प्रमुख नेताहरू भने कोही थिएनन् । त्यतिबेलासम्म प्रसाईं आफैं कार्यक्रमस्थलमा आइपुगेकै थिएनन् ।

## ५.२ भीडलाई प्रसाईंले नै उत्तेजित बनाएका थिए

मञ्चबाट भएको उत्तेजक भाषणका कारण आक्रोसित प्रदर्शनकारीले निषेधित क्षेत्र तोड्न खोजिरहेका थिए, तर त्यो धकेलाधकेल र भनाभनमा सीमित थियो । प्रदर्शनकारी कोही नाराबाजी गर्दै थिए, कोही नाचगान । त्यतिबेलासम्म त्यहाँ प्रसाईंसहित नेताहरूको प्रतीक्षा चल्दै थियो ।

करिब १ बजे एक्कासी तीनकुनेतर्फबाट सेतो रङको गाडी हुइँकिँदै आयो । गाडीको ड्राइभिङ सीटमा आन्दोलनका कमाण्डर दुर्गा प्रसाईं थिए । प्रदर्शनकारीको भीडले उनलाई स्वागत गर्‍यो, उनी झ्यालबाट टाउको निकालेर चिच्याउँदै 'आओ आओ....' भन्दै निषेधित क्षेत्रतर्फ अघि बढे ।

प्रसाईंले बानेश्वर-तीनकुने खण्डमा लामबद्ध भएर उभिएका प्रहरीको हुल बीचबाटै जबरजस्ती गाडी कुदाएर निषेधित क्षेत्र तोड्दै 'भीडलाई हिंसात्मक बन्न उत्तेजित पारेका थिए । तर प्रहरीले उनलाई तत्कालै पक्राउ गरेन । प्रहरीले भीड तितरबितर बनाउन अश्रु ग्यास प्रहार सुरु गर्‍यो । निषेधित क्षेत्र तोड्न बानेश्वरतर्फ अघि बढेको भीड पछि हटेको थियो भने तनाव झन् बढ्न थालेको थियो ।

केहीबेर पछि तीनकुने फर्किएका प्रसाईं मञ्चमा चढेर उत्तेजित भाषण गर्न थाले । त्यसबेला प्रदर्शनकारी र प्रहरीबीच हानाहान सुरु भइसकेको थियो भने राप्रपाका वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र र महामन्त्री धवल शमशेर राणासमेत कार्यक्रममा सहभागी भएको देखिन्छ ।

मञ्चबाट तीनकुने सडकछेउका 'घरमाथिबाट अश्रु ग्यास प्रहार भएको' भनेर भाषण गरेपछि उत्तेजित भीडले ढुंगामुढा सुरु गऱ्यो । करिब पौने २ बजे तीनकुनेको घरमा आगो लागिसकेको थियो। भवनको सिँढीको सटर फोडेर प्रदर्शनकारी माथि चढे, पत्रकार पनि पछि-पछि चढे ।

प्रदर्शनकारीले तोडफोड गरेर तेश्रो तलामा रहेको राजुकुमार सुवालको 'ल फर्म'भित्र छिरे, समान फ्याँक्न थाले । त्यही कोठामा पत्रकारहरू पनि गएको देखिन्छ । एभिन्यूज टेलिभिजनका क्यामेरा पर्सन सुरेश रजक पनि त्यही कोठाबाट भिडियो र फोटो कैद गरिरहेका थिए । त्यसपछि भीड अनियन्त्रित भएको, प्रहरीले गोली चलाएको, र भागदौड मच्चिएको देखिन्छ । प्रत्यक्षदर्शीका अनुसार आगजनीपछि प्रदर्शनकारी अब कान्तिपुर र अन्नपूर्ण पोस्ट दैनिकमा पनि तोडफोड गर्नुपर्छ भन्दै त्यसतर्फ लागेका थिए ।

आगो नियन्त्रणमा आउने संकेत थिएन । करिब पौने ३ बजेतिर सशस्त्रको दमकल तीनकुने पुग्यो । तर प्रदर्शनकारीले ढुंगामुढा गरेपछि दमकल आगो निभाउने स्थलसम्म पुग्नै सकेन । आगो दन्किन थालेपछि घरमाथि रहेका मानिसहरू तल झरे । तर सुरेश रजक तल आएका थिएनन् ।

### ५.३ पत्रकार दिनेश गौतममाथि आक्रमण

दिउँसो ३ बजेतिर अनलाइनखबरका पत्रकार दिनेश गौतमले प्रहरीको हतियार चोरेर तीनकुने चौरतर्फ भागिरहेका एक प्रदर्शनकारी युवाको फोटो खिचे । फोटो नखिच्न धम्की दिएका युवाको समूहले 'सीआईडी' हो भन्दै पत्रकार गौतममाथि आक्रमण गऱ्यो । गौतम आफैं स्कुटर चलाएर कार्यालय पुगे । एक्स-रे गरेर हेर्दा उनको खुट्टा भाँचिएको देखियो ।

### ५.४ कान्तिपुर टिभीमा ढुंगामुढा

उक्त दिन करिब साढे तीन बजे प्रदर्शनकारीले कान्तिपुर टिभीमा ढुंगामुढा गरेका थिए । उनीहरूले बोरामा ढुंगा बोकेर लगेका थिए । करिब १५/२० जनाको समूहले 'यो कान्तिपुर टिभी, बाह्र भाइमध्येको एक हो' भन्दै ढुंगामुढा गरेको पाइयो । टेलिभिजनको गेट बन्द थियो । तर सँगै रहेको सीसी टिभी उनीहरूको पहिलो निशानामा पऱ्यो । गेटको सीसा फुटाएका उनीहरूले सीसी टिभी फुटाएर त्यसैले भवनको सीसामा प्रहार गरेका थिए । उनीहरूको ढुंगा प्रहारले कान्तिपुर टिभीको भवन र पार्किङमा रहेका सवारीसाधनमा क्षति पुग्यो । त्यसबेला टेलिभिजन प्रशासनले प्रहरीसँग मद्दत मागे पनि नपाएको

गुनासो गऱ्यो । पछि कर्फ्यु जारी भइसकेपछि प्रहरी आयो, र प्रदर्शनकारी भागे । उक्त आक्रमणका कारण टेलिभिजनको कार्यालयका भवनका करिब ५० वटा झ्यालको सीसा फुटेको छ । गेटमा क्षति पुगेको छ भने सीसी क्यामेरा फुटाइएको छ ।

## ५.५ अन्नपूर्ण पोष्टको कार्यालयमा ढुंगामुढा र आगजनी

करिब साढे तीन बजे प्रदर्शनकारीले अन्नपूर्ण पोस्ट दैनिकको कार्यालयमा ढुंगामुढा र आगजनी गरेका थिए । कार्यालयमा अर्कोदिनको पत्रिकाको तयारी भइरहेको थियो । पत्रकारहरू काम गरिरहेका थिए । त्यहीबेला 'बाह्र भाइमध्येको एक यो पनि हो' भन्दै बाहिरबाट ढुंगामुढा सुरु भएको थियो । पछि सडकबाट ढुंगामुढा गरिरहेको समूहलाई प्रहरीले रोकेपछि उनीहरू भवनको पछाडिपट्टि पुगे, त्यताबाट पनि उनीहरूले ढुंगामुढा गरे । सुरुमा २ जनामात्रै त्यहाँ पुगेका थिए, पछि ८/१० जनाको समूह भयो । पछाडिबाट आएका उनीहरूले भुँइतलामा रहेको सीसा फुटाए, तोडफोड गरे । आगजनी गरे । त्यहीबेला अन्नपूर्ण पोस्ट कार्यालयकै सुरक्षा गार्डहरूले आगो निभाए । जसकारण आगोले ठूलो रुप लिन पाएन, र ठूलो क्षति हुनबाट जोगियो । करिब साढे ४ बजे कर्फ्यु आदेश जारी भएपछि उनीहरू पनि त्यहाँबाट गए ।

## ५.६ पत्रकार सुरेश रजकको जलेको अवस्थामा शव फेला

एभिन्यूज टेलिभिजनमा कार्यरत, ३३ वर्षीय पत्रकार सुरेश रजक काठमाडौं महानगरपालिका-१३, ताहाचलका स्थायी बासिन्दा हुन् । उनी पछिल्लो समय चन्द्रागिरी नगरपालिका-४, चुनिखेलमा घर बनाई श्रीमती सुजन मगियासहित बस्दै आएका थिए । त्यही घरमा लोकपथ डटकममा कार्यरत फोटो पत्रकार, उनका माईला दाई दिनेश रजकको परिवार पनि बस्दै आएको छ । ताहाचलमा भने जेठो दाई रमेश रजकको परिवार बस्दै आएको छ । मलेसिया गएर मजदुरी गरिरहेका सुरेश आमा बितेपछि घर फर्किएका थिए । त्यसपछि दाजु दिनेशकै सहयोगमा उनी पत्रकारिता क्षेत्रमा लागेका हुन् ।

चैत १५ गते उनको घरमा पारिवारिक भोज थियो, सबैलाई निम्तो दिएर दिउँसो बेलैमा घर आउने, र भोजमा सामेल हुने तयारीसहित उनी अफिस निस्किएका थिए । ७ वर्षदेखि एभिन्यूज टेलिभिजनमा कार्यरत उनी हाल क्यामेरा चिफ थिए । साहसिक पत्रकारितामा रमाउने आँटिलो स्वभावका उनी आफ्नो जिम्मेवारीमा अब्बल हुन रुचाउँथे, र जोखिमपूर्ण क्षेत्रमा काम गर्नका लागि उनी अनुभवी क्यामेरा

पर्सनकोरुपमा समेत परिचित थिए । सहकर्मीहरूका अनुसार एक्सक्लुसिभ फुटेजका लागि उनी जोखिम मोल्न पनि तयार हुन्थे । यसअघि एमसीसीविरुद्धको आन्दोलनमा रिपोर्टिङ गर्न जाँदासमेत उनलाई प्रदर्शनकारीले हानेको ढुंगाले चोट लागेको थियो । जसबापत उनले साहसिक पत्रकारिता पुरस्कारसमेत प्राप्त गरेका थिए ।

महाराजगञ्जस्थित एभिन्युज कार्यालयबाट ४ जना सहकर्मीहरूसँगै तीनकुनेमा खटिएका रजक त्यो दिन पनि आन्दोलन भड्किलो हुन सक्ने विषयमा सचेत थिए । सहकर्मीहरूका अनुसार त्यो दिन पनि एक्सक्लुसिभ फुटेज लिने उनको योजना थियो । करिब १० बजे एभिन्यूज कार्यालयबाट तीनकुने खटिएका उनीहरूले नजिकैको कलेजमा मोटरसाइकल पार्किङ गरे, र रिपोर्टिङ सुरु गरे । उनीहरूले प्रदर्शनस्थलबाट प्रत्यक्ष प्रसारण पनि गरे ।

करिब पौने २ बजे जब उनी आगलागी भइरहेको घरमा चढे, त्यसपछि पनि उनले एभिन्युजको न्युज रुमसँग संवाद गरेका थिए, र आगलागी भइरहेको भवनबाट पनि लाइभ गरेका थिए ।

एभिन्युज समाचार कक्षका अनुसार सुरेशले २ : १४ बजेसम्म पनि लाइभ गरेका थिए । साढे २ बजेसम्म न्युज रुम र उनीबीच सम्पर्क थियो । त्यसपछि भने उनी सम्पर्कविहीन भए । सहकर्मीहरूका अनुसार साढे ३ बजेसम्म उनको फोनमा घण्टी गएको थियो । आगो दन्किन थालेपछि घरमाथि रहेका सबै मानिस तल झरे । तर सुरेश रजक तल आएनन् ।

न्युज रुमले पनि रजकसँग सम्पर्क गर्न प्रयास गरेको जनाएको छ भने यता सडकमा रहेका सहकर्मीले पनि उनलाई खोजिरहेका थिए । संयोग कस्तो छ भने उक्त दिनको रिपोर्टिङमा उनका सहकर्मी मात्रै होइन, उनका आफ्नै दाजु दिनेश रजक र भाञ्जा राजेश रजक पनि तीनकुनेमै रिपोर्टिङमा थिए ।

उनी माथि खिच्न गएको, तर तल नआएको थाहा भएपछि सहकर्मी, दाजु दिनेश र अन्य पत्रकारहरूले समेत खोजी सुरु गरे । नजिकै रहेका प्रहरीलाई खबर गरे, तर प्रहरीले तत्कालै उद्धारमा चासो नदिएको उनीहरूको गुनासो छ ।

त्यसबीचमा पत्रकारहरूले पटक-पटक माथि क्यामेरा पर्सन छुटेको छ भनेर खबर दिएपछि सशस्त्र प्रहरीका जवानहरूले खोजी गरे । तर मान्छे रहेको पत्ता लागेन । सशस्त्र प्रहरीका डीएसपीले त्यहाँ कुनै 'मानवीय क्षति' नभएको दाबी गरे । प्रहरीले पटक-पटक माथि चढेर हेरेको भन्दै त्यहाँ कुनै मानवीय

क्षति नभएको दाबी गरेको थियो । त्यसपछि अस्पतालतिर उनको खोजी सुरु भयो । दाजु दिनेश र सहकर्मीहरूले अस्पताल चाहारे, तर सुरेश कतै भेटिएनन् ।

एभिन्युजको व्यवस्थापनले प्रहरीसँग समन्वय गरेर उनको मोबाइलको लोकेसन हेर्दा करिब ५ : १५ बजेसम्म उनको फोनको लोकेसन त्यही आगलागी भएको भवनमा रहेको देखायो । त्यसपछि भने सबैको आशा मऱ्यो । त्यतिबेलासम्म आगो निभ्ने क्रममा थियो । साँझ करिब ६ बजे आगजनी भएको सुनौली इन्द्रेणी सहकारीको भवनको तेस्रो तलामा राजकुमार सुवालको 'सुवाल ल एसोसिएट्स्' सञ्चालित कोठामा आगोले जलिरहेको अवस्थामा उनको शव फेला परेको पाइयो ।

प्रहरीको मुचुल्काअनुसार शव पुरै जलेको, दुई वटै खुट्टा सिधा अगाडि पसारेर ढाड पिलरतर्फ अडेस लगाएको अवस्थामा कोठाको एउटा कुनामा शव फेला परेको थियो । भुँइमा उनको हातनजिकै एक थान मोबाइल जलेको अवस्थामा भेटिएको थियो । उनले चलाइरहेको अर्को मोबाइल र क्यामेरा भने भेटिएको छैन । उनको शरीर अधिकांश भाग जलिसकेको, नचिनेने अवस्थामा भेटिएको थियो । तर उनको पर्स र त्यहाँ रहेको पैसा, वरपर रहेका कागजसमेत पुरै जलेका थिएनन् । त्यही राति उनको शव मुचुल्कापछि त्रिवि शिक्षण अस्पताल लगिएको थियो । पोष्टमार्टम रिपोर्टअनुसार रजकको जलेर मृत्यु भएको देखिएको छ । उनको शव चैत २० गते दाहसंस्कार गरिएको थियो ।

### ५.७ किन भाग्न सकेनन् सुरेश ?

सुवाल ल एसोसियट्स्को कार्यालय रहेको जुन कोठामा रजकको शव भेटिएको छ, उक्त कोठाको मुल ढोका (चेन गेट)मा ताला लगाइएको थियो । प्रदर्शनकारीले माथि उक्लिने सिँढीसँगै रहेको झ्यालको सीसा फोडेर भित्र जाने बाटो बनाएका थिए । भित्रपट्टि झ्यालसँगै रहेको दराज भुँइमा ढलेपछि झ्यालबाट ओर्लिन पनि सहज भएको देखिन्छ । प्रदर्शनकारीसँगै पत्रकार रजक त्यही झ्यालबाट भित्र गएको देखिन्छ ।

तोडफोड र लुटपाट गर्दै भवनमा छिरेका प्रदर्शनकारीलाई पछ्याउँदै त्यहाँ पुगेका उनले उक्त कोठामा छिर्नेबेला भनेका छन्- *म यहाँ बिल्डिङमै छु । म खतरा ठाउँमा छु । मेरो भाइबर जोड्नु । म लाइभ गर्छु ।*

उनीसँगै क्यामेरा लिएर त्यही कोठासम्म पुगेका पत्रकारहरू प्रदर्शनकारीले लुटपाट र तोडफोड गरेको फुटेज खिचेपछि फर्किएका छन् । त्यसक्रममा प्रदर्शनकारीले 'आफूले गरिरहेको गलत काम किन खिचेको ?' भन्दै धम्क्याएका पत्रकारहरूको भनाइ छ । अरु पत्रकारहरू खिचेको छैन भन्दै तल झरेका थिए ।

आगलागी भएको उक्त भवन र कोठाका सन्दर्भमा सार्वजनिक भएका भिडियोले पत्रकार सुरेश रजक ल फर्म भएको कोठामा प्रवेश गर्दै गरेको, त्यहाँ प्रदर्शनकारीहरूको तोडफोडकै बीच फुटेज खिचिरहेको, र त्यहीबाट भाइबरमार्फत् पठाउँदै गरेको दृश्यहरू देखिन्छन् । त्यही बेला राष्ट्रिय झण्डा घाँटीमा बाँधेका, हेलमेट लगाएका, अनुहारमा पट्टिसमेत बाँधेकासहित केही प्रदर्शनकारीहरूले कोठामा रहेका फर्निचरलगायत सामान तोडफोड गरिरहेका देखिन्छन् । केहीले ती समानहरू सडकतिर फ्याँकिरहेका देखिन्छन् ।

उक्त कोठाभित्रबाट झ्याल करिब ३/४ फिट अग्लो छ । जबकि त्यही झ्यालबाट उक्लिएर त्यहाँ गएका सबै फर्किए । तर पत्रकार रजक किन फर्किएनन् ? रजकमात्रै त्यहाँ रहेको भिडियो कुन समयको हो ? त्यहाँको दृश्य खिच्नेहरू को-को थिए ? अन्तिम अवस्थासम्म त्यहाँ को-को थिए ? आगो लागेपछि सबै भाग्दा उनी किन भागेनन् ? सबै फर्किएर बाहिर निस्किँदा रजक मात्रै किन निस्किन सकेनन् ? यी प्रश्नहरूको जवाफ खोजी गर्नुपर्ने देखिन्छ ।

अर्कोतिर उनले प्रयोग गरिरहेको क्यामेराको अवशेष किन भेटिएन ? उनका दुई वटा मोबाइलमध्ये एउटा मोबाइल सबै जल्यो कि कसैले लग्यो ? प्रदर्शनकारीहरूले सडकमै पहिले सीसीटिभी फुटाएर मात्रै अरु तोडफोड गर्न सुरु गरेका देखिन्थे । छेउमै उभिएर आफूहरूको हर्कतको भिडियो खिचिरहेको देखेपछि उनीहरूले क्यामेरा पर्सन रजकमाथि सांघातिक आक्रमण त गरेनन् ? कतै प्रदर्शनकारीले उनको क्यामेरा र मोबाइल खोसेर आक्रमण गरी बेहोस बनाएकै कारण त उनी त्यहाँबाट भाग्न नपाएका होइनन् ? यस्ता शंकास्पद प्रश्नहरू छन् ।

### ५.८ मिडियामाथि सुनियोजित आक्रमण

राजसंस्था ब्युँताउन सहयोग नगरेको, र गणतन्त्रको पक्षमा वकालत गरेको आरोपमा राजसंस्था पक्षधरहरू सञ्चार गृहप्रति रुष्ट देखिन्छन् । त्यसमाथि प्रदर्शनका कमाण्डर दुर्गा प्रसाईंले विगतदेखि नै

सञ्चार माध्यमहरूले भ्रष्ट गणतन्त्रको पक्षमा लेखिरहेको, तर राजसंस्थाको पक्षमा वकालत नगरेको भन्दै आक्रोस पोख्दै आएका थिए । जसकारण तीनकुनेमा प्रदर्शनको दिन सञ्चार माध्यम र मुलधारका सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई सुनियोजित रुपमा 'टार्गेट' बनाएर आक्रमण गर्ने योजना बनाएको देखिन्छ ।

उक्त दिन बिहान उनीहरूले मुलधारका सञ्चारमाध्यमको कार्यालय कहाँ-कहाँ छ भनेर खोजी गर्ने, रेकी गर्ने र आक्रमणका लागि अनुकुल वातावरण बनाउन प्रयास गरेको देखिन्छ । त्यो दिन सञ्चार माध्यमहरूमा त्यस्ता फोन आएका थिए- जहाँ कार्यालय कहाँ छ भनेर सोधी खोजी गरिन्थ्यो, तर काम वा कार्यालय खोज्नुपर्ने कारण खुल्दैन थियो ।

उक्त दिन प्रदर्शनस्थलमा मञ्चबाटै राजसंस्थालाई असहयोग गर्ने 'बाह्र भाइ मिडिया'लाई 'आगजनी गर्नुपर्छ, आक्रमण गर्नुपर्छ, बाह्र भाइलाई तह लगाउनुपर्छ' भन्दै उत्तेजित भाषण गरिएको थियो भने प्रदर्शनकारीले योजना बनाएरै कान्तिपुर टिभी र अन्नपूर्ण पोस्टको कार्यालयतर्फ यात्रा तय गरेको देखिन्छ ।

अन्य मिडियाको पनि लोकेसन खोजी गरेको, तर नजिकमा पायक पर्ने स्थानमा नभएपछि उनीहरूलाई आक्रमण गर्न असहजता बनेको देखिन्छ । कार्यस्थलमा खटिएका पत्रकारहरूका अनुसार उक्त दिन मुलधारका मिडियाको कार्ड बोकेर काम गर्ने अवस्था थिएन । केही न्यु मिडियाका पत्रकारलाई आन्दोलनकारीको सहयोग देखिन्थ्यो । तर अन्य पत्रकार र सवारी साधनमाथि प्रदर्शनकारीको निशाना रहेको देखिन्थ्यो ।

मिडियाले आलोचना गरेको र समाचार लेखेकै आरोपमा मुलधारका मिडियामाथि 'बाह्र भाइ मिडिया' को भाष्य बनाएर आक्रमण सुरु भएको २०७९ माघदेखि हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले २०७९ माघ २२ गते नागरिकतासम्बन्धी मुद्दामा सांसद र उपप्रधान तथा गृहमन्त्री पद गुमाएको झोकमा मुलधारका मिडियाका प्रकाशक र सम्पादकको नामै लिएर 'बाह्र भाइ मिडिया'ले आफूविरुद्ध षड्यन्त्र गरेको, फसाउन खोजिरहेको भन्दै गालीगलौज गरेका थिए । त्यसपछि सामाजिक सञ्जालमा 'बाह्र भाइ मिडिया'को भाष्य तय भएको र 'मिडिया हेट' सुरु भएको देखिन्छ ।

त्यसयता मुलधारका मिडियाले सामान्य आलोचना गर्दा होस् वा गलत कार्य र प्रवृत्तिको विरुद्धमा लेख्दा होस्, सर्वसाधारणदेखि राजनीतिक दलका नेताहरूसम्म र उनीहरूका समर्थकले समेत मिडियालाई 'बाह्र भाइ मिडिया' भनेर गाली गर्ने क्रम चलेको छ । यसरी समाचार लेखेकै आधारमा सञ्चार गृहमाथि सामाजिक सञ्जाल र अन्य डिजिटल स्पेसमा खुलेआम धाकधम्की दिनु मिडियामाथिको आक्रमण हो । प्रेस स्वतन्त्रताको गम्भीर उल्लंघन् हो । यो आफ्नो स्वार्थअनुकूल नलेखेकै आधारमा मिडियामाथि गरिएको नियोजित आक्रमण हो ।

## ६. महासंघको प्रतिरोध

लोकतन्त्रमा शान्तिपूर्ण रुपमा विरोध र प्रदर्शन गर्न पाउनु नागरिकको संवैधानिक अधिकार नै हो । तर आन्दोलनको नाममा सञ्चारकर्मीको ज्यानै जाने, प्रेसलाई आतंकित र त्रसित बनाउने, रिपोर्टिङमा खटिएका पत्रकारलाई आक्रमण गर्ने जस्ता कार्य किमार्थ स्वीकार गर्न सकिदैन । नेपाल पत्रकार महासंघले तीनकुनेमा उक्त दिन भएको घटनामा तत्काल प्रतिरोध गऱ्यो, जनतालाई सुसूचित गराउने र विचार निर्माणमा सघाउने प्रेसजस्तो भरपर्दो सञ्चारसंस्थाहरू र सञ्चारकर्मीको ज्यानै लिने गरी भएको हमलाप्रति घोर आपत्ति, निन्दा र भर्त्सना गऱ्यो ।

जनतालाई सुसूचित गर्ने काममा खटिएका पत्रकार सुरेश रजकको श्रम गर्दा गर्दै हत्या भएको महासंघको प्रारम्भिक ठहर थियो । २०८१ चैत १६ मा स्थापना दिवस मनाउने तयारी गरेको महासंघले वार्षिकोत्सवलाई विरोध प्रदर्शनमा बदल्यो । उक्त दिन काठमाडौँको माइतीघरसहित देशैभरि एकसाथ पत्रकार सुरेश रजकको हत्या, मिडियामाथिको सुनियोजित आक्रमण र पत्रकार कुटपिटका विरुद्धमा विरोध प्रदर्शन भयो ।

महासंघले तत्काल आक्रमणमा परेका सञ्चार गृहको अनुगमन गऱ्यो भने क्षतिको विवरण संकलन गर्ने, पीडितलाई राहत तथा क्षतिपूर्ति र न्यायको मागसहित विरोध र दबाबका कार्यक्रम अघि बढायो । यसबीचमा महासंघले समाचार कक्षमा कालोपट्टि बाँधेर काम गर्ने, ज्ञापनपत्र बुझाउने, गृहमन्त्रीलाई न्यायका लागि माग गर्दै म्यासेज गर्ने जस्ता दबाबमूलक कार्यहरू गऱ्यो ।

महासंघले पूर्वअध्यक्षहरू, सरोकारवाला संगठनका अध्यक्षहरू, सम्पादकहरू, मानव अधिकार आयोग, प्रहरी, घाइते पत्रकार तथा पीडित परिवारसँग चरणबद्ध छलफल र परामर्श गरेको छ । महासंघले

पीडित परिवारलाई राहत, क्षतिपूर्ति र न्याय, घाइतेको उपचार तथा प्रेस स्वतन्त्रताको सुनिश्चितता गर्न सरकार र सरोकारवाला निकायसमक्ष दबाब तथा समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ ।

## ७. रजक परिवारलाई न्याय र राहत

पत्रकार सुरेश रजक एभिन्युज टेलिभिजनमा करिब ७ वर्षदेखि कार्यरत थिए । क्यामेरा चिफकारुपमा कार्यरत उनले १० महिनादेखिको तलब पाएका थिएनन् । तीनकुने प्रदर्शनमा रिपोर्टिङ गर्दा गर्दै उनको ज्यान गएपछि भने एभिन्युज टेलिभिजनले परिवारलाई तलब र किरिया खर्चबापत् ३ लाख रुपैयाँ उपलब्ध गरायो । टेलिभिजन प्रशासनले बीमावापत् १० लाख रुपैयाँको बीमा भुक्तानी दाबी गरिएको जानकारी दिएको छ (एभिन्युजमा कार्यरत पत्रकारको बीमा गरेको वा नगरेकोबारे जानकारी नदिइएको अवस्था छ) भने न्याय, थप राहत र क्षतिपूर्तिका लागि सरकारसँग माग गरेको छ । एभिन्युज टेलिभिजनले रजकको स्मृतिमा १० लाख रुपैयाँको अक्षयकोष स्थापना गर्ने पनि घोषणा गरेको छ ।

परिवारका सदस्यहरूले रजकको हत्या भएको दाबी गरेका छन् भने प्रहरीमा जाहेरीसमेत दिएका छन् । उनीहरूले तत्काल राहत र क्षतिपूर्तिसँगै घटनाका विषयमा गहन अनुसन्धान गरी हत्यामा संलग्नलाई कारबाही र कार्यस्थलमा आगजनी गरी मारिएका पत्रकार सुरेश रजकलाई शहीद घोषणा गर्न माग गरेका छन् ।

घटनापछि पीडित परिवारसँग प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङसहित सत्ता पक्ष र विपक्षका शीर्ष नेताहरू समेतले भेट गरी न्याय, राहत तथा क्षतिपूर्ति र परिवारका मागहरूका विषयमा आवश्यक पहल गर्ने आश्वासन दिएका छन् ।

मन्त्रिपरिषद्को २०८२ बैशाख ८ गते बसेको बैठकले पत्रकार रजकको परिवारलाई तत्काल क्षतिपूर्तिस्वरुप १० लाख रुपैयाँ दिने निर्णय गरेको छ । तर यो प्रतिवेदन सार्वजनिक हुँदासम्म परिवारले राहत रकम पाएका छैनन् ।

## ८. पत्रकार सुरक्षा र पछिल्लो अवस्था

प्रेस स्वतन्त्रता पत्रकार वा मिडिया क्षेत्रको मात्र मुद्दा होइन । नागरिकहरुको सुसूचित हुन पाउने संवैधानिक हकलाई सुनिश्चित गर्नका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्य छ । नेपालको संविधान

२०७२ को प्रस्तावनामै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरिए पनि व्यवहारमा त्यसअनुरुपको वातावरण बन्न सकेको छैन ।

अहिले पनि कानुनहरु निर्माणको चरण निरन्तर छ । तर तीन वटै तहमा निर्माणाधीन प्रेससँग सम्बन्धित कानुनमा प्रेस स्वतन्त्रता प्रतिकूलका अभ्यासहरू भइरहेकै छन् । त्यसको ताजा उदाहरणकोरुपमा सामाजिक सञ्जालसम्बन्धी विधेयकलाई लिन सकिन्छ ।

कोही पनि पत्रकारले त्रासको वातावरणमा काम गर्न सक्दैन । जबसम्म पत्रकारले ढुक्कका साथ काम गर्न पाउने वातावरण बन्दैन, तबसम्म न त व्यावसायिक पत्रकारिताको विकास सम्भव छ, न त खुला समाजकै । त्यसकारण स्वतन्त्र र व्यावसायिक पत्रकारिताको विकास, विस्तार र प्रवर्द्धनका लागि पत्रकार र सञ्चार गृहको सुरक्षाको प्रत्याभूति हुनु आवश्यक छ ।

सञ्चार प्रविधिको नवीनतम् विकाससँगै प्रेस स्वतन्त्रताविरुद्ध अहिले देखिएका समस्याहरूलाई सम्बोधन गर्न एकातिर सरकारसँग कानुनी अभाव छ भने अर्कोतिर पत्रकारको भौतिक तथा सामाजिक सुरक्षाका लागि ठोस् पहलकदमी लिएको पाइदैन । संविधानबमोजिम प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितताका लागि सरकारले आवश्यक नीति, कानुन र कार्यक्रमहरू बनाएको छैन।

पत्रकारको भौतिक, पेशागत तथा सामाजिक सुरक्षाको सुनिश्चितता भए मात्र व्यावसायिक पत्रकारिता सम्भव हुन्छ । विपद् होस् वा दुर्घटना वा कुनै आतंकवाद र भीडको रिपोर्टिङको बेलामै किन नहोस्, पत्रकारहरूको भौतिक सुरक्षाका लागि कुनै प्रबन्ध गरिएको छैन । यसका लागि न सरकारले नीतिगत व्यवस्था गरेको छ, न त मिडिया सञ्चालकहरूले नै त्यसमा लगानी छन् ।

यतिसम्म कि सामान्य दुर्घटना बीमा समेत नभएको अवस्थामा पत्रकारहरूले फिल्डमा खटिएर काम गर्न बाध्य छन् । मिडिया सञ्चालकहरू क्यामेरा लगायत उपकरणको बीमा गर्ने, तर पत्रकारको बीमा नगर्ने प्रवृत्ति देखिन्छ । पत्रकारको क्यामेरा फुटे बिमाबाट पैसा आउने, तर रिपोर्टरको टाउको फुटे आफैं जिम्मेवार हुनुपर्ने विडम्बनाले व्यावसायिक पत्रकारिता गर्न हौस्याउँदैन ।

पेशागत तथा सामाजिक सुरक्षाको पाटो पनि उस्तै छ । अहिले पनि पत्रकारिता क्षेत्रमा तलब न्यून छ । सरकारले तोकेको न्यूनतम पारिश्रमिक समयानुकूल छैन, त्यही पनि धेरै सञ्चार गृहहरूले लागू गरेका छैनन् । अझै पनि धेरै पत्रकारहरू विना नियुक्तिपत्र काम गरिरहेका छन् । नियुक्ति पत्र नपाउने, अन्य

सेवा सुविधा र समयमा तलब नपाउनेमात्रै होइन, तलब नै नपाउने र जागिरबाट खाली हात बर्खास्ती बेहोर्नुपर्ने जस्ता कारुणिक अवस्था पत्रकारहरूले भोगिरहेका छन् ।

नेपाल पत्रकार महासंघले २०५६ सालदेखि निरन्तर प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरूको अनुगमन गर्दै आएको छ । तथ्यांकअनुसार २०८१ सालमा मात्रै कैलालीका पत्रकार सुरेश भुल र काठमाडौंका पत्रकार सुरेश रजकको हत्या भएको छ भने योसँगै नेपालमा हत्या भएका पत्रकारको संख्या ३८ पुगेको देखिन्छ ।

महासंघको तथ्यांकअनुसार सन् २०२४ मे ४ देखि २०२५ अप्रिल ३० (२०८१ वैशाख २२ देखि २०८२ वैशाख १७) सम्मको अवधिमा प्रेस स्वतन्त्रता हनन्का ७३ वटा घटना रेकर्ड भएका छन् । गत वर्ष यस्तै एक वर्षको अवधिमा ६२ वटामात्रै घटना अभिलेख भएका थिए । यी ७३ घटनामा १५१ जना पत्रकार तथा सञ्चारकर्मी र ५ वटा सञ्चार संस्था पीडित भएका छन् ।

लोकतान्त्रिक राजनीतिक व्यवस्थामा समेत समाचार लेखेकै विषयमा प्रतिसोध राखेर होस् वा आवेगमा आएर होस्, कोही पनि पत्रकार र सञ्चार संस्थामाथि धाकधम्की दिने, कुटपिट गर्ने, आक्रमण गर्ने र ज्यानै लिनेसम्मको अपराध हुनु स्वभाविक अवस्था भने होइन । तसर्थ पत्रकारहरूको भौतिक, पेशागत तथा सामाजिक सुरक्षाका लागि सरकारले आवश्यक कानुनी, नीतिगत र कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्न विलम्ब गर्नु हुन्न ।

....

## ९. निष्कर्ष

प्रेस स्वतन्त्रता र व्यावसायिक पत्रकारिताका लागि भयमुक्त वातावरण मुख्य सर्त हो । तर नेपाली पत्रकारिता क्षेत्र अहिले पनि सुरक्षाका दृष्टिकोणले सन्तोष गर्न सकिने अवस्थामा छैन । भौतिक आक्रमण र पेसागत असुरक्षा दुवैले पत्रकारहरुलाई त्रासमा राखेको अवस्था छ । पछिल्लो समय सञ्चार प्रविधिको तीव्र विकासले पनि पत्रकारिता क्षेत्र र पत्रकारहरूको सुरक्षामा अभूतपूर्व चुनौतीहरू थपेको छ।

एकातिर न्यु-मिडियाको प्रभावले आम नागरिकमाझ मिडियाप्रति विश्वासको खाडल गहिरिँदो छ भने अर्कोतिर लगानी अभाव, साघुरिँदो विज्ञापन बजार, दक्ष जनशक्ति र प्रविधिको अभावले सञ्चार माध्यमहरूमा पनि संकट सिर्जना भएको छ, जसको प्रत्यक्ष मारमा पत्रकारहरू पनि परेका छन् । सामाजिक सञ्जालमा लोकप्रियतावाद र 'गलत तथ्य तथा भ्रामक सूचना'को प्रसार बढ्दै गर्दा त्यसको लाभ उठाएर केही व्यक्तिहरूले आफ्ना गलत कार्यलाई भण्डाफोर गर्ने मिडियामाथि आधारहीन आक्षेप लगाउने, धाकधम्की दिने, गालीगलौज गर्ने र आक्रमण गर्ने जस्ता प्रवृत्तिसमेत मौलाएको देखिन्छ ।

विरोध प्रदर्शनका कार्यक्रमहरूमा सामान्य निहुँमा पत्रकारहरूमाथि आक्रमण गर्ने तथा आन्दोलनकारी र प्रहरीको गैरजिम्मेवारीपनाले पत्रकारको जिउ ज्यान जोखिममा परेका घटना बढ्दो क्रममा छन् । जसकारण पत्रकारहरू भौतिक, आर्थिक तथा सामाजिकरुपमा त्रासको दैनिकी बाँचिरहेका छन् ।

२०८१ चैत १५ गते काठमाडौँको तीनकुनेमा राजसंस्था ब्युँताउने भन्दै 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' ले गरेको प्रदर्शन हिंसात्मक बनेको, पत्रकार सुरेश रजकको हत्या भएको, प्रदर्शनस्थलमा पत्रकारहरूमाथि हातपात भएको तथा सञ्चार गृहको कार्यालयमा ढुंगामुढा र आगजनी भएको सन्दर्भमा अध्ययन समितिले स्थलगत अवलोकन, प्रत्यक्षदर्शीहरूसँग कुराकानी, रिपोर्टिङमा खटिएका तथा घाइते पत्रकार, पीडित, प्रहरीको घटना विवरण र सरोकारवालाहरूसँग छलफल समेत गरिसकेपछि अध्ययन समिति निम्न निष्कर्षहरूमा पुगेको छ ।

- उक्त दिनको कार्यक्रम नै प्रतिसोधपूर्ण ढंगले तय भएको, उक्त हिंसात्मक प्रदर्शनका मुख्य योजनाकार, पूर्वराजा ज्ञानेन्द्र शाहसँगको संवादपछि आन्दोलनको कमाण्डर समेत तोकिएका दुर्गा प्रसाईं रहेको तथा उनले नै प्रदर्शनस्थलमा उच्छृंखलता प्रदर्शन गरी भीडलाई उत्तेजित पारी उक्साउने कार्य गरेको ।

- प्रदर्शनस्थलमा रहेको मञ्चबाट वक्ताहरूले 'बाह्र भाइ मिडिया' लाई आक्रमण गर्नुपर्छ, जलाउनुपर्छ भन्दै भाषण गरेको, प्रदर्शनकारीको बोली र हाउभाउ तथा योजनाले सञ्चार माध्यमहरू र पत्रकारहरूलाई सुनियोजितरुपमा 'टार्गेट' बनाएर आक्रमण गर्ने पूर्वयोजना रहेको,
- उक्त योजनाअनुरुप नै कान्तिपुर टिभी र अन्नपूर्ण पोष्ट दैनिकको भवनमा ढुंगा प्रहार, तोडफोड र आगजनी भएको, हिमालयन टेलिभिजनको सवारी साधनमा तोडफोड भएको,
- प्रदर्शनकारीहरूको बोली र हाउभाउले मुलधारका मिडियाका पत्रकारहरूलाई परिचय खुलाउँदा आक्रमण हुने त्रास महसुस भएको, परिचयपत्र र मिडियाको लोगो राखिएको बुम लुकाएर काम गर्नुपरेको,
- फोटो/भिडियो खिचेको आरोपमा अनलाइनखबरका पत्रकार दिनेश गौतममाथि प्रदर्शनकारीहरूले आक्रमण गरेको,
- प्रदर्शनकै रिपोर्टिङका क्रममा दि हिमालयन टाइम्सका फोटो पत्रकार राजेश गुरुङको खुट्टामा अश्रु ग्यास लागेर घाइते भएको,
- प्रदर्शनकारीले ढुंगा प्रहार गर्दा अन्नपूर्ण पोस्टको कार्यालयमा काम गरिरहेका पत्रकार अभिषेक महर्जनको क्यामेरा र मोबाइल फुटेको,
- घटनापछि पनि सामाजिक सञ्जालमार्फत् 'बाह्र भाइ मिडिया'लाई 'आगो लगाउनुपर्छ, आक्रमण गर्नुपर्छ, ठीक्क पर्‍यो' भन्दै आक्रमण भएको,

**पत्रकार सुरेश रजकका सम्बन्धमा :**

- एभिन्यूज टेलिभिजनमा कार्यरत पत्रकार सुरेश रजकको शव आगजनी भएको भवनको तेश्रो तलामा जलेको अवस्थामा भेटिएको,
- शव पुरै जलेको, दुई वटै खुट्टा सीधा अगाडि पसारेर ढाड पिलरतर्फ अडेस लगाएको नचिनिने अवस्थामा कोठाको एउटा कुनामा फेला परेको प्रहरी मुचुल्का,
- उनको पर्स र त्यहाँ रहेको पैसा, वरपर रहेका कागजहरू समेत पुरै नजलेको अवस्थामा पाइएको,

- भुँइमा उनको हातनजिकै एक थान मोवाइल जलेको अवस्थामा भेटिएको, तर उनले प्रयोग गरिरहेको क्यामेरा र अर्को मोबाइल नभेटिएको,
- उनी करिब २ बजे उक्त भवनमा रिपोर्टिङका लागि गएको, त्यही भवनबाट २ : १४ बजेसम्म लाइभ गरेको, साढे २ बजेसम्म न्युज रुम र उनीबीच सम्पर्क रहेको, र त्यसपछि सम्पर्क टुटेको,
- साढे ३ बजेसम्म उनको फोनमा घण्टी गएको, त्यसपछि 'अफ' देखाएको, तर ५ : १५ बजेसम्म मोबाइलको लोकेसन ट्र्याक भएको, करिब ६ बजे उनको शव फेला परेको,
- शव उठाएपछि घटनास्थलमा प्रहरीले सिलबन्दी नगरेको र प्रमाणहरू संकलन नगरेको,
- पोष्टमार्टम रिपोर्टले रजकको जलेर मृत्यु भएको देखिएको,
- उनी आगलागी भइरहेको भवनमा रहेकोबारे सहकर्मीहरू, दाजु दिनेश रजकसहित पत्रकारहरूले जानकारी दिएपनि प्रहरीले उद्धारमा समन्वय नगरेको,
- धेरैपटक गुनासो गरेपछि सशस्त्र प्रहरीले केही जवानहरूलाई भवनमा पठाई त्यहाँ कोही पनि मानिस नभएको घोषणा गरेको,
- उक्त भवनमा आगजनी गर्ने प्रदर्शनकारीले नै आगो निभाउन आएको दमकललाई अवरोध गरी आउन नदिएको,
- ल फर्म रहेको कोठामा झ्यालको सीसा तोडफोड गरेर भित्र प्रवेश गरेपछि उनीहरूसँगै पत्रकारहरू प्रवेश गरेको, पत्रकार रजकले उक्त कोठामा छिर्नेबेला 'म *यहाँ बिल्डिङमै छु । म खतरा ठाउँमा छु । मलाई भाइबरमा जोडिदिनु*'' भनेर समाचार कक्षलाई भनेको,
- प्रदर्शनकारीहरूले लुटपाट र तोडफोड गरेको फुटेज खिचेपछि प्रदर्शनकारीले किन खिचेको ? भन्दै पत्रकारलाई धम्क्याएको, जवाफमा 'खिचेको छैन' भन्दै अरु पत्रकारहरू तल झरेको,
- प्रदर्शनकारी र पत्रकारहरूमाथि रहेकै बेला उक्त भवनमा प्रदर्शनकारीद्वारा आगजनी गरिएको,
- पत्रकार रजकले भिडियो खिचिरहेको कोठामा घाँटीमा राष्ट्रिय झण्डा भिरेका, हेलमेट लगाएका, अनुहारमा पट्टि बाँधेकासमेत केही प्रदर्शनकारीहरूले कोठामा रहेका फर्निचर लगायत सामानहरू तोडफोड गरेको,
- आगो बढ्दै गएपछि उक्त घरबाट मानिसहरू बाहिरिएको, तर रजक बाहिर नआएको,

यसबाहेक उक्त दिनको घटनाक्रमबारे सार्वजनिक भएका भिडियोमा पत्रकार सुरेश रजक ल फर्म भएको कोठामा प्रवेश गर्दै गरेको, त्यहाँ प्रदर्शनकारीहरूको तोडफोडकै बीच फुटेज खिचिरहेको, र त्यहीबाट भाइबरमार्फत् पठाउँदै गरेको दृश्यहरू देखिन्छन् ।

यसरी मुलतः सबै जना त्यहाँबाट फर्किसक्दा पनि पत्रकार सुरेश रजक किन फर्किन पाएनन् ? भन्ने प्रश्न उब्जिन्छ । उक्त कोठाभित्रबाट झ्याल करिब ३/४ फिटमात्र अग्लो छ । जबकि त्यही झ्यालबाट उक्लिएर त्यहाँ गएका सबै फर्किंदा पत्रकार रजक किन फर्किन सकेनन् ?

रजकमात्रै त्यहाँ रहेको भिडियो कुन समयको हो ? त्यहाँको दृश्य खिच्नेहरू को-को थिए ? अन्तिम अवस्थासम्म त्यहाँ को-को थिए ? आगो लागेपछि सबै भाग्दा उनी किन भागेनन् ? सबै फर्किएर बाहिर निस्किँदा रजक मात्रै किन निस्किन सकेनन् ? यी प्रश्नहरूको जवाफ खोजी गर्नुपर्ने देखिन्छ ।

अर्कोतिर उनले प्रयोग गरिरहेको क्यामेराको अवशेष किन भेटिएन ? उनका दुई वटा मोबाइलमध्ये एउटा मोबाइल सबै जल्यो कि कसैले लग्यो ? कतै प्रदर्शनकारीहरूले आफूहरू देखिने गरी भिडियो खिचिरहेको देखेपछि क्यामेरा पर्सन रजकमाथि सांघातिक आक्रमण त गरेनन् ? कतै प्रदर्शनकारीले उनको क्यामेरा र मोबाइल खोसेर आक्रमण गरी बेहोस् बनाएकै कारण त उनी त्यहाँबाट भाग्न नपाएका होइनन् ? यस्ता शंकास्पद प्रश्नहरू उब्जिएका छन् ।

यी तथ्यहरू केलाउँदा प्रदर्शनकारीहरूको आक्रोस र राज्यको लापरबाहीका बीच उक्त भवनमा प्रदर्शनकारीले आगजनी गरेर पत्रकार सुरेश रजकको हत्या भएको देखिन्छ । उनको शवको प्रकृति, क्यामेरा र मोबाइल नभेटिएको तथा त्यहाँ प्रदर्शनकारीहरूले पत्रकारलाई दिएको धाकधम्की तथा उनीहरूको शंकास्पद गतिविधि, त्यहाँबाट उनीमात्रै फर्किन नसकेकोसमेतलाई आधार मान्दा त्यहाँ लुटपाट र तोडफोड गरिरहेको भिडियो खिचेको आवेगमा प्रदर्शनकारीहरूले आक्रमण गरी उनलाई भाग्न नसक्ने गरी घाइते बनाएका कारण बाहिर आउन नसक्दा जलेर ज्यान गएको हुन सक्ने आशंका उब्जिएको कारण समेतले उनको हत्या रहस्यमय छ ।

कार्यस्थलमा खटिएको पत्रकार न राज्य पक्षको हो, न प्रदर्शनकारी । कुनै पनि गतिविधिको सत्यतथ्य उजागर गर्नु पत्रकारिताको आधारभूत कर्म नै हो । पत्रकार रजक त्यसदिन त्यहाँ आफ्नो जिम्मेवारी नै निभाइरहेका थिए । उनी कार्यस्थलमा खटिएकै बेला प्रदर्शनकारीहरूले आगजनी गरेका कारण उनको

मृत्यु भएको देखिँदा नेपाल पत्रकार महासंघले प्रारम्भिकरुपमै पत्रकार रजकको हत्या भएको भनेको, र अध्ययनका क्रममा प्राप्त विवरणहरूले समेत राजसंस्थाको पक्षमा हिंसात्मक प्रदर्शनमा उत्रिएको समूहले नै उनको हत्या गरेको देखिन्छ ।

कार्यस्थलमा खटिएका पत्रकारको सुरक्षा गर्नु राज्यकै प्रमुख दायित्व हो । आगजनी भएको भवनमा पत्रकार थुनिएको विषयमा पटक-पटक जानकारी दिँदा समेत प्रहरीले तत्काल उद्धार र आगलागी नियन्त्रणमा उच्च सक्रियता नदेखाउनुले पनि रजकको हत्यामा सहयोगी भूमिका खेलेको देखिन्छ ।

कार्यस्थलमा काम गर्दा गर्दै एउटा पत्रकारको ज्यान जानु अन्तर्राष्ट्रियरुपमा राज्यकालागि नै लज्जाको विषय पनि हो । यो एउटा पत्रकारको हत्या वा प्रेस स्वतन्त्रतामाथिको आक्रमणमात्रै होइन, एउटा पत्रकारको कर्मबाट पाउने हजारौँ नागरिकले पाउने सूचनाको अधिकारको पनि हत्या हो ।

## १०. सुझावहरू

### १०.१ सरकारका लागि

- पत्रकार सुरेश रजकको रहस्यमय हत्याका सम्बन्धमा स्वतन्त्र छानविन गरी सत्यतथ्य पत्ता लगाई दोषीलाई कारबाहीको दायरामा ल्याउन उच्चस्तरीय छानविन समिति गठन गर्न विलम्ब गर्न नहुने ।
- पत्रकार रजक आन्दोलनकारी होइनन्, कार्यस्थलमा खटिएका श्रमजीवी पत्रकार हुन् । काम गर्दा गर्दै उनको ज्यान गुमेको छ । त्यसकारण सरकारले पत्रकार रजकलाई आन्दोलनकारीलाई भन्दा फरक व्यवहार गर्नुपर्छ । रजकलाई शहीद घोषणा गरी सम्मानजनक राहत र उनको परिवारिक सुरक्षाको जिम्मेवारी लिनुपर्ने ।
- तीनकुनेमा प्रदर्शनका क्रममा भएको तोडफोडबाट क्षति व्यहोरेका सञ्चार गृहलाई उचित क्षतिपूर्ति दिनुपर्ने, भयमुक्त वातावरणमा काम गर्न पाउने गरी सञ्चार गृहको सुरक्षा सुनिश्चितता गर्नुपर्ने ।
- प्रेस स्वतन्त्रता उल्लंघनका बढ्दो घटनाक्रम, सञ्चार क्षेत्रमा देखिएका नवीनतम् चुनौतीहरूको समाधान र व्यवस्थापनका लागि आवश्यक नीतिगत तथा कानुनी सुधारका लागि वरिष्ठ पत्रकार र विज्ञहरूसहितको सुझाव समिति गठन गर्नुपर्ने ।

- पत्रकारहरूको भौतिक, पेशागत तथा सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाहरू लागू भए/नभएको अनुगमन गरी त्यसको सुनिश्चितता गर्नुपर्ने, लागू नगर्ने सञ्चार गृहविरुद्ध कडा कदम चाल्नुपर्ने ।
- प्रेस स्वतन्त्रतासम्बन्धी घटनाहरूको उपचारका लागि अलग्गै कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने । साथै, प्रेससम्बन्धी कानून निर्माण गर्दा पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी संवैधानिक व्यवस्थालाई ध्यानमा राखेर प्रेसमैत्री कानून निर्माण गर्नुपर्ने ।
- हाल संसद्मा छलफलमा रहेका सामाजिक सञ्जाल र मिडिया काउन्सिल लगायत विधेयकहरू महासंघसहित सरोकारवालाको सुझावबमोजिम अगाडि बढाउनुपर्ने ।
- पत्रकारको भौतिक सुरक्षासम्बन्धी नीति तर्जुमा गरी लागू गर्नुपर्ने ।
- श्रमजीवी पत्रकार ऐनमा समयानुकल संशोधन, पत्रकारहरूको न्यूनतम पारिश्रमिक वृद्धि तथा ऐन कार्यान्वयनको अवस्थाबारे अनुगमन गरी कडाईका साथ लागू गर्नुपर्ने ।
- हाल सरकारले पत्रकारहरूको दुर्घटना बीमा गर्दै आएकोमा उक्त व्यवस्था पर्याप्त र प्रभावकारी नभएकाले यसको सट्टा सञ्चार गृहले पत्रकारहरूलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध गराउने कानूनी व्यवस्था गर्नुपर्ने ।
- आन्दोलन, धर्ना, विरोधका कार्यक्रम तथा कुनै पनि घटनामा राज्यका तर्फबाट नियन्त्रण गर्दा प्रहरीले पत्रकारको सुरक्षाप्रति संवेदनशील भई सतर्कता अपनाउनुपर्ने ।

## १०.२ एभिन्युज टेलिभिजनका लागि :

- पत्रकार सुरेश रजकका लागि हाल घोषणा भएको बीमा रकम यथासक्य चाँडो उपलब्ध गराउनुपर्ने ।
- रजकले ७ वर्षसम्म काम गरेको अवधिको सामाजिक सुरक्षासहित ऐनबमोजिमको सम्पूर्ण सेवा सुविधा उपलब्ध गराउनुपर्ने ।
- पत्रकारहरूलाई नियमित तलब, नियुक्ति पत्र र दुर्घटना बीमा गरेको सुनिश्चितता गर्नुपर्ने ।

### १०.३ सञ्चार गृहहरूका लागि :

- पत्रकारहरूलाई अनिवार्यरुपमा सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्ने ।
- पत्रकारिताका आधारभूत सिद्धान्त र मर्महरूलाई ख्यालमा राख्दै समाचार संकलन र प्रकाशन गर्दा पत्रकार आचारसंहिताको पूर्ण पालनासहितको व्यावसायिक पत्रकारितालाई प्रवर्द्धन गर्नुपर्ने ।
- सञ्चार गृहहरूले पत्रकारहरूलाई भौतिक सुरक्षासम्बन्धी तालिम दिएर मात्रै फिल्डमा खटाउनुपर्ने, समाचार कक्षहरूले 'पहिले आफ्नो सुरक्षा, त्यसपछि मात्रै समाचार' भन्ने नीति तय गरी लागू गर्नुपर्ने ।
- आन्दोलन, धर्ना, विरोधका कार्यक्रम तथा कुनै पनि घटनाको रिपोर्टिङमा पत्रकार पठाउँदा सम्भावित जोखिम आंकलन गरी आवश्यक सतर्कता र सुरक्षा उपकरणसहित खटाउनुपर्ने ।
- श्रमजीवी पत्रकार ऐनबमोजिम नियुक्ति पत्र, पारिश्रमिक र सेवासुविधाको ग्यारेण्टी गर्नुपर्ने ।
- लैंगिक समानता र सामाजिक समावेशीकरण नीति तय गरी लागू गर्नुपर्ने ।

### १०.४ नेपाल पत्रकार महासंघका लागि :

- पत्रकार सुरेश रजकको हत्यामा जोडिएका शंकास्पद व्यक्तिहरूलाई विपक्षी बनाई ज्यानसम्बन्धी कसुरमा महासंघले किटानी जाहेरी दिनुपर्ने ।
- पत्रकारको भौतिक, पेशागत तथा सामाजिक सुरक्षाको ग्यारेन्टी गर्न निरन्तर पहलकदमी र दबाब दिनुपर्ने ।
- पत्रकारहरूका लागि भौतिक सुरक्षासम्बन्धी तालिमको म्यानुअल तयार गरी देशभरि तालिम अभियान सञ्चालन गर्नुपर्ने ।
- पत्रकारहरूलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध गराउन संवाद तथा दबाब अभियान सञ्चालन गर्नुपर्ने ।
- प्रेस स्वतन्त्रता उल्लंघनका बढ्दो घटनाक्रम, सञ्चार क्षेत्रमा देखिएका नवीनतम् चुनौतीहरूको समाधान र व्यवस्थापनका लागि आवश्यक नीतिगत तथा कानुनी सुधारमा जोड दिनुपर्ने ।

# अनुसूची

## स्थानीय प्रत्यक्षदर्शी, प्रहरी र पत्रकारहरूको भनाइ

१. **आगजनी भएको ल फर्मका सञ्चालक राजकुमार सुवाल** : आगलागी हुँदा म भक्तपुरमा थिएँ । सुन्नेबित्तिकै दौडिएर आएँ । महत्वपूर्ण कागजपत्र केही निकाल्न सकिन्छ कि भनेर हेर्दा जलेर सबै सकिएको थियो । मेरो सबै सर्टिफिकेटहरू, पुस्तकहरू, कागजातहरू, के-के भन्ने ? खासमा मेरो २५ वर्षे वकालत जीवनको सबै कुरा जलेर खरानी भयो । त्यो दिन यहाँ जे भयो, त्यो राजनीतिको खोल ओढेर गरिएको अपराध हो । यस्तो कार्य गर्नेहरूलाई कानुनको दायरामा नल्याउने हो भने फेरि पनि यस्ता कार्यहरू भइरहन्छन् । जहाँसम्म पत्रकार सुरेश रजकजीको कुरा छ, त्यसमा मेरो पहिलो कुरा त, एउटा पत्रकार भएको हिसाबले मेरो ल फर्ममा अपराध गर्नेहरू जसरी तोडफोड गरेर पसे, उहाँ पनि त्यसैगरी यहाँ आउनुभएको देखिन्छ । त्यसो गर्नु हुन्थ्यो कि हुँदैन थियो ? यो मेरो तपाईहरूका लागि पनि प्रश्न हो । उहाँको मृत्युको सन्दर्भमा केलाएर हेर्ने हो भने त्यो पनि निकै शंकास्पद देखिन्छ । उहाँ त्यतिका मान्छेहरू निस्किएर जाउन्जेल किन निस्किनुभएन ? भनेर म अचम्ममा पर्छु । कतै आन्दोलनकारीहरूले सुनियोजित रुपमै उहाँमाथि आक्रमण पो गरे कि भन्ने पनि देखिन्छ । यो कोठा (आफ्नो ल फर्म रहेको कोठामा देखाउँदै) को त्यो झ्यालबाट उहाँहरू आइसकेपछि फर्किनका लागि केही समस्या छैन । त्यो उमेरको मान्छे यहाँबाट सजिलै भाग्न सक्ने अवस्था छ । यहाँनेर (शव भेटिएको ठाउँ देखाउँदै) उहाँको शव भेटिएको छ, त्यो हिसाबले हेर्दा उहाँमाथि सांघातिक हमला भएको हो कि भन्ने लाग्छ । किनभने आगो लागेपछि सबैभन्दा पहिले त मान्छेले भाग्न खोज्छ, तर उहाँले भाग्न खोजेको जस्तो देखिदैन । उहाँको एउटा मोबाइलमात्रै भेटिएको छ, तर क्यामेरा र अर्को मोबाइल भेटिएको छैन । त्यसले पनि उहाँमाथि सांघातिक हमला र लुटपाट समेत भएको आशंका गर्ने ठाउँहरू देखिन्छ ।

२. **शवको मुचुल्का गर्न खटिएका प्रहरीको भनाइ** : हामीले भेट्दा उहाँको शव पुरै जलेको अवस्थामा थियो । शव दुई वटै खुट्टा सिधा अगाडी पसारेर ढाड पिलरतर्फ अडेस लगाएको अवस्थामा भेटिएको थियो । अगाडिपट्टि मोबाइलको कंकाल जस्तो मात्र थियो । जुन पुरै जलिसकेको थियो । उहाँको अर्को मोबाइल र क्यामेरा चाँहि भेटाएनौं । हाम्रो टोलीले शव निकालेर राति करिब ९ बजेतिर टिचिङ अस्पताल पुऱ्याएको हो ।

३. **एभिन्युज टेलिभिजनका समाचार प्रमुख केदार कोइराला** : चैत १५ गते शुक्रबार तीनकुने क्षेत्रमा सुरेश रजकसहित चार जना साथीहरूलाई खटाइएको थियो । मैले नै उहाँहरूलाई खटाएको हुँ । त्यो नियमित समाचार संकलन हो, यस्तो नै हुनुपर्छ, गर्नुपर्छ भन्ने कुनै दबाब थिएन । त्यही पनि हाम्रो सबै साथीहरूले सकेसम्म राम्रो गर्नुपर्छ भनेर इफोर्ट लगाइरहनुभएकै हुन्छ । सुरेशले लाइभ गरिरहेका थिए । राम्रो भइरहेको थियो । म आफै एमसीआरमा थिएँ । करिब साढे २ बजेपछि चाँहि उनीसँगको सम्पर्क भएन । त्यसपछि मैले त्यहाँ हुने साथीहरूलाई सोधेँ । पछि उनी आगलागी भएको भवनमा फसेको थाहा पाएपछि तुरुन्तै हामी त्यहाँ पुग्यौं । माथि आगो लागिरहेको थियो, हामीले दमकलका लागि अनुरोध गऱ्यौं । आफै जान सक्ने अवस्था थिएन । प्रहरीलाई सोध्दा मानवीय क्षति छैन, कोही छैन भन्यो । त्यसपछि हामीले अस्पतालहरूमा खोज्यौं । तर सुरेश भेटिएनन् । हामी फेरि तीनकुने नै पुग्यौं । पछि दमकलले आगो निभाइरहेको थियो । तेस्रो तलामा लास भेटियो भनेर हल्ला भयो, गएर हेर्दा चिनिने अवस्था थिएन । हामीले एउटा साहसी र कर्मठ सहकर्मी गुमायौं ।

४. **एभिन्युज टेलिभिजनका मानव संशाधन विभागका प्रमुख सुशील फुयाँल** : हामीले ऊ त्यो भवनमा छ भन्ने थाहा पाउनेबित्तिकै उद्धारका लागि पहल गऱ्यौं । म आफै त्यहाँ पुगेँ । तर हामीले गुहार मागेको कसैले सुनेन । सुरेश त्यो भवनमा दिउँसो करिब २ बजे छिरेको थियो, एमसीआरको रेकर्ड हेर्दा रिब २ : १४ सम्म उसले त्यहाँको दृश्य खिचेको थियो । सुरुमा एकपटक आगो लागेर पनि निभाइएको थियो । तर साढे २ बजे फेरि त्यहाँ आगो लाग्यो । त्यसपछि उनी सम्पर्कविहीन भयो । हामीले फोन गर्दा फोन लाग्यो, तर उठेन । पटक पटक गुहार गर्दा

प्रहरी र सशस्त्र प्रहरीले माथि कोही छैन, कुनै मानवीय क्षति छैन भनेर दाबी गरे । त्यसमाथि हामी उनी घाइते भएर कतै अस्पताल लगिएको छ कि भनेर त्यसतर्फ गयौँ । म आफै केएमसी, भरोसा, सिभिललगायत अस्पताल पुगेँ । तर भेटिएन । हामीले प्रहरीसँग समन्वय गरेर लोकेसन ट्रयाक गऱ्यौँ, पछि ५ : १५ बजेसम्म पनि उनी त्यही आगलागी भएको लोकेसनमा देखियो । हामीसँग रुने, कराउनेबाहेक कुनै उपाय थिएन । प्रदर्शनकारीले आगो लगाए, उनीहरूले दमकल आउन दिएनन्, प्रहरीलाई गुहार माग्दा पनि उद्धार भएन । मान्छे आगोमा जलेर मर्दा शरीर यताउता छटपटी हुनुपर्ने हो । त्यसो गर्दा ऊ घोप्टो पर्नुपर्ने हो । तर त्यस्तो भएको देखिदएन । उसलाई कोही भिजिलान्तेले आक्रमण गरेर मारेको हुन सक्छ । त्यहाँ आवागमन भएको भिडियोहरू हेर्दा पनि त्यो शंकास्पद छ । यसको छानबिन हुनुपर्छ ।

**५. कान्तिपुर टिभीका पत्रकार रुपेश श्रेष्ठ :** राजावादीको प्रदर्शनले सवारीसाधन नचल्ने पूर्वअनुमान गरेर बिहान ९ बजे नै तीनकुनेस्थित कान्तिपुर टेलिभिजनमा पुगेको थिएँ। बाटामा प्रहरी र सुरक्षाकर्मी चोक-चोकमा बस्ने अनि सुरक्षा दिने गरेको देखिएको थियो। सार्वजनिक यातायात कम चलेका थिए। बिहानको अवस्था सामान्य नै थियो। बिस्तारै तीनकुने क्षेत्रमा अलि-अलि मान्छे भेला हुँदै गए। कान्तिपुर टेलिभिजनका लागि हामीले साढे १० बजे दुई ठाउँ (तीनकुने र माइतीघर चोक) बाट लाइभ गर्ने योजना बनाएका थियौं। हाम्रा सहकर्मीले माइतीघर चोक र भृकुटीमण्डपमा मानिसहरू फाट्टफुट्ट भेला हुँदै गरेको जनाएका थिए। साढे १० बजेतिर माइतीघरतर्फ ठाउँ-ठाउँबाट स-सानो ऱ्याली भेला हुँदै छ भन्ने जानकारी आयो। माइतीघरमा त्यति धेरै भीडभाड छैन भन्ने थियो। साढे १० बजेसम्म तीनकुनेमा भने मानिसहरू करिब-करिब थिएनन् भन्दा पनि हुन्छ। ५०/१०० जना फाट्टफुट्ट ठूलो चौरमा भेला हुँदै गरेजस्तो देखिने तर यहाँ सभा हुन्छ भन्ने खालको उपस्थिति थिएन। बिस्तारै १२ बजेपछि मानिसको हिँडडुल बढ्न थाल्यो। झन्डा बोकेका मानिस बढ्दै गरेको हामीले आभास गऱ्यौं। कान्तिपुर टेलिभिजनकै अगाडि साढे १२ बजेपछि नाराबाजी सुरु भयो। तीनकुने र कोटेश्वरबाट जुलुस आएको थियो। चाबहिलतिरबाट मोटरसाइकल ऱ्याली आएको थियो। उनीहरू बानेश्वरतिर फर्केर नाराबाजी गरेको देखिन्थ्यो। सुरक्षाकर्मी बार लगाएर बसेका थिए। साढे १२ आसपाससम्म त्यो चली नै रहेको थियो। सवा एक बजे आसपास एउटा सेतो गाडी आयो। झ्यालबाट टाउको निकालेका दुई जना मान्छे गाडीमा देखिए। अरू गाडी गुडिरहेका थिएनन्। एउटा गाडी हुलमुल भएको ठाउँ अर्थात् तीनकुनेबाट हुइँकिएर सुरक्षाकर्मीको बार बसेको ठाउँमा एकैछिन रोकियो। एकछिन वादविवाद गरेर पेल्दै-पेल्दै गयो। गइसकेपछि थाहा भयो कि त्यो गाडी दुर्गा प्रसाईंको रहेछ। त्यसपछि धकेलाधकेल सुरु भयो। त्यसभन्दा अगाडि सभा र सम्बोधन केही भएको थिएन। मात्र मान्छेको भीडभाड भइरहेको थियो। 'दुर्गा प्रसाईं आउँदै छन्' भन्ने सुनियो। प्रसाईं आइसकेपछि सभा सुरु हुने भन्ने अनुमान थियो। तर प्रसाईं सभा स्थलतर्फ गएनन्, सुरक्षाकर्मीलाई पेल्दै-पेल्दै अगाडि गए। उनी पास भएर कहाँ गएँ? हराए। नाराबाजी गरिरहेकाहरू बानेश्वरतिर अगाडि बढ्न खोजे। सुरक्षाकर्मीले पेल्न थाल्दा १/२ जनाले ढुंगा हान्न थाले। प्रहरीले लखेट्न थाल्यो, झन् बढी ढुंगा बर्सन थाल्यो। लगत्तै प्रहरीले अश्रुग्यास हान्न थाल्यो। तीनकुनेको एउटा बिल्डिङमा आगो नै सल्कियो, अश्रुग्यास हान्न थालेको आधा घण्टापछि हो। प्रदर्शनकारीले जताततै टायर बालेका थिए। ट्राफिक आइल्यान्ड ढालेर त्यहाँ टायर बालेका थिए। तीनकुनेको अर्कोपट्टि गौशाला जानेतिर पनि आगो बालेका थिए। सबैतिर ढुंगामुढापछि प्रदर्शनकारी कान्तिपुर टेलिभिजनतर्फ लागे। कान्तिपुर टेलिभिजनको कार्यालय मुख्य सडकबाट थोरै भित्र छ। भाग्ने क्रममा प्रदर्शनकारीहरू गल्लीतर्फ छिरे। दुईवटा ठूला बाटा र त्यहाँबाट फेरि स-साना गल्ली छन्। दायाँ-बायाँ भाग्न मिल्ने अरू गल्ली छन्। जब-जब पुलिसले बल प्रयोग गर्छ अनि गल्लीमा पसे। कान्तिपुरको अगाडि एउटा जत्था आयो र ढुंगा वर्षाउन थाले। समाचार कक्षमा काम गरिरहेका पत्रकार साथीहरूको टेबलमै ढुंगा आयो। समाचार कक्षमा त्रास मच्चियो। सबै साथीहरू ढुंगा नआउने स्थानतर्फ लुकेर बसे। पछि समाचारमा आएअनुसार अन्नपूर्ण पोस्ट दैनिकमा पनि तोडफोड गरेछन्, आगो नै लगाएछन्। कान्तिपुर र अन्नपूर्णमा एकै समयमा आक्रमण भएको रहेछ। केही बेरमा मात्रै प्रहरीको

बाक्लो उपस्थिति रह्यो। प्रहरीले प्रदर्शनकारीलाई तितरबितर पार्‍यो। कोटेश्वरसम्म लखेट्यो। तर प्रदर्शनकारी भित्रभित्रै जाँदा उनीहरूले नयाँ-नयाँ भवनमा आक्रमण गर्ने र गाडी जलाउने काम गरे। पार्टी कार्यालयदेखि भाटभटेनी सुपरमार्केटसम्म आक्रमण गरे। लुटपाट गरे। म समाचार कक्षमा बसेर फिल्डमा रहेका साथीहरूसँग कुराकानी गरिरहेको थिएँ, आफै पनि लाइभ गर्न सडकमा निस्किएको थिएँ। शुक्रबारको दिनभरको घटनाक्रम नियाल्दा राजावादीहरूको सभा गर्ने कुनै योजना नै थिएन। किनभने, यो सभामा कसले के बोल्ने भन्ने कुनै तयारी नै थियो जस्तो मलाई लाग्दैन। नवराज सुवेदीको संयोजकत्वमा एउटा समिति बनेको छ। त्यो समितिले शुक्रबारको सभाका लागि दुर्गा प्रसाईंलाई बिहीबार मात्रै नेतृत्व हस्तान्तरण गरेको थियो। शुक्रबार अर्थात् चैत १५ को सभा दुर्गा प्रसाईंले आफैले घोषणा गरे थिए। नवराज सुवेदीले घोषणा गर्नुभन्दा पहिला नै उनले गरेका हुन्। दुर्गा प्रसाईंले जुन हर्कत देखाए, उनी सभाका लागि आएका होइनन् भन्ने देखिन्छ। यहाँ जो प्रदर्शनकारी सडकमा देखिए ती प्रदर्शनकारी सभामा सुन्नका लागि तयार भएको देखिँदैन्थ्यो। सभा स्थलमा एकदमै थोरै मान्छे थिए। सबै सडकमा अराजक ढंगले प्रस्तुत भइरहेका थिए। उनीहरू सुरक्षाकर्मीलाई उक्साउने, उद्वेलित गर्ने व्यवहारमा देखें। नभन्दै घटनाले उग्ररूप लियो। एक जना पत्रकारले ज्यान गुमाए, अर्को एक मजदुरले पनि ज्यान गुमाए। धेरै धनजनको क्षति भयो। यो दुःखद् भयो। (कान्तिपुर दैनिकबाट)

**६. अनलाइनखबरका पत्रकार दिनेश गौतम** : तीनकुनेमा राजावादीको समाचार संकलन गर्न अनलाइन खबरबाट शुक्रबार बिहान खटिएको थिएँ। शिक्षा बिटमा लेख्ने भएकाले मलाई न्युज रुमले प्रदर्शनमा सहभागी जेनजी पुस्ताबारे फलो गर्ने 'असाइन्मेन्ट' दिएको थियो। दिउसो २ बजेतिर प्रदर्शनको माहोल बिग्रियो। आगलागी भएको घरभन्दा दुई घर पर च्यापमा केही प्रहरी थिए। राजावादी प्रहरीमाथि जाइलाग्न थाले। म उनीहरूलाई पछ्याउँदै त्यतै गएँ। एक युवाले प्रहरीको बन्दुक खोसे। मैले २/३ वटा फोटो खिच्न भ्याएँ। ६ सेकेन्डको भिडियो पनि खिचें। प्रहरीको बन्दुक खोसेका ती युवा र अन्यले मैले पछ्याएको देखेर 'तँ सीआईडी हो?' भन्दै दुर्व्यवहार गरे। मोबाइलबाट भिडियो खिच्दै थिएँ, उनीहरूले मलाई धकेले। म लड्न पुगें र खुट्टामा चोट लाग्यो। फिल्डमा जान बिहान अफिसको मिटिङपछि स्कुटी लिएर गएको थिएँ। स्कुटी तीनकुने चौकी नजिकै राखेको थिएँ। तीनकुने चौरबाट फर्केर बागमती पुलतिर आउन सक्ने अवस्था थिएन। त्यसबेला उक्त क्षेत्रमा अश्रुग्यास, ढुंगामुढा प्रहार हुन थालिसकेको थियो। तीनकुनेको निजी घरमा आगजानी सुरु भइसकेको थियो। कोटेश्वरतर्फ जाने सडक हुँदै पेरिसडाँडातर्फबाट बागमती नदीतिर बढें। त्यहाँ पनि आन्दोलनकारीले गाडीमा आगो लगाएको देखियो। त्यहाँबाट घुमेर बागमती नदी हुँदै स्कुटी राखेको स्थलमा पुगें। स्कुटी चढेर बुद्धनगरमा रहेको अनलाइन खबरको अफिस आएँ। जब जुत्तामोजा खोलेर हेरें, दायाँ खुट्टा सुन्निएको देखियो। लेखामा कार्यरत दुई सहकर्मीले मलाई बानेश्वरको एभरेस्ट अस्पतालमा पुर्‍याए। एक्सरे र सिटी स्क्यान गर्दा हड्डी भाँचिएको रहेछ। (कान्तिपुर दैनिकबाट)

**७. नेपाल पत्रकार महासंघ एभिन्युज शाखाकी अध्यक्ष सुस्मिता बानियाँ** : सुरेश एभिन्युजका पुराना र अनुभवी क्यामेराम्यान हुन् । कसैलाई नबिझाउने स्वभाव थियो उनको । उनी साहसी र आँटिलो स्वभावका थिए । यसअघि एमसीसीविरुद्धको आन्दोलनमा पनि उनी रिपोर्टिङमा गएकै बेला ढुंगाले लागेर घाइते भएका थिए । त्यसबेला उनलाई साहसिक पत्रकारिता पुरस्कारसमेत प्रदान गरिएको थियो । हामीले एक कर्मठ साथी गुमायौं । उनलाई कार्य क्षेत्रमा काम गर्दा गर्दै मारिएको छ । उसले न्याय पाउनुपर्छ ।

**८. सुरेशका दाजु दिनेश रजक** : म आफैं पनि सञ्चारकर्मी हुँ । भाइलाई मलेसियाबाट फर्केपछि मैले नै मिडिया क्षेत्रमा काम लगाएको हो । त्यो दिन सुरेश बिहान ६ बजेतिर घरबाट निस्केको थियो । त्यही दिन हाम्रो घरमा भोज थियो, आफन्तहरूलाई उता नै डाकेका थियौं । यो पटक सुरेशले नै सबैलाई डाकेर भोजको तयारी गरेको थियो । उसले बिहान निस्किँदा दाई तँ चाँडो आइज, म पनि आन्दोलन खिचेर 'पाँ चाले'को जात्रा अलिकति खिचेर चाँडै घर आउँछु । सबै जना आउँदा हामी भएन भने रमाइलो हुन्न भनेको थियो । घटना भएको अघिल्लो दिन

अगाडी नै १५ गतेको आन्दोलनको बारेमा हाम्रो कुरा भएको थियो । दुर्गा प्रसाईंको भनेपछि अलिकति भड्किलो हुनसक्छ भन्ने हामीलाई राम्रोसँग अनुमान थियो ।

चैत्र १५ गते भाइ र म बिहानैबाट रिपोर्टिङको शिलशिलामा तीनकुने क्षेत्रमा थियौं । सुरेश सायद आन्दोलन भएको ठाउँतिर थियो, म प्रहरी भएकोतिर थिएँ । प्रदर्शनकारीहरूको भीड अनियन्त्रित थियो । उनीहरुले प्रहरीले घरमाथिबाट अश्रु ग्यास हानेको भन्दै घरघरमा चढेर पुलिस खोजिरहेका थिए । उनीहरुले वरपरका घरहरूमा पुलिस बस्या छ भन्दै घरैपिच्छे छापा मारिरहेका थिए । तर ती घरमा बस्ने मानिसहरुले भने यहाँ पुलिस छैन भन्दै रुँदै बिलौना गरिरहेका थिए ।

आगो दन्किसक्दा निकैबेरपछि पहिलो दमकल आयो, पहिलो दमकलसँगै दौडिँदै म पनि त्यहाँ पुगेँ । प्रदर्शनकारीले त्यो दमकललाई लखेटे । मैले पनि त्यही दृश्य खिचिरहेको थिएँ । तर सुरेश आगो लागिरहेको भवनमा छ भन्ने थाहा थिएन । त्यो खिच्दा खिच्दै एकजना क्यामेरा पर्सन माथि छ भनेर एभिन्युजको साथीहरूले भन्यो । मैले को रैछ भनेर सोध्दा हाम्रो भान्जा (राजेश रजक)ले मामा हो मामा भन्यो । मलाई चाहिँ विश्वास लागिरहेको थिएन । त्यहाँ भएको प्रहरीलाई एभिन्युजका साथीहरूले हाम्रो एकजना साथी माथि छ भनिरहेका थिए । आगो लागेको घरमा सुरेश छ भनेपछि मलाई पनि डर चाँहि लाग्यो । त्यसपछि हामी खोज्न थाल्यौं । आगो बेस्सरी लागिरहेको थियो, माथि जाने अवस्था थिएन । फेरि प्रहरीले हामीले हेर्दा कोही भेटाएनौं भनेपछि हामीले जानु आवश्यक ठानेनौं । जान सहज पनि थिएन । यदि प्रहरीले माथि गएर खोजी गर्दा कराएर बोलाएको भए, उसले भित्रबाट किन आवाज दिएन ? खोज्न गएका प्रहरीले त्यहाँ किन देखेनन् ? भन्ने प्रश्न छ । तर प्रहरी ढोकाको ताल्चा देखेपछि त्यहीबाट फर्केको हो कि भन्ने पनि लाग्छ ।

त्यसपछि म आफैं केही गर्न नसक्ने हालतमा पुगें । भाइ नै हो कि होइन कि भन्ने लागेर साथीसँग एकपटक हस्पिटल गएर हेरौं भनेर दुई वटा हस्पिटल पुग्यौं । अन्य ठाउँमा एभिन्यूज टिभीका साथीहरू गएको र जान नपर्ने भनेपछि तिनकुने घटनास्थलमै फर्कियौं । हाम्रो होस् उडिसकेको थियो । तैपनि आशा मरेको थिएन, उसको खोजी गरिरह्यौं । पछि फेरि सशस्त्र प्रहरीको दमकल आयो । त्यसले आगो निभायो, त्यसपछि भान्जा, टीभीका साथीहरू सँगै माथि गएर हेर्यौं । सुरुमा त हामीले पनि देखेनौं । दमकलले सबै आगो निभाएपछि कोठाभित्र गएर हेर्दामात्रै उसको जलेको अवस्थामा शव भेटियो । उसको जुत्ताको टुक्राबाट हामीले शवको पहिचान गर्‍यौं । उसको लासमाथि पेपर नै पेपर थियो । उसको एउटामात्रै मोबाइल भेटियो, अर्को मोबाइल र क्यामेरा भेटिएन । उसको पर्स पनि पुरै जलेको थिएन, पैसा पनि जलेको थिएन । कागजहरू पनि वरपर आधामात्रै जलेका थिए । तर मान्छे पुरै जलेको थियो । फेरि ऊ बसेको जस्तो अवस्थामा भेटियो । आगो लागेपछि मान्छे निसास्सिएर मर्‍यो भन्ने छ । तर निस्सासिनुभन्दा पहिले सबै मान्छेहरू भाग्दा ऊ भाग्न नसक्ने कसरी भयो ? आगो आयो भनेपछि ऊ त्यहाँबाट किन भागेन ? यो कुराहरूले अलि शंकास्पद देखिन्छ । आगो प्रदर्शनकारीहरूले लगाएको हो, उनीहरूले नै मारेको हो सुरेशलाई । तर यस्ता कुराहरूले कतै उसलाई आगो लाग्नुभन्दा पहिल्यै कुटपिट गरेर भाग्न नसक्ने अवस्थामा त पुर्‍याएको होइन भन्ने पनि देखिन्छ । अर्को भिडियो आएको छ, त्यो भिडियो डिलिट गर भनेर प्रदर्शनकारीले भनिरहेको । त्यसले पनि प्रदर्शनकारीहरूले भिडियो खिचेको भनेर पत्रकारहरूलाई निशाना बनाएको देखाउँछ । मलाई त विश्वास नै लागिरहेको छैन । आगो लाग्ने बित्तिकै मान्छे कसरी जल्छ र ? मान्छेले अन्तिमसम्म पनि आफू बाँच्नका लागि विकल्प खोज्छ । प्रयास गर्छ । उसले त्यस्तो प्रयास गरेको देखिदैन । क्यामेराको अवशेष पनि भेटिएको छैन । त्यसकारण यो कुराहरूले उसलाई कसैले आक्रमण गरेको हुनुपर्छ भन्ने लाग्छ । ऊ एकदमै आँटिलो स्वभावको थियो, फुर्तिलो ज्यान, उफिएर त्यतिको पर्खाल त सजिलै पार गर्न सक्छ उसले । ऊ आफ्नो काम राम्रोसँग गर्ने हो । एभिन्युजमा उसले काम गर्न थालेको ७ वर्ष जति भयो होला । अहिले तलब नियमित थिएन । तर भाष्करराज सरले चाँहि माया नै गर्नुहुन्थ्यो । उसको करिब ९ महिनाजतिको तलब रोकिएको रहेछ ।

त्यसमा एक लाख रुपैयाँ किरिया खर्च थपेर भाष्कर सरले दिनुभयो । अरु १० लाखको बीमाको कुरा गर्नुभएको छ । बुहारीलाई जागिर पनि दिने भन्नुभएको छ । तर हामीलाई न्याय चाहिएको छ । तपाईहरू सबैले सुरेशलाई न्याय दिलाइदिनुपर्छ ।

**९. कान्तिपुर टेलिभिजनका सुरक्षा गार्ड गुन्जबहादुर थापामगर** : त्यो दिन दिउँसो साढे २ बजेको समय थियो । आमसभाबाट दुर्गा प्रसाइँ भागे भनेपछि बाटोमा भीड बढ्यो । प्रहरीले भिडलाई ततरबितर गर्दैथियो । त्यतिन्जेल ढुङगामुढा केही भएको थिएन । प्रहरीले लखेट्दै जाँदा केही आन्दोलनकारी कान्तिपुर टेलिभिजनको कार्यालय भएको ठाउँतिर देखिए । भित्री बाटो भएकोले प्रहरीले लखेट्दा यता आउने र नत्र मुख्य ठाउँतिर जाने गरिरहेका थिए । सुरूमा कान्तिपुर अस्पताल हो कि के हो यो भन्दै थिए, त्यसपछि कसैले यो त कान्तिपुर टेलिभिजन हैछ भन्न थाले, त्यतिन्जेल जम्मा त्यस्तै १२, १५ जनाको संख्यामा मात्र उनीहरू थिए । कान्तिपुर १२ भाइ मध्येको एक हो भन्न थाले, अनि ढुङ्गामुडा गर्न थाले । गेट बन्द भएकोले भित्र छिर्ने कोसिस सफल नभएपछि बाहिरैबाट ढुङ्गा हाने । उनीहरूले बोरामा ढुङ्गा बोकेर ल्याएका थिए । गेटको सिसा सबै फुटाए । हामी सुरक्षा गार्ड ६ जना थियौं । त्यति नै बेला हामीले माथि सरलाई खबर गर्‍यौं । सरले तपाईहरू केही नगर्नु आफु सुरक्षित भएर बस्नु भन्नुभयो । गेटमा लगाइएको सिसी क्यामेरा फुटाएर निकालेर लगेर परबाट कार्यालयको झ्यालमा प्रहार गरे । पार्किङमा सवारीसाधनमा पनि मिल्नेसम्म ढुङ्गा हानिरहेका थिए । त्यतिबेला ४, ५ जना मात्रै प्रहरी आएको भएपनि थोरै संख्यामा रहेका आक्रमणकारी भागिहाल्थे । हान्न त हामी पनि ढुङ्गा टिपेर हान्न सक्थ्यौं, तर त्यसले अर्को समस्या निम्तिने थियो । धेरैपछि सबैतिरबाट खबर हुँदा प्रहरी टोली आयो । तर पनि केही मानिसहरू साँझसम्मै कार्यालय वरिपरि कुरेरै बसेका थिए ।

**१०. अन्नपूर्ण मिडिया नेटवर्कका एमडी मनोज बस्नेत** : लोकतन्त्र जहाँ हुन्छ, त्यहाँ मिडिया हुन्छ । लोकतन्त्रको विकल्प हामी कसैले कल्पना गर्न सक्दैनौं । संसारमा जहाँ जहाँ लोकतन्त्र छैन, त्यहाँ मिडियाको उपस्थिति पनि देखिन्न । त्यहाँ राज्य नियन्त्रित मिडिया हुन्छ । तर लोकतन्त्रमा मिडियाको कल्पना अनुरूप हाम्रो सम्पादकीय टिमले समाचार लेखिरहेका थियौं, राष्ट्र र राष्ट्रियताको विषयमा खरो उत्रिरहेका थियौं । दुबै पक्षको आवाजलाई समेटेका थियौं । यो सबै हुँदा हुँदै नियोजित रूपमा आमसभामा भाषण नै गरेर यो मिडियामा हानौं, ध्वस्त गरौं भनेर आएर जुन किसिमले आक्रमण गरियो यो भर्त्सनायोग्य छ । यो आतंककारी गतिविधि हो । हामीलाई त्यो दिन बिहानैदेखि कार्यालयको टेलिफोनमा केही शंकास्पद कलहरू आएका थिए, हामीले सुरक्षा संयन्त्रलाई खबर गरेर जानकारी पनि गराएका थियौं । सबै टिमले आफ्नो आफ्नो ठाउँमा काम गरिरहँदा गोली बर्सेझैं एक्कासी ढुङ्गाहरू कार्यालयमा बर्सिन थाल्यो । त्यसपछि यहाँको माहोल आतंकित बन्यो । चारैतिर ढुङगा आएपछि सबै जना त्रसित बने । पूर्वतिर ढुङ्गा हानिसकेपछि त्यो मास दक्षिणतिर लाग्यो । त्यहाँको हाम्रो तलको तलामा ढुङ्गामुढा गरेर ध्वस्त पारियो, त्यसपछि 'वेल ट्रेण्ड' रूपमा पेट्रोलले भिजाइएको बोरा बेरेर आगो बालेर भित्र फालियो । तल्लो तला खाली भएकोले ठुलो क्षति हुन पाएन, तत्कालै हाम्रो आन्तरिक सुरक्षा संयन्त्रले आगो निभाउन सफल भयो । त्यसपछि उहाँहरूले अर्को फाल्नुभयो । दोस्रो तलामा भित्र छिर्न पाएन तल खस्यो, त्यसले ठुलो क्षति निम्तिन पाएन । सञ्चार गृहको सुरक्षाको जिम्मा राज्यले लिनुपर्दछ ।

**११. अन्नपूर्ण मिडिया नेटवर्कका सुरक्षा गार्ड सुनिलकुमार राना** : दिउँसो २ : १५ बजेतिर १२ भाइमध्येको एक हो यो भन्दै प्रदर्शनकारीहरू हाम्रो कार्यालयमा आक्रमण गर्न थाले । सुरुमा २ जना मात्रै देखिएका थिए त्यसपछि भीड बढ्न थाल्यो । उनीहरूले सुरूमै अन्नपूर्णको कार्यालय अगाडि रहेको पेट्रोलपम्पमै आगजनीको प्रयास गरिसकेका थिए । त्यहाँ बेलैमा प्रहरी आयो, र बचायो । उनीहरूले ढुंगामुढा गर्दा आगाडीको भाग ध्वस्त भयो । पछि उनीहरू दक्षिणतर्फ गए, त्यहाँबाट पनि ढुंगा हान्न थाले । उनीहरूले प्लास्टिकको बोरामा पेट्रोल भिजाएर ल्याएका थिए त्यसमा आगो बालेर फाले हामी ३ जना स्टाफ थियौं । तुरुन्तै आगो निभाउन सफल भयौं । अहिले पनि त्रसित अवस्था छ, धन्न प्रहरीहरू आउनु भएको छ उहाँहरूसँगै सुरक्षामा आन्तरिकरुपमा हामी खटिएका छौं ।

**महासंघका पूर्वअध्यक्षहरूको भनाइ**

**१२. नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तथा अनलाइनखबरका प्रधानसम्पादक शिव गाउँले :** चैत्र १५ गते राजावादीको नाममा हुने प्रदर्शनको बारेमा हामी पहिले नै जानकार थियौं । त्यो दिन हाम्रो कार्यालयबाट ६ जना पत्रकार स्थलगत रिपोर्टिङको लागि ग्राउन्डमा थिए । बिहानैबाट कार्यालयमा रहेका हामी र रिपोर्टिङमा खटिएका साथीहरूबीच समन्वय र संवाद चलिरहेको थियो । त्यो दिन मिडियाको कार्ड बोकेर काम गर्ने अवस्था थिएन । नाम चलेको मिडिया र मिडियाकर्मीमाथि निशाना बनाएरै आक्रमण गर्ने, युट्युबर र आन्दोलन समर्थकलाई बचाउ गर्ने खालको आयोजकको नीति देखिन्थ्यो । यो प्रवृतिगत रूपमा निकै खराब र खतरनाक हो । हाम्रो कार्यालयबाट खटिएका पत्रकार दिनेश गौतमलाई फोटो/भिडियो खिचेकै भरमा आन्दोलनकारीले आक्रमण गरेर खुट्टा भाँचे । उहाँको उपचारको जिम्मा सबै कार्यालयबाट नै गरिएको छ । गतवर्ष पूर्वगृहमन्त्री रवि लामिछानेले 'बाह्र भाइ'को नाममा लगाएको लाञ्छनापछि 'मिडिया हेट' सुरू भएको देखिन्छ । राजावादीको नाममा भएको आक्रमण त्यसको निरन्तरता हो । उनीहरू अनलाइनखबरको कार्यालयसमेत खोजिरहेका थिए भन्ने हामीलाई जानकारी आएको थियो । तर मुल बाटोबाट केही भित्र परेकोले भेटेनन् या यहाँसम्म आउन सकेनन् भन्ने मात्र हो, त्यो दिनको अराजक गतिविधि देख्दा हामी कति सुरक्षित छौं भनेर कसैले सोच्ने अवस्था थिएन झैं लाग्छ । अहिले प्रेसले प्रश्न गर्दा स्वीकार गर्ने अवस्था न्यून बनिरहेको छ । पहिले आफु सुरक्षित रहने र रिपोर्टिङमा खटिने हाम्रो कार्यालयको नीति छ ।

**१३. नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहाल :** तीनकुने घटनामा जे भयो, अहिलेसम्म त्यसबारे स्पष्ट कुरा सार्वजनिक भएको छैन । सरकारले घटनाको विषयमा स्पष्ट कुरा बाहिर ल्याएको छैन । त्यहाँ एउटा पत्रकारको ज्यान गएको छ । यो सामान्य कुरा होइन । त्यसकारण यसको निष्पक्ष छानबिन र अनुसन्धान हुनुपर्छ । घटना जे भएको हो, त्यसको विषयमा अनुसन्धान भएर तथ्य बाहिर आउनुपर्छ । यो गर्ने काम सरकारको जिम्मेवारी हो । हामी व्यवसायिक संस्था भएको हिसाबले हामीले सुरक्षाको दृष्टिकोणले हेर्ने हो । हामीले हाम्रो धारणा बनाउने हो, तर यसको अनुसन्धान गर्ने निकाय भनेको सरकार नै हो । त्यसैले यो घटनाको निष्पक्ष अनुसन्धानकै लागि हामीले माग गर्ने हो ।

**१४. नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तथा सार्वजनिक सेवा प्रसारणका कार्यकारी अध्यक्ष महेन्द्र विष्ट :** यो घटना दुःखद हो । यसलाई सामान्य रुपमा लिन सकिदैन । एउटा पत्रकार रिपोर्टिङ गर्न गएको अवस्थामा कार्यस्थलमै उसले ज्यान गुमाउने अवस्था भनेको खराब अवस्था हो । त्यसकारण यसको पछाडिका कारणहरूको सत्यतथ्य पत्ता लगाएर बाहिर ल्याउनु आवश्यक छ । यसमा राज्यले गम्भीर भएर छानबिन र अनुसन्धान गर्न आवश्यक छ । दोषीहरूलाई कानुनबमोजिम कारबाही हुनुपर्छ ।

**१५. नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष विपुल पोखेल :** पत्रकार सुरेश रजकको कार्यस्थलमा काम गर्दा गर्दै गएको छ । यो त राज्यका पनि लज्जाको विषय हो । यो पत्रकारमाथिको आक्रमण नै हो । र, जसरी घटना घटेको छ, यो रहस्यमय छ । सरकारले यसको निष्पक्ष छानबिन, अनुसन्धान गर्नुपर्छ र पीडितलाई न्याय दिनुपर्छ । पीडित परिवारले राहत र क्षतिपूर्ति पाउनुपर्छ । यसबाट कोही पनि पञ्छिन मिल्दैन । यसबाहेक अन्य सञ्चारगृहमाथि आक्रमण भएका घटनाहरू छन्, यो विगतदेखिको योजनाबद्ध हो भन्ने देखिन्छ । संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई प्रस्तावनामै राखेर ग्यारेण्टी गरेको छ । त्यसकारण यसको सुनिश्चितताका लागि सरकारले तलमाथि गर्न पाउँदैन । अहिलेका कानुनहरू यसका लागि अपर्याप्त छन्, सरकारले प्रेस स्वतन्त्रतासम्बन्धी अलग्गै कानुन निर्माण गर्नुपर्छ । अर्को कुरा, अहिले सामाजिक सञ्जालबाट खुलेआम पत्रकारलाई, सञ्चारगृहलाई धाकधम्की दिने काम भइरहेको छ, यो पनि प्रेस स्वतन्त्रताको हनन् नै हो । त्यसमाथि जसरी एउटा लोकप्रियतावादी नेताले सार्वजनिक खपत्का लागि विना कुनै तथ्य लगाएको आरोप र शब्द प्रयोग गरेको आधारमा त्यसैलाई नजिर बनाएर निरन्तर त्यही भाषाको प्रयोग गरेर सुनियोजित रुपमा मिडियामाथि आक्रमण गर्ने काम भएको छ, यो असह्य छ । यस विषयमा सरकारले गम्भीर हुनैपर्छ ।

### सरोकारवाला संगठनका अध्यक्षहरूको भनाइ

**१६. नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल** : तीनकुने घटनाका विभिन्न तथ्यहरू बाहिर आइरहेका छन्, जसका आधारमा यो घटना नियोजित छ भन्ने पुष्टि हुन्छ । प्रदर्शनकारीले आफ्नो पक्ष र विपक्षमा रहेका पत्रकार र मिडिया हाउसहरू छुट्याएर त्यस आधारमा संरक्षण गर्ने र आक्रमण गर्ने नीति अंगालेका छन् । यो पत्रकार हाम्रो हो, यो होइन भन्ने हिसाबले आक्रमण भएको छ । न्युमडियाको व्यापक दुरुपयोग गरिएको छ भने परम्परागत र मूलधारका मिडियामाथि आक्रमण गर्ने काम भएको छ । यो दुःखद कुरा हो । यो असामान्य अवस्था पनि हो । यसबारे हामी गम्भीर छौँ । तत्काल पीडितलाई न्याय, घाइतेको उपचार र मिडिया हाउसलाई क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ । आगामी दिनमा यस्ता घटनाहरू हुन नदिनका लागि के कस्ता नीतिगत पहल गर्नुपर्ने हो, त्यसका लागि लाग्नुपर्छ ।

**१७. प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डे** : घटनाको विषयमा सुन्नेबित्तिकै हामीले भर्त्सना गऱ्यौँ । कार्यस्थलमा पत्रकार मारिने, कुटपिट हुने, भागदौड मच्चिने कुरा सामान्य घटना होइन । त्यसकारण हामीले यस घटनाका विषयमा स्थलगत अनुगमन गर्ने, सम्बन्धित निकाय र सरकारलाई ध्यानाकर्षण गराउने काम गऱ्यौँ । पीडित परिवारलाई उचित क्षतिपूर्ति र रोजगारीको प्रबन्ध गर्न माग गरेका छौँ । त्यसमा प्रधानमन्त्रीज्यूले प्रतिबद्धता पनि जनाउनुभएको छ । पत्रकार सुरेश रजकको जसरी मृत्यु भएको छ, यो एकदमै रहस्यमय छ । यसको विषयमा सरकारका निकायले गम्भीर भएर अनुसन्धान गर्नु आवश्यक छ । जुन मिडिया हाउसको सञ्चालकले आन्दोलनको आह्वान गर्नुभएको छ, उहाँकै हाउसमा काम गर्ने पत्रकारको मृत्यु भएको छ, यसलाई कसरी लिने ? यो संयोगमात्रै हो कि नियोजित पनि हुनसक्छ ? भन्ने प्रश्नहरू हुन् । मिडिया हाउसमा गएर आक्रमण गर्ने, ढुंगामुढा गर्ने, आगजनी गर्ने कुरालाई सामान्य रुपमा लिन सकिदैन । यो संवेदनशील विषय हो । हामी गम्भीर छौँ, गम्भीर भएर यसको समाधान खोज्नु आवश्यक छ ।

**१८. प्रेस सेन्टर नेपालका अध्यक्ष कमल गिरी** : तीनकुनेमा जुन घटना भयो, त्यो संयोगमात्रै होइन । खासगरी पत्रकार र मिडिया हाउसलाई लक्षित गरेर गरिएको आक्रमण त झन् षड्यन्त्रपूर्वक गरिएको देखिन्छ । त्यसकारण यसलाई सहेर बस्न सकिदैन । यसको गहन छानबिन, अनुसन्धान गरेर सरकारले दोषीलाई कारबाही गर्नुपर्छ । पत्रकार महासंघले अहिले उठाएका मुद्दाहरू सही छन्, हाम्रो पूर्ण रुपमा साथ छ । पीडित परिवारले न्याय पाउनुपर्छ । पत्रकारको भौतिक, सामाजिक र आर्थिक सुरक्षाको ग्यारेण्टी हुनुपर्छ, मिडिया हाउसहरूले ढुक्कसँगले लेख्न र बोल्न पाउने वातावरण पाउनुपर्छ ।

### मिडिया सञ्चालक संस्थाका प्रमुख/प्रतिनिधिहरूको भनाइ

**१९. मिडिया एलायन्स  नेपालका अध्यक्ष भाष्कर राजकर्णिकार** : तीनकुनेमा जे भयो, त्यो दुर्भाग्यवश भएको घटना हो । तर घटनालाई रोक्न सक्ने अवस्था थियो । किन रोकिएन ? भन्ने चाँहि अचम्मको कुरा भयो । राज्यले चाहेको भए बचाउन सक्ने अवस्था हुँदा पनि बचाएन । यो घटनामा राज्यबाट यतिसम्मको लापरबाही भयो कि जहाँ त्यो दुर्घटना भएको छ, त्यो ठाउँलाई सिलबन्दी नै गरिएन । प्रमाणहरू संकलन भएन । सरकारले बेलुन फुटेको घटनामा छानबिन समिति बनाउँछ, तर काम गर्दा गर्दा एउटा पत्रकारको जिउँदै जलेर मृत्यु भएको यति ठूलो घटनामा एउटा छानबिन समिति बनाउन आवश्यक ठान्दैन ? यो कहाँसम्मको न्यायोचित कुरा भयो ? मैले त्यो घटनाका बारेमा सुन्नेबित्तिकै सुरक्षा निकायका प्रमुखहरूसँग समन्वय गरेको थिएँ । तर कसैबाट पनि सुनुवाइ भएन । म त्यो घटना हुँदा सञ्चारमन्त्रीसँगै एउटा कार्यक्रममा थिएँ । मैले उहाँलाई त्यहीँबाट आग्रह गरेको थिएँ । तर कसैबाट पनि राम्रो सुनुवाइ भएन । राहत र क्षतिपूर्तिको कुरा एउटा पाटो हो, तर परिवारले न्याय पाउनुपर्ने कुरा मुख्य हो । सरकारले राहतलाई भन्दा न्यायको कुरालाई जोड दिनुपर्थ्यो । पत्रकारको, सञ्चारकर्मीको सुरक्षामा अहम् प्रश्न उठेको छ । काठमाडौंमा मात्रै होइन, देशैभरि पत्रकार र सञ्चारकर्मीमाथि आक्रमणका घटना भएका छन् । यसबारे सबैले गम्भीर नहुने हो भने मिडिया कसरी चल्छन् ? पत्रकारले कसरी काम गर्न सक्छ ?

२०. **मिडिया सोसाइटीका सदस्य बोधराज त्रिपाठी** : तीनकुने घटनामा एउटा फोटो पत्रकार कार्यक्षेत्रमा काम गर्दा गर्दै मरेको छ । यसको जिम्मेवारी कसले लिने ?  यसको छानबिन गर्ने जिम्मा राज्यको हुनुपर्ने हो । तर राज्य भागिरहेको छ । सरकारले यस्तो घटनाको छानबिन सम्म पनि नगर्ने कुरा ठीक भएन । कम्तीमा चित्तबुझ्दो छानविन त हुनुपर्‍यो । कार्यस्थलमा पत्रकारको हत्या भएको कुरा सामान्य होइन, यो सानो कुरा होइन । ख्याल ठट्टाको कुरा होइन । यो हाम्रो लागि लज्जाको विषय हो । यस्तो गम्भीर विषयमा सरकार किन गम्भीर भएन ? सरकारले छानविन गर्न समेत आवश्यक नठान्ने भनेको त राम्रो भएन । पत्रकार जलेर मर्‍यो कि धुँवाले निस्सासिएर मर्‍यो कि गोली लागेर मर्‍यो कि ? कसरी मर्‍यो ? यो आन्दोलनकारी र सरकार दुवैले यसबारे बोल्नुपर्‍यो ।

२१. **डिजिटल मिडिया सोसाइटीका अध्यक्ष प्रतीक प्रधान** : अहिले हामीलाई दोधार परेको छ, कि पत्रकारिता जोगाउने कि पत्रकार ? पत्रकारिताका संस्था जोगाउने कि मालिक ? पत्रकारिताका संस्थाहरू बचाइराख्न अब निकै समस्या छ । पत्रकारिता कसरी जोगाउने भन्ने विषयमा तपाईहरूले नै धेरै सोच्नुपर्ने बेला आएको छ भन्ने लाग्छ । पत्रकारिता अब इज्जतदार पेसाको रुपमा रहेन । कसैले पनि पत्रकारितालाई राम्रो भनिरहेको छैन । त्यसकारण अहिलेको प्रमुख प्रश्न भनेको पत्रकारिता र पत्रकार दुवै कसरी जोगाउने भन्ने नै हो । पत्रकारको हकहितको कुरा त्यतिबेला खोज्न सकिन्छ, जब पत्रकारिता बच्छ । पत्रकारिता बचेन भने पत्रकारको सुरक्षा गर्न सकिदैन । सुरक्षा हुँदैन । त्यसकारण मिडिया पहिले बाँच्नुपर्छ । मिडिया नै रहेन भने पत्रकार कसरी रहन्छ ? यो प्रश्न पेचिलो छ । हामी एउटा पत्रकार मारियो भनेर यो कुरा गरिरहेका छौँ । मलाई त के लाग्छ भने अब यस्ता घटना दोहोरिरहन सक्छन् । किन दोहोरिन्छन् भने एउटा पत्रकारलाई मार्दा खेरि पत्रकारिता मर्‍यो भनेर कसैलाई पनि पीर परिरहेको देखिदैन । कसैलाई समस्या परेको छैन । यस्तो अवस्थामा पत्रकारहरूमाथि फेरि पनि आक्रमण हुन्छ । आक्रमण भइरहने जोखिम निरन्तर छ । यो दुःखद कुरा हो । हामी कसैले पनि सबै मिडियालाई एउटै डालोमा राखेर बुझ्नु भएन । कसले के नगरेको हो ? त्योबारे कुरा गर्नुपर्‍यो ।

२२. **अनलाइनखबरका सम्पादक बसन्त बस्नेत** : पत्रकारिता क्षेत्रमा बहुआयामिक खालका चुनौतीहरू थपिएका छन्। तीनकुने घटनामा जे भयो, यो झलकमात्रै हो । अब के गर्ने भन्नेबारे सबै सजक हुन जरुरी छ । सरकारले सत्यतथ्य छानविन गरेर दोषीहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।

२३. **इकान्तिपुरका सम्पादक जनकराज सापकोटा** : अहिले पत्रकारहरूको सुरक्षाको विषय निकै गम्भीर बनेको छ । पत्रकारहरूले फिल्डमा गएर रिपोर्टिङ नै गर्न नसकिने स्थिति हुनु राम्रो होइन । यसले राम्रो संकेत गरिरहेको छैन । तीनकुनेमा जे भयो, त्यो आपराधिक मानसिकताबाट योजनाबद्ध रुपमा गरिएको आक्रमण थियो भन्ने कुरा विभिन्न प्रमाणहरूले खुलाएका छन् । त्यो दिन, कान्तिपुर टीभी र अन्नपूर्णमा आक्रमण भयो, तर उनीहरूले अरुमाथि पनि आक्रमण गर्ने गरी योजना बनाएको देखिन्छ । खाली लोकेसन नमिलेका कारण, थाहा नभएका कारण हो । नजिकमा कुन कुन मिडिया छन् भनेर उनीहरूले खोजी खोजी एट्याक गरेको देखिन्छ ।

२४. **काठमाडौँ प्रहरी परिसरका प्रवक्ता एसपी अपिलराज बोहरा** : प्रहरी राजावादी भनिएकाहरुको आमसभाको सुरक्षाका लागि तैनाथ थियो । त्रिकोणात्मक रुपमा सुरक्षा घेरा बनाएर तैनाथ गराइएको थियो । तीनकुनेको उत्तर पूर्वी र पूर्वी दक्षिणतर्फ सशस्त्र र जनपद प्रहरीले सुरक्षा घेरा बनाएर बसेका थिए । मञ्चमा भाषण भइरहेको थियो । करिब १ बजेतिर कोटेश्वरबाट आएको युवाहरुको जमात मञ्चतिर पुगेर नाराबाजी हुँदै थियो । एक हुलसहित दुर्गा प्रसाई आफैले गाडी चलाएर आऊ-आऊ भन्दै पहिलो सुरक्षा घेरा तोड्ने प्रयास गर्दै अघि बढेपछि प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो । आन्दोलनकारीले ढुंगा प्रहार गर्न थालेपछि अश्रु ग्यासका साथै रबरको गोली चलाएको हो । आन्दोलनकारीको अराजक एक जत्थाले कान्तिपुर टेलिभिजनको कार्यालय र अर्को जत्थाले अन्नपुर्ण पोस्ट दैनिकमा ढुंगा हान्दै बोराको टुक्रालाई पेट्रोलमा भिजाएर बोत्तलमा हालेर फालेर आगजनी गरेका थिए । प्रहरी त त्यहाँ आमसभालाई सुरक्षा दिन तैनाथ भएको थियो । तर आमसभाको सट्टा त्यहाँ हिंसात्मक प्रदर्शन सुरु

भयो । त्यस्तो घटना हुन्छ भन्ने हामीले कल्पना समेत गरेका थिएनौं । आमसभाको सुरक्षाका लागि तैनाथ हामीले हिंसात्मक आन्दोलनको सामना गर्नुपर्ने स्थिति सिर्जना भयो ।

**स्थलगत अवलोकन गरेका मावनअधिकारकर्मीहरूको भनाइ**

२५. **मानवधिकार आयोगका माननिय सदस्य लिली थापा** : मानव अधिकारकर्मीले ज्याकेट लुकाएर हिड्नुपर्ने, नभए कुटाइ खाने स्थिति थियो । त्यहाँ पत्रकारको पनि त्यस्तै अवस्था देखियो । प्रदर्शनकारीहरूले इँटा, लठ्ठा बोकेर खुलमखुल्ला हिड्ने वातावरण किन भयो ? प्रहरीले किन नियन्त्रणमा लिएन ? सुरक्षा व्यवस्था किन कमजोर भयो ? भन्ने प्रश्नहरू छन् । मान्छेको ज्यान गएको छ । यसको छानविन हुनुपर्छ जस्तो लाग्छ ।

२६. **राष्ट्रिय मानवअधिकार आयोगका अधिकृत खिमानन्द बस्याल** : चैत १५ को प्रदर्शनको अनुगमनका लागि आयोगबाट खटिएका थियौं । हामी दिउँसो १ : १५ बजे तीनकुने पुग्यौं । प्रदर्शनकारीले राष्ट्रिय मानवअधिकार आयोगको ड्रेस देख्ने बित्तिकै डलरे आए यिनलाई हान हान भने । १: ३० तिर सभास्थल पुग्दा अश्रु ग्याँसको पिरो आएको थियो । तर त्यो कताबाट आयो थाहा भएन । त्यतिबेला सम्म घरका सिसा फुटेका थिए । भीड अव्यवस्थित थियो, प्रदर्शनकारी ढुङ्गा हान्दै थिए, प्रहरी लखेट्दै थियो । उनीहरूले डलरे किन यहाँ आएको भन्दै आक्रमण गरे, मेरो घाँटी र टाउकोमा चोट लाग्यो । आयोगकै सवारी चालक मेनुका घिमिरे छुट्याउन आउनुभयो । उहाँलाई पनि कुटे उनीहरूले । त्यसपछि हामी त्यहाँबाट निस्कियौं ।

२७. **मानव अधिकार आयोगका अधिकृत रेखा बास्तोला** : हामी तीनकुनेमा पुग्दा आगो लागिसकेको थिएन । करिब २ बजेतिर प्रदर्शनकारीले आगो लगाएका थिए । त्यसपछि गोली चल्यो । गोली लागेको घाइतेलाई स्कुटरमा राखेर अस्पताल लैजान खोज्दा डलरेलाई हान, यसको काम छैन भनेका थिए । उनीहरूले ज्याकेट खोलेर हिँड डलरे भन्दै दुव्यर्वहार गरे । उनीहरूले डायरी र मेरो मानव अधिकार लेखिएको ज्याकेट पनि च्यातिदिए । उनीहरूले खिमानन्द बस्याल सरलाई आक्रमण गरेपछि चोट लाग्यो । यस्तो अवस्था त मैले द्वन्द्वकालमा पनि भोगेको थिइन । काठमाडौँमै मानव अधिकारकर्मीमाथि कुटपिट र हातपात हुनु दुःखद हो । हामी त दुर्गा प्रसाईं पक्राउ पर्दा पनि उनको मानव अधिकारका लागि प्रयास गरिरहेका थियौं । तर तीनकुनेमा हामीले नै दुर्व्यवहार झेल्नुपऱ्यो ।

२८. **मानव अधिकार आयोगका अधिकृत अम्बिका घिमिरे** : हामी तिनकुने चोक पुग्दा चोर, भ्रष्टाचारी, देश छोड जस्ता अराजक नारा, अभद्र भाषण भएको सुनिएको थियो । तराईबाट आन्दोलनमा सहभागी भएकाले दिनको पाँच सय पाउने र पशुपतिनाथ दर्शन गराउँछु भन्दै ल्याएको भनिरहेका थिए । मानव अधिकारकर्मीमाथि नै आक्रमण हुन थालेपछि हामी कान्तिपुर अस्पताल गएर लुक्यौं ।

## तीनकुने घटनापछि नेपाल पत्रकार महासंघले विभिन्न मितिमा जारी गरेका विज्ञप्तिहरू

**नेपाल पत्रकार महासंघ**
**Federation of Nepali Journalists (FNJ**
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति :२०८१।

### प्रेस विज्ञप्ति

राजसंस्थाको पुनर्स्थापनाको माग राख्दै भएको भनिएको आन्दोलनमा सहभागी अ
समुहले आज गरेको आगजनीको समाचार संकलनको क्रममा एक संचारकर्मीको जले
भएको, विभिन्न संचार गृहको भवनमा आगो लगाउने, हुलहुज्जत गरेर भवनभित्र प्रवे
नपाएपछि ढुंगा हान्ने, सवारी साधन तोडफोड गर्ने र संचारकर्मीलाई आतंकित तुल्याउने
गरेकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

सो समुहले आगो लगाएको भवनको समाचार संकलनको क्रममा जलेर ए
टेलिभिजनका पत्रकार सुरेश रजकको मृत्यु भएको छ । काठमाडौंस्थित तीनकुनेमा
अन्नपूर्ण मिडिया ग्रुपको भवनमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याएको छ भने का
टेलिभिजनको भवनमा जबरजस्ती प्रवेश गर्न खोज्दा सुरक्षाकर्मीले रोकेपछि ढुंगामुढ
समाचार कक्षसम्म आतंक सिर्जना गरिएको छ । यस्तै हिमालयन टेलिभिजनको सवारी
तोडफोड गर्ने कार्य भएको जानकारी महासंघमा प्राप्त भएको छ

जनतालाई सुसूचित गराउने र विचार निर्माणमा सघाउने प्रेसजस्तो
सञ्चारसंस्थाहरू र संचारकर्मीको ज्यानै जाने गरी यस प्रकारको हमला हुनु घोर आपत्ति
निन्दनीय र भर्त्सनायोग्य कार्य भएको महासंघको ठहर छ ।

शान्तिपूर्ण प्रदर्शन गर्ने संवैधानिक अधिकारको महासंघ सदैव सम्मान गर्दछ
आन्दोलनको नाममा संचारकर्मीको ज्यानै जाने, प्रेसलाई आतंकित र त्रसित बनाउने
किमार्थ स्वीकार गर्दैन । यस्ता हर्कतमा संलग्न जो कोही भए पनि तत्काल कानुनी कठ
उभ्याउन महासंघ सरकारसंग जोडदार माग गर्दछ । साथै, क्षति पुऱ्याइएका सञ्चारमाध्य
क्षतिपूर्ति दिन, संचार गृह र सञ्चारकर्मीको सुरक्षामा गम्भीर हुन आग्रह गर्दछ ।

महासंघ लोकतन्त्र र प्रेसविरोधी यस्ता क्रियाकलाप नदोहोऱ्याउन सम्बन्धित
ध्यानाकर्षण गराउन चाहन्छ र यस प्रकारका हर्कत दोहोरिए त्यस विरुद्ध उत्रन बाध्य
सचेत गराउंदछ ।

यसैबीच रजकको जलेर निधन भएको खबरले महासंघ स्तब्ध भएको छ । महा
अमानवीय घटनाको गहिरो छानबिन गरी दोषीमाथि कानुनी कारवाहीको माग गर्दछ ।

---

**नेपाल पत्रकार महासंघ**
**Federation of Nepali Journalists (FNJ**
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति :२०८१।

### प्रेस विज्ञप्ति

**बदलिएको परिस्थितिका कारण नेपाल पत्रकार महासंघले स्थापना दि
अवसरमा यही चैत १६ गते भोलिको लागि देशभर आह्वान गरेको पूर्वनि
सम्पूर्ण कार्यक्रम स्थगित गरेको छ ।**

**स्थापना दिवसलाई पत्रकार 'हत्या' र सञ्चार गृह तथा संचारकर्मीम
हमला विरुद्ध आन्दोलनका रूपमा शोक र विरोधसभाको रूपमा मनाउने जा
गराइन्छ ।**

**केन्द्रीय समितिले भोलि चैत्र १६ गते शनिबार बिहान ८:०० माइ
मण्डलामा भेला भएर पत्रकारको 'हत्या' र सञ्चारमाध्यममाथि भएको ज्या
विरुद्ध विरोधसभा गर्नेछ ।**

**उक्त सभामा उपस्थित भई आन्दोलनकारीले लगाएको आगोमा जलेर
भएका पत्रकारप्रति श्रद्धाञ्जली र सञ्चारमाध्यमविरुद्ध भएको हमला
हातेमालो गर्न महासंघ सम्पूर्ण पत्रकार, सञ्चारकर्मी, अधिका
मानवअधिकारकर्मी तथा प्रेस स्वतन्त्रताकामी सम्पूण नागरिकमा हार्दिक अ
गर्दछ ।**

**यसैगरी भोलिका लागि महासंघका उपत्यका बाहिरका प्रदेश समिति
शाखा समितिले स्थापना दिवसका अवसरमा तय गरेको सम्पूर्ण कार्यक्रम स
गरी केन्द्रीय समितिले तय गरेबमोजिम गर्न अनुरोध गरिन्छ ।**

रामप्रसाद दाहाल

---

**नेपाल पत्रकार महासंघ**
**Federation of Nepali Journalists (FNJ**
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८१।

### प्रेस विज्ञप्ति

**नेपाल पत्रकार महासंघको शनिबार बसेको उपलब्ध केन्द्रीय समि
आकस्मिक बैठकले पत्रकारको योजनावद्ध हत्या र सञ्चारगृह तथा पत्रका
गरिएको आक्रमण तथा आगजनीको विरोधमा थप आन्दोलनका कार्यक्रम तय
छ ।**

**बैठकले शनिबार क्षति पुऱ्याइएका सञ्चारगृहको अनुगमन र
सञ्चारकर्मी र सञ्चार सामग्रीको विवरण संकलन गर्ने, आइतबार कार्यस
कालोपट्टी बाँधेर काम गर्न सबै सञ्चारकर्मीलाई आह्वान गर्ने, सोमबार के
समिति, प्रदेश समिति र शाखामार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझा
मंगलबार सरोकारवाला संगठनहरूसँग छलफल गर्ने निर्णय गरेको छ ।**

**यस्तै मारिएका पत्रकार सुरेश रजक सम्बद्ध सञ्चारगृह, उनको परिव
छलफल गरी प्रतिवेदन तयार पार्न उपाध्यक्ष उमिदप्रसाद बागचन्दको नेत
सचिवहरू रमेश खतिवडा, सोनी शर्मा, प्रकाश धौलाकोटी र वैकुण्ठराज प
संलग्न रहेको समिति गठन गरिएको छ । आन्दोलनका थप कार्यक्रम अव
विश्लेषणपछि तय गरिनेछ ।**

**हिजो राजावादीको नाममा भएको आन्दोलनमा सहभागी अराजक स
लगाएको आगोमा जलेर एक जना पत्रकारको मृत्यु भएको, विभिन्न मि
हाउसमा आगजनी र तोडफोड गरिएको, पत्रकार घाइते भएको र सञ्चार स
हराएको घटनाको विरोधमा महासंघले आज देशव्यापी विरोध प्रदर्शन गरेको छ**

---

**नेपाल पत्रकार महासंघ**
**Federation of Nepali Journalists (FN**
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति: २

### प्रेस विज्ञप्ति

यही चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनक
सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि भएको आक्रमण र पत्रकार सुरेश रजकको हत्याका
स्वतन्त्र छानबिन गरी सात दिनभित्र प्रेस स्वतन्त्रता हननमा संलग्नहरूमाथि कानुनी
रजकका परिवारका साथै क्षति पुगेका सञ्चारगृहलाई यथोचित क्षतिपूर्ति र घाइते
निःशुल्क उपचारका लागि नेपाल पत्रकार महासघले यही चैत १८ गते नेपाल
ध्यानाकर्षणपत्र बुझाएकोमा सरकारले हालसम्म महासंघको माग पुरा नगरेकोप्रति
गम्भीर भएको छ ।

सरकारलाई दिएको सात दिने अल्टिमेटम यही चैत २५ गते सकिएको सन्द
बसेको महासंघको उपलब्ध केन्द्रीय समितिको बैठकले आफ्ना माग पुरा गराउन सरक
दबाब दिनुपर्ने अवस्था सिर्जना भएको निष्कर्ष निकालेको छ । महासंघका उपाध्य
बागचन्दको अध्यक्षतामा बसेको बैठकले गरेका निर्णय यस प्रकार रहेका छन् ।

१. दिवंगत पत्रकार सुरेश रजकप्रति शोक व्यक्त गर्न केन्द्रीय समितिले चैत २७ ग
काठमाडौंको माइतीघर मण्डलामा साँझ ६ बजे दीप प्रज्वलनसहित श्रद्धाञ्जली स
श्रद्धाञ्जली सभामा सहभागी हुन महासंघका उपत्यका, प्रतिष्ठान र एसोसिएट प्रदेश
शाखा तथा संस्थाहरूलाई सहभागी हुने ।

उपत्यका बाहिरका जिल्ला शाखाहरूलाई यही प्रकृतिको कार्यक्रम गर्न निर्देशन दि

२. चैत २९ गते शुक्रबार रजकको हत्याका सम्बन्धमा स्वतन्त्र छानबिनका ला
मानवअधिकार आयोगलाई ध्यानाकर्षणपत्र बुझाउने । प्रदेश समिति र शाखा
सोहीबमोजिम गर्ने ।

३. चैत ३१ गते सरकारलाई 'नेपाल पत्रकार महासघले यही चैत १८ गते प्रस्तुत गरेका
गर' भन्ने सन्देश विभिन्न माध्यमबाट गृहमन्त्रीसमक्ष पठाउन देशभरका पत्रकारहरूला
गर्ने ।

४. तीनकुनेमा भएको प्रेस विरोधी गतिविधिलाई लिएर २०८२ बैशाख २ गते सम्पा
छलफल गर्ने ।

५. वैशाख ४ गते सञ्चारगृहका सञ्चालक आबद्ध रहेका प्रमुख संस्थाहरूसँग छलफल

६. वैशाख ६ गते महासंघका पूर्व सभापति/अध्यक्षहरूसँग छलफल गर्ने । प्रदेश र जिल्ल

## तीनकुने घटनापछि दुर्गा प्रसाईं र राजसंस्था पक्षधर संगठनहरूले विभिन्न मितिमा जारी गरेका विज्ञप्तिहरू

Durga Prasai
March 29 ·

हार्दिक अपिल

आदरणीय सम्पूर्ण देशभक्त दाजुभाइ , दिदीबहिनी , आमा बुबा!
हिजो १५ गते काठमाडौंको तीनकुनेमा राजसंस्था पक्षधर संयुक्त जनआन्दोलन संघर्ष समिति द्वारा आयोजित कार्यक्रममा यो भस्ट्र सरकार का पाल्तु प्रहरी र यिनका पार्टीका भतुवाहरुको घुसपैठ गराई योजना बद्ध तवरले गरिएको हत्या र प्रहरी दमनका साथै विभिन्न स्थानमा भएका आगजनी र लुटपाट का घटना घटाएको कुरा त हामी सबेलाई सर्वविदिते छ!
सम्पूर्ण राजसंस्थावादी संघ संस्था, अभियान तथा पार्टीको सामूहिक प्रयास द्वारा गठन गरिएको सभामा कार्यक्रम सञ्चालन हुन नपाउँदै अश्रु ग्यास प्रहार गरेर सभा बिथोल्ने कार्य गर्ने सरकारले आफैले हत्या गरिएका नागरिकहरुको हत्याको जिम्मेवारी जनकमाण्डर दुर्गा प्रसाई माथि थोपर्ने प्रयास गर्ने ? बन्दुक कसले चलायो दुर्गा ले की प्रहरीले ?
संघर्ष समितिका अग्र नेतृत्वमा रहनु भएका नेता धवल सम्शेर राणा र रवीन्द्र मिश्र लाई गिरफ्तारी गर्ने , केन्द्रीय संयोजक नवराज सुवेदी ज्यू लाई नजरबन्द गर्ने जस्ता घृणित  कार्य गर्ने सरकारले सयौ राष्ट्रवादी नागरिकहरुलाई गिरफ्तारी गरेको प्रति घोर आपत्ति सहित भर्त्सना गर्दछौ !
यिनीहरूको यतिमात्रे दमन र तानाशाह प्रवृत्ति यत्तिले मात्रे नपुगेर श्री ५ माहराधिरज ज्ञानेन्द्र वीरविक्रम सरकारलाई समेत नजरबन्द गर्ने , पक्राउ गर्ने भन्ने जस्ता अभिव्यक्ति हरु सरकारी उच्च ओहदामा बस्ने हरुले व्यक्त गरिरहेका छन् र आज बाट श्री ५ लाई सुरक्षाको लागि प्रदान गरिएको सशत्र प्रहरीको सुरक्षा फिर्ता गरेको भन्ने जानकारी हुन आएको छ र अझै महाराजाधिराजको पासपोर्ट समेत जफत गर्ने तयारी भएको बुझिएको छ !
यसरी खुलमखुल्ला सिङ्गो राष्ट्रलाई चुनौती दिएर हाम्रा प्यार राजा लाई दमन गरेको हामी टुलु टुलु हेरेर बस्न सक्देनौं !
तसर्थ हिजो तीनकुनेमा भएको हत्या र प्रहरी दमनका बिरुध्द र श्री ५ महाराजाधिराज सरकार माथि गरेको अत्याचारको बिरुद्दमा आम नागरिकहरु आउनुको विकल्प छैन !
नेता को मुख नताकौ, जनताले गर्ने जनआन्दोलन जनताकै नेतृत्वमा गरौं र यो भ्रष्ट दलाल हरुको पञ्जा बाट यो देशलाई मुक्त गर्न भोलि देखि नै देश भर हरेक शहरका सडकमा भेलाभएर हाम्रा आवाज बुलन्द पारौं र न्यायको पक्षमा आन्दोलित बनौं !

4.3K · 658 comments · 239 shares

---

राजसंस्था पुनर्स्थापनाका ल
संयुक्त जनआन्दोलन समिति

२०८१ चैत्र १६ गते

**प्रेस विज्ञप्ति**

चैत्र १५ गते दिउँसो ११ बजेदेखि काठमाडौंको तीनकुनेमा आयोजना गरिएको आन्दोलन घोषणा सभ
संघर्ष समितिका पदाधिकारी, केन्द्रीय नेताहरु मंचमा पुगेर सभालाई सम्बोधन गर्न नपाउँदै सरकार
नियोजित रुपमा गराइएको घुसपैठ र अनपेक्षीत प्रहरी दमनका कारण सभा बिथोलियो । सभामा
नागरिकहरु माथि अश्रु ग्याँस लगायत गोली प्रहार गरेर नागरिकको हत्याका अतिरिक्त तोडफोड र
गराइ आतंक सिर्जना गर्ने घटनाको घोर भत्र्सना गर्दै सहादत प्राप्त गर्ने वीर योद्धा सहीद प्रति हार्दिक श्र
व्यक्त गर्दछौं ।

आन्दोलनमा भएका कुनै पनि घटनामा संलग्न नभएका हाम्रा जनकमाण्डर दुर्गा प्रसाइ लगायततलाई पक्र
जारी गर्ने, कार्यक्रम पश्चात जनआन्दोलन समितिका सदस्य सचिव रवीन्द्र मिश्र, आन्दोलन परिचालन
धवल शम्शेर राणा तथा प्रवक्ता अधिवक्ता स्वागत नेपाल लगायत अन्य सहयोद्धालाई पक्राउ गर्ने
नजरबन्दमा राख्ने कार्य भएको छ । श्री ५ महाराजाधिराजलाई समेत बदनाम गराउने र घटनामा
देखाउने उद्देश्यले नजरबन्द गर्ने वा पक्राउ गर्ने भन्ने तयारी भइरहेको समाचारहरु बाहिर आएको
अनुरुप कदम चाल्ने प्रयास भएमा देशभरबाट आम नागरिकहरु स्वतस्फूर्त विरोधमा उत्रने छन्
जानकारीमा आएको कुरा यहाँ उल्लेख गर्दै त्यस किसीम हुने कदमको घोर भत्र्सना गर्दछौं ।

जनताद्वारा गरिने जनआन्दोलन कुनै पनि नेताको इसारामा चल्दैन, जनचाहना र जनविद्रोहबाट उ
आन्दोलनको अगुवाइ र नेतृत्व जनताले नै गर्छन् । अतः आजको बर्बतापूर्ण दमन र हिंसाका वि
जनआन्दोलन जनताले देशैभरी शान्तिपूर्ण तवरले गर्नु हुनेछ भन्ने अनुरोध सहित जनता अघि ल
आन्दोलन र जनचाहनाको हामी सदैव पक्षमा रहने छौं, साथ दिनेछौं ।

स्मरण रहोस् यस्तो किसीमको विषम परिस्थितिमा कसैबाट धमिलो पानीमा माछा मार्ने प्रयास नगरि
देशभक्त जनताको आन्दोलन जारी छ ।

नवराज सुवेदी

---

राजसंस्था पुनर्स्थापनाका लागि
संयुक्त जनआन्दोलन
परिचालन समिति

### नागरिक छानबिन आयोग गठन

चैत्र १५ गते तीनकुनेमा शान्तिपूर्ण कार्यक्रममा हिंसा भड्काएर भए गरिएका गम्भ
हननको घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग र सरकारले समेतबाट छानि
नेपालको छबी धुमिल बनाएकोले राष्ट्रिय जीवनका विविध क्षेत्रका विशिष्ठ व्यक्तित्व
तर्फबाट अनुसन्धान गरिदिन प्रस्ताव गरिएकोमा स्वीकार गरी वरिष्ठ अधिवक्ता देवे
संयोजकत्वमा स्वतन्त्र र निष्पक्ष नागरिक छानबिन आयोग गठन भएको छ ।

नागरिक समाजका विशिष्ठ व्यक्तित्व तथा संघसंस्थाहरुको सामूहिक प्रस्तावम
छानबिन आयोगका सदस्यहरुमा सुरक्षा क्षेत्रबाट पूर्व एआइजी रविराज थापा, चि
रामप्रसाद उप्रेती, मानवअधिकारको क्षेत्रबाट मानवअधिकार विषयमा विद्यावारिधी
अधिवक्ता हरि कट्टेल रहनु भएको छ ।

उक्त आयोग गठनको प्रस्तावका लागि संयुक्त जनआन्दोलन समितिका कार्यव
जगमान गुरुङ्ग, ३६ वटा संघसंस्थाको छाता संस्था राष्ट्रिय शक्ति नेपालका संयोजक
पर्यटन व्यवसायी समाजसेवी भरत बस्नेत, किशोरी महतो, प्रा.डा. रत्नकमल वैद्य, अध्या
बस्नेत, मानव अधिकार म्याग्नामिट २०११ का संयोजक सुरेश आचार्य, रमा सिंह, उ
प्रशासक हरि बहादुर बस्नेत, राष्ट्रिय नागरिक संघर्ष समितिका संयोजक नरेश बहादुर
यादवराज पाण्डेय, निराकार रेग्मी, दिपक महाराज आत्रेय, नेवा एकता तथा नागरिक
समेत ३९ संघसंस्था तथा प्रबुद्ध व्यक्तित्वहरुका तर्फबाट हस्ताक्षर गर्नु भएकोमा क
सम्पन्न एक भेलाले पारित गरेको हो । उक्त प्रस्तावमा समर्थन जनाउँदै देश तथा विदेश

---

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरि
बचाउ महाअभियान, नेपाल
केन्द्रिय कार्यालय
तिनकुने, पेरिसडाँडा, कोटेश्वर-३२, काठमाण्डौं, नेपाल

**प्रेस विज्ञप्ति** मिति

राष्ट्र, राष्ट्रियता,धर्म,संस्कृति र नागरिक बचाउ महाअभियानका केन्द्रिय अ
जनआन्दोलन परिचालन समितिका जनकमान्डर श्री दुर्गा प्रसाईं ज्युले दे
हितकालागि, मानवाधिकार कर्मि,नागरिक समाज, कानुन बिदहरुको सल्ला
प्रहरी समक्ष आफै स्व इच्छा गिरफ्तार दिएको र अहिलेको हाम्रो लडाई देश
माफिया तस्कर विरुद्धको लडाई हो भनेर प्रष्ट हुन, परिस्थिति अनुसार देश,
लागि एकजुट हुन र संघर्ष गर्न अनुरोध गर्नु भएको हुँदा यसै सन्दर्भमा निम्न
गर्दै प्रेस बिज्ञप्ति जारी गर्दछौ ।

१. निरंकुश सरकार, गृहमन्त्रीको राजीनामा माग गर्दै प्रहरी प्रशासनको ज्याद
एवंम भत्सर्ना गर्दछौ ।
२.केन्द्रिय अध्यक्ष तथा जनकमान्डर श्री दुर्गा प्रसाईं लगाएत सम्पुर्ण नेतृत्व र अ
तुरुन्तै बिना सर्त स-सम्मान रिहाई गरियोस ।
३. जनकमन्डर श्री दुर्गा प्रसाईं ज्यु लगाएत आस्थाका बन्दीहरुको मानव अधिक
रक्षा गरियोस ।
४. इतिहासमा षड्यन्त्र गरि गौर हत्याकान्ड र टिकापुर हत्या कान्ड घटाए जस्तै
दुर्गा प्रसाईंलाई फसाउने षड्यन्त्रहरु असफल भएको छ। तर्सथ,षड्यन्त्रकारी
गरियोस।
५.चैत्र १५ गतेको कोटेश्वर तिनकुने घटनामा सरकार , गृहमन्त्री , प्रहरी प्र
षड्यन्त्र भएकोले अहिलेसम्म सरकारले "न्यायीक छानबिन समिति" ब
नसकेको सर्वबिदितै छ। तर्सथ, "उच्च स्तरीय संसदिय न्यायीक छानबि
गठन गरियोस।
६. राज सस्था ,लोकतान्त्र , किरात , बौद्ध सहितको वैदिक सनातन हिन्दु
स्थापना , बैंक , लघुबित्त , सहकारी , मिटरब्याजी , सुकुम्बासी , बेरोज

## तीनकुने घटनापछि विभिन्न पेशागत संघसंगठनहरूले जारी गरेका विज्ञप्तिहरू



नेपाल प्रेस युनिय
केन्द्रीय समिति
काठमाडौं

मिति: २०८१

प्रेस विज्ञप्ति

पूर्वराजा ज्ञानेन्द्र शाहको उक्साहटमा अराजक, उच्छृङ्खल आन्दोलनकारीले गरेक
आगजनीमा परेर रिर्पोटिङ गरिरहेका एभिन्यूज टेलिभिजनका क्यामरा पर्सन सुरेश
भएको दु:खद घटनाले नेपाल प्रेस युनियन निकै मर्माहित र स्तब्ध भएको छ। स्व
हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा प्रेस युनियन गहिरो स
गर्दछ। पूर्व राजाबादीले गरेको तोडफोड र आगजनीमा परेर रजकको निधन भएक

हिंसात्मक गतिबिधिका कारण रिर्पोटिङमा गएका पत्रकारले अकालमा मृत्यु व्यहोर्न
अन्नपूर्ण पोष्ट दैनिक, कान्तिपुर टेलिभिजनमा भएको आगजनी तथा तोडफोडक
घोर भर्त्सना र निन्दा व्यक्त गर्छन्। प्रेस स्वतन्त्रता विरोधी यस्ता हिंश्रक आन्दोलन
गरे पनि पुग्दैन। घटनाको तत्काल छानबिन गरी दोपीलाई कारबाही गर्न, मृतकक
आक्रमणमा क्षति पुगेका सञ्चार गृहलाई क्षतिपूर्ति दिन युनियन आग्रह गर्दछ।

पूर्व राजा ज्ञानेन्द्र शाहको शाही कुमा जसरी सञ्चार माध्यमलाई तारो बनाएक
उनकै नाममा भएको आन्दोलनमा प्रेसमाथि आक्रमण गर्ने कार्य निन्दनीय छ
गणतन्त्रको विकल्प निरंकुश राजतन्त्र हुन सक्दैन। लोकतन्त्रको विकल्प समुन्नत
भन्ने युनियनको मान्यता छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न, पत्रक
रुपमा रिर्पोटिङ गर्ने बाताबरण सृजना गर्न, हिँसात्मक आन्दोलन नगर्न युनियन सम
आग्रह गर्दछ।



प्रेस चौतारी नेपाल
PRESS CHAUTARI NEPAL
केन्द्रीय समिति

मिति : २०८

प्रेस विज्ञप्ति

कथित राजावादी समहको नाममा आज काठमाडौंमा भएको अराजकतापूर्ण र
प्रदर्शनका क्रममा समाचार संकलनमा रहेका सञ्चारकर्मीको ज्यान गुमेको र स
सञ्चारमाध्यममाथि भएको आक्रमणको घटनाले प्रेस चौतारी नेपाल स्तब्ध बनेको

काठमाडौंको तीनकुनेमा आज प्रदर्शनकारीले हिंसात्मक ढंगले निजी भवनमा आग
सोही भवनको माथिल्लो तलामा बसेर समाचार छायाँकन गरिरहेका एभिन्यूज टेलि
पत्रकार **सुरेश रजकको** कार्यस्थलमै जलेर मृत्यु भएको छ। यसैगरी, प्रदर्शनकारील
पोष्ट दैनिकमा आगजनीको प्रयास गर्नुका साथै कान्तिपुर टेलिभिजनमा ढुंगामुढ
हिमालय टेलिभिजनको गाडी तोडफोड गरेका छन। शान्तिपूर्ण प्रदर्शन गर्न पाउन
अधिकार भएपनि आन्दोलनको बहानामा भएका यस्ता अराजक एवं आ
गतिविधिको शिकार सञ्चारकर्मी र सञ्चारमाध्यम हुनु गम्भीर चिन्ताको विषय
काठमाडौंमा सम्पन्न प्रेस चौतारी नेपालको प्रथम केन्द्रीय समिति बैठकले सो
घटनाको कडा शब्दमा निन्दा र भर्त्सना गरेको छ। यस्ता घटनामा संलग्न दो
कडा कारबाही गर्न पनि बैठकले सरकारसँग जोडदार माग गरेको छ।

जनताको बलिदानी, कष्टसाध्य संघर्ष र त्यागबाट प्राप्त नेपालको लोकतान्त्रिक गण
धावा बोल्दै भइरहेका यस्ता अराजक गतिविधिलाई तत्काल निष्तेज गर्न प्रेस चौत
सरकारसँग जोडदार माग गर्दछ। साथै, संविधान प्रदत्त पूर्ण प्रेस स्वतन्त्रताको अ
सम्मान गर्दै पत्रकारहरुको सुरक्षाको प्रत्याभूति दिलाउन तथा निर्वाध रुपमा
संकलन, सम्प्रेषण र प्रकाशन/प्रशारणमा अवरोध सिर्जना नगर्न सम्बन्धित पक्षहरु
अपील पनि गर्दछौं।



काठमाडौंको तीनकुनेमा शुक्रबार आगलागीमा पर्नुअघि राजावादी र प्रहरीबीच भएको झडपको भिडियो खिचिरहेका सुरेश रजक।
तस्बिर : उमेश कार्की/नेपाल प्रेस

## महासंघको आन्दोलन र अध्ययन समितिले गरेका छलफलका तस्बिरहरू



पत्रकार सुरेश रजकको ताहाचलस्थित घरमा पुगेर परिवार र आफन्तसँग छलफल गर्दै महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, उपाध्यक्ष उमिद बागचन्द र महासचिव रामप्रसाद दाहालसहितको टोली ।






२०८१ चैत १६ गते पत्रकार हत्या, मिडियामाथिको आक्रमणकाविरुद्ध काठमाडौँको माइतीघरमा भएको विरोध प्रदर्शन कार्यक्रम ।




२०८१ चैत १६ गते पत्रकार हत्या, मिडियामाथिको आक्रमणकाविरुद्ध काठमाडौँको माइतीघरमा भएको विरोध प्रदर्शन कार्यक्रममा पूर्वअध्यक्ष शिव गाउँले लगायत ।



२०८१ चैत १५ गते प्रदर्शनकारीले तोडफोड गरी आगजनी गरेको अन्नपूर्ण पोष्ट दैनिकको कार्यालय ।



२०८१ चैत १५ गते प्रदर्शनकारीले तोडफोड गरी आगजनी गरेको अन्नपूर्ण पोष्ट दैनिकको कार्यालय निरीक्षण गर्दै नेपाल पत्रकार महासंघको टोली ।



२०८१ चैत १५ गते प्रदर्शन भएको स्थल तीनकुने क्षेत्रको स्थलगत अवलोकन, घटनास्थलमा खटिएका प्रहरी र स्थानीयसँग कुराकानी गर्दै नेपाल पत्रकार महासंघको टोली ।



२०८१ चैत १५ गते भएको तोडफोडपछि कान्तिपुर टेलिभिजन कार्यालयको निरीक्षणमा नेपाल पत्रकार महासंघको टोली ।



२०८१ चैत १५ गते कान्तिपुर टेलिभिजनमा भएको ढुंगामुढाका विषयमा प्रत्यक्षदर्शीसँग कुराकानी गर्दै अध्ययन टोली ।



तीनकुनेमा प्रदर्शनकारीको आक्रमणबाट घाइते भएका पत्रकार दिनेश गौतमका विषयमा अनलाइनखबरमा जानकारी लिँदै अध्ययन टोली ।




पत्रकार सुरेश रजकको मृत्यु र तीनकुने घटनाका सम्बन्धमा एभिन्युज टेलिभिजनको कार्यालयमा जानकारी लिँदै अध्ययन टोली ।



२०८१ चैत १५ गते भएको पत्रकार हत्या, पत्रकार तथा मिडियामाथिको सुनियोजित आक्रमणका सन्दर्भमा गृहमन्त्री रमेश लेखकको ध्यानाकर्षण गराउँदै नेपाल पत्रकार महासंघ



२०८१ चैत १५ गते भएको घटनाका विषयमा प्रहरी परिसर काठमाडौंमा जानकारी लिँदै अध्ययन टोली।



२०८१ चैत १५ गते भएको पत्रकार हत्या, पत्रकार तथा मिडियामाथिको सुनियोजित आक्रमणका सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण गराउँदै नेपाल पत्रकार महासंघ




पत्रकार सुरेश रजकको १३ औं दिनको पुण्यतिथिमा परिवारलाई महासंघका तर्फबाट समवेदना पत्र हस्तान्तरण गर्दै उपाध्यक्ष उमिद बागचन्द, महासचिव रामप्रसाद दाहाललगायत ।




२०८१ चैत २७ गते काठमाडौंको माइतीघरमा दीप प्रज्वलन गर्दै पत्रकार सुरेश रजकप्रति श्रद्धाञ्जली अर्पण ।



सरोकारवाला संगठनका अध्यक्षहरूसँग छलफल



२०८२ तीनकुने घटनाबारे मिडिया सञ्चालक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँगको छलफल ।




२०८१ चैत १५ गते तीनकुनेमा राजसंस्थाका पक्षधर प्रदर्शनकारीले गरेको आगजनी ।




२०८१ चैत १५ गते तीनकुनेमा प्रदर्शनकारीको आक्रमणबाट घाइते भएका पत्रकार दिनेश गौतम । तस्बिर : अनलाइनखबर ।

## घटनापछि त्यस विषयमा विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचार



मौनता सच्चा साथी हो, जसले कहिल्यै पनि विश्वासघात गर्दैन ।

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

के तपाईंले आजको राजधानी पत्रिकासँग भौचर लिनु भयो ?

५० नाम्बका राजधानी ग्राहक योजना

RAJDHANI Nepali National Daily | Saturday 29 March 2025

## राजावादीको आन्दोलन अराजक र हिंसात्मक

• दुई जनाको मृत्यु • व्यक्तिगत र सरकारी सम्पत्तिमा लुटपाट • आगजनी र तोडफोड

• 'आन्दोलनमा सरकारबाटै घुसपैठ'

• पूर्वानुमान गर्न नसक्दा मानवीय र भौतिक क्षति

फोटो फिचर पृष्ठ ८ मा



राजस्थानद्वारा चेन्नई पराजित । १०

फिफ्का गोलरहित बराबरी । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

KANTIPUR Nepali National Daily, Monday, March 31, 2025

## अराजक राजावादी, अस्तव्यस्त सुरक्षा प्रणाली

दिउँसो साढे २ बजेतिर आफैले सवारी चलाएर प्रहरीलाई सामूहिक रूपमा कुल्चने गरी सडक आतंक मच्चाएका दुर्गा प्रसाईलाई पक्राउ गर्न राति साढे ७ बजेतिर मात्रै प्रहरी परिचालन गरिएको थियो

गणतन्त्रका मुद्दामा एकजुट हुने दलहरूको प्रतिबद्धता

## पाँच अध्यादेशमार्फत ल्याइएका कानुन संकटमा

प्रतिस्थापन विधेयक सोमबार राति १२ बजेभित्र राष्ट्रपतिबाट प्रमाणीकरण नभए पाँच अध्यादेशमार्फत ल्याइएका कानुन निष्क्रिय हुने

अध्यक्ष दाहालले नियमावलीअनुसार बैठक अगाडि बढाउनुको सट्टा राजनीतिक सहमति खोज्दा झन् समस्या उत्पन्न भएको छ

प्रधानमन्त्रीले जवाफ दिएपछि समस्या समाधान भइहाल्छ, निकास खोजी भनेका थियौं तर सत्तापक्षले कुरा गर्नै चाहनुभएन

शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
कान्तिपुर
वर्ष ३३ अंक २९ काठमाडौं | १५ चैत २०८१ शनिबार चैत कृष्णपक्ष औंसी | नेपाल संवत् ११४५ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, March 29, 2025 | पृष्ठ ८+४ | १० रुपैयाँ

विशेष सम्पादकीय

## ज्ञानेन्द्र शाहलाई जवाफदेही बनाऊ

नेपालमा राजसंस्था पुनःस्थापना गर्ने अभियानमा लागेका राजावादीले शुक्रबार राजधानीमा उत्पात मच्चाएका छन् । आफ्ना मागको वैचारिक, राजनीतिक र व्यावहारिक तर्क र दृष्टिकोण प्रस्तुत गर्नुको सट्टा तोडफोड, आगजनी र लुटपाट मच्चाएका उनीहरूले उन्माद र अराजकता नै आफ्नो पहिचान र चरित्र हो भन्ने प्रमाणित गरेका छन् । पूर्वराजा ज्ञानेन्द्र शाहकै योजना र आशीर्वादमा उक्साइएको यो उद्दण्ड जत्थाले व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा आगजनी मात्रै गरेको छैन, औषधि कारखाना र सञ्चारगृहमा सुनियोजित आक्रमण गरेको छ तथा व्यापारिक केन्द्रमा पसेर लुटपाट पनि मच्चाएको छ ।

राजालाई गद्दीमा फर्काउने मूलमन्त्र बोकेको समूह मूलतः अराजनीतिक, अमानवीय र असंवेदनशील मनोविज्ञानबाट निर्देशित देखिएको छ । यसले ज्ञानेन्द्र शाहलाई गद्दीमा फर्काउने होइन बरु नागरिकका रूपमा उनको बचेखुचेको साख र सम्मानलाई पनि धूलिसात् बनाउने बाटो लिएको छ । २०६२/६३ को जनआन्दोलनमा लाखौं लाख जनता सडकमा आएका हुन् । त्यो आन्दोलन राजनीतिक रूपमा प्रतिबद्ध र नैतिक रूपमा निष्ठावान् भएकाले सभ्य, संयमित र परिणाममुखी भएको हो । तत्कालीन राजा ज्ञानेन्द्र र उनका कमान्डरहरूले हेलिकोप्टरबाट देखेको जस्तो जनसागर कुनै कारणले अनियन्त्रित भएको भए परिणाम केसम्म हुन सक्थ्यो ! ज्ञानेन्द्र शाह र उनका कमान्डरले अहिलेसम्म नसोच्नु विडम्बना हो ।

राजावादीको प्रदर्शनको 'कभरेज' गर्न फिल्डमा खटिएका व्यावसायिक पत्रकारसहित दुई जना यो आततायी विध्वंसका सिकार बने । सन्धी सगायतका औषधि बनाउने जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा आगो लगाएर ध्वंस गरियो । अत्यन्त प्रज्वलनशील इन्धनको डिपो र दर्जनौं जहाज रहेको अन्तर्राष्ट्रिय विमानस्थलभित्र आगो फ्याँकियो । कान्तिपुर टीभीको कार्यालयमा योजनाबद्ध आक्रमण गरियो भने अन्नपूर्ण पोस्टको कार्यालयमा तोडफोड गरी आगोसमेत सल्काइयो । नेपालको राष्ट्रिय झन्डा काँधमा भिरेका व्यक्तिको जत्थाले भाटभटेनी सुपरमार्केटमा लुटपाट गर्‍यो । एकीकृत समाजवादीको पार्टी कार्यालयमा तोडफोड तथा आगजनी भयो । निजी तथा सार्वजनिक कार्यालय, गाडी र सम्पत्ति बेहिसाब जलाइयो, आगो निभाउन गएको दमकललाई तोडफोड गरेर कर्मचारीलाई कुटियो । राजा फर्काउन सडक प्रदर्शनका ठेकेदार बनाइएका दुर्गा प्रसाईंले प्रहरीलाई सामूहिक रूपमा कुल्चने उत्तेजनासहित गाडी सडकमा दौडाए । यस हदसम्मको वितण्डा मच्चाउने सोच र शक्ति कहाँबाट प्राप्त भयो ? राजावादी अभियानले नै प्रसाईंलाई आधिकारिक कमान्डर नियुक्त मात्र गरेको छैन, एक दिनअघि मात्र प्रसाईंले निर्मल निवासमा पूर्वराजा ज्ञानेन्द्रसँगै बसेर योजना बनाएका थिए । फिल्डमा खटेका प्रसाई त फरार भएका छन् तर उनका पथप्रदर्शक ज्ञानेन्द्र शाहलाई यसको जवाफदेही बनाउन जरुरी छ ।

खासमा दुर्गा प्रसाई ज्ञानेन्द्र शाह जस्तो देखिने र ज्ञानेन्द्र शाह दुर्गा प्रसाई जस्तो देखिने यो अनौठो दृश्य देशका लागि घातक मिश्रण हो । नवराज सुवेदी जस्ता 'पुरातात्विक' र रवीन्द्र मिश्र जस्ता 'नयाँ भेरिएन्ट' का राजावादीहरूले आफ्नो अतृप्त आकांक्षाका लागि समाजको तरल मनोविज्ञानमा दाउ हानिरहेका छन् । यो बेलामा फिला 'क्लियर' गर्नुपर्ने अवस्थामा पुगेका छन्- राजेन्द्र लिङ्देन र उनको नेतृत्वमा रहेको राप्रपाका नेता तथा कार्यकर्ता । के जननिर्वाचित संविधानसभाबाट पारित संविधानमाथि राप्रपाको सम्पूर्ण भरोसा सकिएको हो ? देशको पाँचौं ठूलो दलको हैसियत दिने संसद्प्रतिको आस्था नामेट भएर उनीहरूका लागि अब दुर्गा प्रसाई र रवीन्द्र मिश्रको छद्म नेतृत्व निर्विकल्प भएको हो ? दलको रूपमा राप्रपाको पहिचान, प्रवृत्ति र औचित्य स्पष्ट हुनुपर्ने बेला आएको छ ।

पूर्वराजा ज्ञानेन्द्र नेपाली जनताको मतबाट निर्वाचित भएर होइन, दुर्गा प्रसाईंजस्ता फौजदारी अपराधमा तारिख धाइरहेका विवादास्पद व्यक्तिको काँध चढेर शासनमा फर्किन चाहन्छन् । उतिबेला ज्ञानेन्द्र मिडिया हाउसमा सेनाका कर्नेललाई 'सुपर एडिटर' बनाएर पठाउँथे, अहिले अराजक तत्त्वलाई अगुल्टो दिएर सञ्चारगृह, विमानस्थल र औषधि कारखानामा पठाउन थालेका छन् । यसले आज एक जिम्मेवार नागरिकको रूपमा पनि उनी काम, कर्तव्य र जवाफदेहिताबाट विमुख भएको प्रस्ट हुन्छ । प्रदर्शनका नाममा सार्वजनिक, सरकारी तथा निजी सम्पत्तिमा आगो लगाउने को को हुन् ? तिनलाई उत्तेजित बनाउन अँध्यारो कुनामा को को सक्रिय छन् भन्ने विषयमा राज्यले सघन अनुसन्धान गरी जवाफदेही बनाउन जरुरी छ ।

राजावादीले शुक्रबार प्रदर्शन गरेको विध्वंस नेपालको राजनीतिक ध्रुवीकरणमा पर्खने र हेर्ने मौकापरस्तहरूका लागि पनि 'अल्टिमेटम' हो । धमिलो पानीमा माछा मार्ने उनीहरूको समयको सुविधा स्वयं राजावादीले लुटिसकेका छन् । सञ्चारगृह र औषधि कारखानामा आगो सल्काउने र डिपार्टमेन्ट स्टोरभित्र छिरेर फलफूलदेखि मदिरासम्म लुट्ने समूहको उद्दण्डताबीच आफ्नो भविष्य खोज्ने समय सबैका लागि सकिएको छ । राजावादी र गणतन्त्रवादी सबैले आ-आफ्नो विचारधारा स्पष्ट पारेर अराजनीतिक होइन, राजनीतिक प्रतिस्पर्धा गर्न जरुरी छ ।

# तोडफोड, आगजनी र लुटपाटमा राजावादी

- प्रदर्शन हिंसात्मक, २ जनाको मृत्यु, ११० घाइते
- ज्ञानेन्द्र शाहका 'कमान्डर' दुर्गा प्रसाईं फरार

विवेक घिमिरे (काठमाडौं)

राजावादीको हुलदंगा, आक्रमण र आगजनीसहितको हिंसात्मक आन्दोलनमा दुई जनाको मृत्यु भएको छ भने सुरक्षाकर्मीसहित ११० घाइते भएका छन् । मृत्यु हुनेमा एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजक र कीर्तिपुर-४ का २९ वर्षीय सबिन महर्जन छन् ।

प्रत्यक्ष प्रसारणका लागि भिडियो खिचिरहेका पत्रकार रजक बसेकै घरमा राजावादीले आगजनी गरेपछि जलेर मृत्यु भएको हो । सुमो चालक कीर्तिपुरका महर्जनको भने कोटेश्वरस्थित प्रहरी प्रभागमा ढुंगा प्रहार गरेर आगजनी प्रयास गर्दा प्रहरीले चलाएको गोली लागेर ज्यान गएको हो ।

घाइते हुनेमा नेपाल प्रहरीका ५३, सशस्त्रका २२ र राजावादी ३५ जना छन् । घाइतेमध्ये ९ जनालाई गोली लागेको छ । तीमध्ये एकको अवस्था गम्भीर छ । रबरको गोली लागी घाइते भएका ५ जनाको निजामती कर्मचारी अस्पतालमा उपचार भएको छ । त्यहाँ उपचार गरिएकामध्ये एक जनाको आकस्मिक शल्यक्रिया गरिएको थियो । अन्यको अवस्था सामान्य छ । केहीलाई उपचारपछि डिस्चार्ज गरिएको अस्पतालले जनाएको छ । गोली लागेका दुई जनाको भने ट्रमा सेन्टरमा उपचार भइरहेको छ । दुईमध्ये २७ वर्षका एक पुरुषको पेटमा गोली लागेको छ । बाँकी पृष्ठ ७



तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर
काठमाडौंको तीनकुनेमा शुक्रबार राजावादीले गराएको आगजनी । यही भवनको आगलागीमा पत्रकार सुरेश रजकको मृत्यु भएको हो ।

## ज्ञानेन्द्र शाहसँगको भेटपछि प्रसाई 'कमान्डर'

राजेश मिश्र (काठमाडौं)

राजावादी आन्दोलनको अगुवाइ गरिरहेका दुर्गा प्रसाईंले बिहीबार पूर्वराजा ज्ञानेन्द्र शाहसँग दुई घण्टा भेटेर फर्किएपछि एकाएक आन्दोलनको निम्ति नयाँ समीकरण बनेको थियो । प्रसाईंले नै शुक्रबार सुरक्षाकर्मीलाई पेलेर गाडी हुइँक्याउँदै निषेधित क्षेत्र तोडेर उत्तेजित बनाएपछि राजावादी उग्र र हिंसात्मक बने ।

चैत १५ मा निर्णायक आन्दोलन गर्ने घोषणा प्रसाईंले चैत २ मै गरेका थिए । अन्य राजावादीले भने उनीसँगै अघि बढ्न नसकिने बताउँदै आएका थिए । तर प्रसाई र शाहबीच बिहीबारको भेटवार्तालगत्तै उक्त आन्दोलनलाई सघाउने भन्दै अन्य राजावादीले पनि साथ दिने घोषणा गरे ।

पूर्वपञ्च नवराज सुवेदी नेतृत्वको चैत ४ मा गठित राजसंस्था पुनःस्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले पनि उक्त भेटपछि बिहीबारै प्रसाईंलाई जनआन्दोलन समितिको कमान्डर घोषणा गर्‍यो । प्रसाईंले आह्वान गरेको आन्दोलनको अपनत्वसमेत लिएको घोषणा समितिले गर्‍यो । राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा र कमल थापा नेतृत्वको राप्रपा नेपालले पनि समर्थन जनाउँदै कार्यकर्तालाई सहभागी हुन आह्वान गरे । बाँकी पृष्ठ ७

# भिडियो खिच्दाखिच्दै भवनसँगै जले पत्रकार सुरेश


**सुरेश फुटेज खिच्न भवनभित्र पसेको केही बेरमा आगो दन्कियो, अश्रुग्यास पनि प्रहार भयो, सञ्चारकर्मी, राजावादी तितरबितर भए, आगो नियन्त्रणमा आएपछि सुरेशलाई खोज्दा जलेको अवस्थामा फेला परे**

सुरज कुँवर (काठमाडौं)

मूल घर ताहाचल भई हाल चन्द्रागिरिमा बस्दै आएका ३३ वर्षीय सुरेश रजक एभिन्युज टीभीको क्यामेरा तथा भिडियो विभागतर्फका प्रमुख थिए । १० वर्षदेखि एभिन्युजमा कार्यरत उनी मुख्य घटना तथा राजनीतिक गतिविधिमा आफैं भिडियो खिच्न खटिन्थे ।

एभिन्युजका सम्पादक सुशील पाण्डेका अनुसार राजावादीको आन्दोलनबारे 'फिल्ड रिपोर्टिङ' गर्न शुक्रबार पारस श्रेष्ठ र अनिल तामाङसँगै क्यामेरा पर्सन सुरेश तीनकुने खटिएका थिए । सुरेशले त्यहाँका गतिविधिको लाइभ भिडियो खिचिरहेका थिए । यसै क्रममा मार्बल हाउस रहेको भवन नजिक हुलदंगा सुरु भयो । सुरेश 'एक्सक्लुसिभ फुटेज' खिच्न भवनभित्र पसे । त्यसको केही बेरमा भवनमा आगो दन्कियो । त्यसपछि अश्रुग्यास प्रहार भयो । सञ्चारकर्मी, आन्दोलनकारी तितरबितर भए । भवनभित्र गएका सुरेश सम्पर्कविहीन भए ।

एभिन्युज टीभीकै रिपोर्टरहरूले उनी कतै अश्रुग्यास छल्दै लुकेका होलान् भन्ने ठाने । तर सुरेश साँझ समयसम्म पनि फर्किनन् । उनीहरूले यो खबर महाराजगन्जस्थित टीभीको न्युज रुममा दिए । सुरेशको खोजी हुन थाल्यो । बाँकी पृष्ठ ७



तस्बिर : उमेश कार्की/नेपाल प्रेस
काठमाडौंको तीनकुनेमा शुक्रबार आन्दोलनमा पर्नुअघि राजावादी र प्रहरीबीच भएको झडपको भिडियो खिचिरहेका सुरेश रजक ।




बिर्तामोडको सुन्दर मौसममा स्वागत छ !
न्यानो मौसम, चिसो यात्रा र अन्तर्राष्ट्रिय सपिङको केन्द्र।

चिसोको आनन्द लिन चाहनुहुन्छ?
पूर्वको पर्यटकीय स्थल कन्याम नजिकै छ-केवल ३० मिनेटको यात्रा !

अन्तर्राष्ट्रिय सपिङको चाहना छ?
भारतको सिलिगुडी पनि नजिकै छ-उत्कृष्ट किनमेल अनुभवको लागि !

१.६ करोड देखि सुरु




SHIVAM Housing
An exclusive smart-housing project in Eastern Nepal
बिर्तामोड, झापा
9863605415/9842100751

annapurnapost.com

# अन्नपूर्ण

वर्ष २३, अंक ३२४ पृष्ठ ८ | काठमाडौं, शनिबार १६ चैत २०८१ | चैत्र कृष्णपक्ष औंशी, नेपाल संवत् ११४५ | SATURDAY, MARCH 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु.



राजावादी आन्दोलनका नाममा तीनकुनेस्थित अन्नपूर्णको कार्यालयमा शुक्रबार गरिएको तोडफोड र आगजनी। ● अन्नपूर्ण




## आन्दो
## नाममा अर
## पराक

दिनेश गौतम | काठमाडौं

आफैं गाडी चलाउँदै बीएची ४२०८ नम्बरको गाडीमा प्रदर्शनस्थल तीनकुने पुगे, दुर्गा प्रसाई। उनले प्रदर्शनकारीहरूलाई उक्साउँदै सुरक्षाकर्मीलाई गाली गर्न थाले। गाडीले पेलेर निषेधित क्षेत्र तोड्ने प्रयास गरे। त्यस क्रममा प्रहरीले रोक्न खोजे। तर, प्रसाई भने पेलेरै अघि बढे। प्रसाईले प्रहरीको पहिलो घेरा तोड्दै अघि बढ्दा प्रहरीले संयमता अपनाएका थिए। त्यसपछि प्रदर्शनकारी उग्र बनेका थिए। सुरक्षाकर्मीले बल प्रयोगको प्रयास गरेका थिए।

राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलका अनुसार, झडपमा परी प्रहरी र प्रदर्शनकारी दुवैतर्फ घाइते भएका छन्। प्रदर्शनकारीले तीनकुने क्षेत्रमा सञ्चारमाध्यमका भवन, कलेजका भवन तथा व्यक्तिगत घरमा आगजनी र आक्रमण गर्नुका साथै आगो निभाउन हिँडेको दमकल तथा सशस्त्र प्रहरीको गाडीमा समेत ढुंगा प्रहार गरेका छन्।

प्रदर्शनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, कमल थापा, ज्ञानेन्द्र शाहीलगायत नेता भने देखि परेनन्। पूर्वडीआईजी केशव अधिकारीका अनुसार, प्रसाईको विवादित पृष्ठभूमिको सबैले हेक्का गर्नुपर्ने बताउँछन्। 'कमान्डरले घोषणा गर्नुअघि नै आन्दोलनको बारेमा विस्तृत विश्लेषण गर्नुपर्ने हुन्छ। कुन तहका कार्यकर्तालाई सहभागी गराउने र कस्तो रणनीति अपनाउने र आन्दोलनको क्रममा अप्रिय घटना हुन सक्ने तर्फ पनि ख्याल गर्नुपर्ने हुन्छ,' अधिकारी भन्छन्, 'जुन व्यक्ति (दुर्गा प्रसाई)लाई फिल्ड कमान्डको नेतृत्व सुम्पिने काम भयो। त्यो नै उपयुक्त व्यक्ति होइन।' फिल्ड





राजावादी आन्दोलनको नाममा कान्तिपुर टेलिभिजनको कार्यालयमा भएको तोडफोड (दायाँ)। आन्दोलनकारीको आगजनीमा परी ज्यान गुमाएका एभीन्युज टेलिभिजनका पत्रकार सुरेश रजक।

दम्भी शासकहरूले पनि प्रेसलाई सीमित नगरून् भनेर संविधानको प्रस्तावनामै लेखियो- पूर्ण प्रेस स्वतन्त्रता। अर्थात्, कसैले पनि प्रेसको स्वतन्त्रता नखोसोस्, यसलाई सीमित घेराभित्र नबाँधोस् भन्नका लागि प्रेस स्वतन्त्रताको अघि 'पूर्ण' शब्द लेखिएको हो। तर, राजावादीका नाममा शुक्रबार भएको आन्दोलनको निसाना बनाइयो- स्वतन्त्र प्रेस। प्रत्यक्ष प्रसारण गरिएका सञ्चारकर्मी चढेको घरमा आगो लगाएर ज्यान लिइयो। अन्नपूर्ण पोस्ट्को कार्यालयमा आगो लगाएर सञ्चारकर्मी र कर्मचारीको ज्यान लिने कोसिस भयो। यसबाट स्पष्ट हुन्छ- परिवर्तन बिरोधीहरू प्रेस स्वतन्त्रताको बिपक्षमा छन्। उनीहरू कलमका निब भाँचेर निहित स्वार्थपूर्तिमा केन्द्रित छन्।

## जनतालाई रैती बनाउने कुचेष्टा नगर्न चेतावनी

राधा खनाल | काठमाडौं

विपक्षी दल सम्बद्ध समाजवादी मोर्चाले शुक्रबार राजधानीमा गणतन्त्र र परिवर्तनका पक्षमा शान्तिपूर्ण प्रदर्शन र सभा गऱ्यो। संवैधानिक व्यवस्थाविरुद्ध धावा बोल्न थालिएको भन्दै मोर्चाले प्रदर्शन गरेको हो।

भृकुटीमण्डपमा भएको आमसभामा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनतालाई फेरि रैती बनाउने कुचेष्टा नगर्न



२ अन्नपूर्ण annapurnapost.com

कभर स्टोरी

# प्रेस स्वतन्त्रतामाथि राजावादीक


## अन्नपूर्णमा आगजनी र तोडफोड, एभीन्युजका क्यामेरामान

समाचार संकलनको क्रममा एक सञ्चारकर्मीको जलेर मृत्यु भएको, विभिन्न सञ्चारगृहको भवनमा आगो लगाउने, हुलहुज्जत गरेर भवनभित्र प्रवेश गर्न नपाएपछि ढुंगा हान्ने, सवारीसाधन तोडफोड गर्ने र सञ्चारकर्मीलाई आतंकित तुल्याउने कार्य निन्दनीय र भर्त्सनायोग्य कार्य हुन्।

**नेपाल पत्रकार महासंघ**

व्यक्तिका घर, पसल, सञ्चारगृह, राजनीतिक दलका कार्यालय, सवारीसाधनलगायतका व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति तोडफोड र आगजनीजस्ता कार्य निन्दनीय हुन्। जुन नियोजित रूपमा भएका छन्। तसर्थ यस्ता अपराधजन्य क्रियाकलापका योजनाकार मूल दोषीहरूलाई कानुनसम्मत कारबाही गर्नुपर्छ।

**मानवअधिकार तथा शान्ति समाज**



आन्दोलनका नाममा अन्नपूर्ण मिडिया नेटवर्कमाथि आक्रमण हुनु अत्यन्तै निन्दनीय कार्य हो।


**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

पत्रकारको धर्म नै हो- 'सत्यतथ्य समाचार पस्किनु र जनतालाई सुसूचित गर्नु।' त्यही आफ्नो मूल धर्म र कर्ममा तल्लीन थिए- अन्नपूर्ण मिडिया नेटवर्कका पत्रकार र कर्मचारी। नजिकै तीनकुने चोकमा राजावादीहरूले प्रदर्शन गरिरहेका थिए। एकैछिनमा प्रदर्शनकारी जाइलागे प्रहरीमाथि। प्रहरीले अश्रुग्यास हान्यो। प्रदर्शनकारीमा भागदौड चल्यो। त्यसपछि प्रदर्शनकारीले निजी घरमा ढुंगा हान्न थाले। एउटा घरमा आगजनी नै गरे। अन्नपूर्ण मिडियाका पत्रकार कार्यालयको नवौं तलाबाट भिडियो र फोटो खिचिरहेका थिए। उच्छृंखल र अराजक प्रदर्शनकारी दौडदै अन्नपूर्ण पोस्टको कार्यालय अघि जम्मा भए। अनि, उनीहरूको निसानामा पर्‍यो, अन्नपूर्णको केन्द्रीय कार्यालय। अन्धाधुन्ध ढुंगा र इट्टा प्रहार गर्न थाले। अन्नपूर्ण कार्यालयका सिसा भ्र्यामभुरुम फुट्न थाले। पत्रकार र कर्मचारीमा आतंक मच्चियो। प्रदर्शनकारी त्यत्तिमै रोकिएनन्। बोरामा आगो सल्काएर अन्नपूर्णको कार्यालयभित्र फ्याक्न थाले। कार्यालयको भुईंतलामा आगो फैलियो। भित्र रहेका कर्मचारी र पत्रकारमा भागदौड मच्चियो। बाहिर जाऔं, प्रदर्शनकारी आगो लगाउँदै ढुंगा हानिरहेका थिए। भित्र बसौं, आगोमा परिने डर। ज्यानै लिने उद्देश्यले गरिएको आक्रमणबाट अन्नपूर्णका पत्रकार र कर्मचारीमा त्रास फैलियो।

एकैछिन पछि सुरक्षाकर्मी आइपुगे। कार्यालयका सुरक्षागार्ड, पत्रकार र कर्मचारी मिलेर आगो निभाइयो। धन्न ठूलो दुर्घटनाबाट अन्नपूर्ण जोगियो। 'पत्रकार र कर्मचारीलाई भित्र राखेर बाहिरबाट आगो लगाउने काम आतंककारी गतिविधि हो,' अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष क्याप्टेन रामे□र थापाले भने, 'यो त आतंककारी गतिविधि हो।' अन्नपूर्ण मिडिया नेटवर्कको कार्यालयमाथि गरिएको जघन्य घटनाको प्रेस सम्बद्ध संघसंस्था, राजनीतिक दल, मानवअधिकारवादी संघसंस्था र अन्तर्राष्ट्रिय समुदायबाट भर्त्सना गरिएको छ। मिडिया हाउसमाथि आक्रमण गर्नेलाई तत्काल कारबाही गर्न माग गरेका छन्।

राजावादीको नाममा भएको आन्दोलनमा लोकतन्त्रको पक्षमा रहेका पत्रकार र मिडिया हाउस निसानामा परे। आन्दोलनकारीले कान्तिपुर टेलिभिजनको कार्यालयमा पनि आक्रमण गरेका थिए। यस्तै, हिमालय टेलिभिजनको गाडी तोडफोड गरियो। केही सञ्चारकर्मीका भिडियो क्यामेरा, क्यामेरालगायतका उपकरणमा क्षति पुऱ्याए। 'लोकतन्त्र र प्रेस विरोधी हर्कत सैह्य नहुने' नेपाल पत्रकार महासंघले लोकतन्त्र र प्रेस विरोधी हर्कत दोहोरिए आन्दोलनमा उत्रने चेतावनी दिएको छ। राजावादीको आन्दोलनका नाममा अन्नपूर्ण मिडिया नेटवर्क र कान्तिपुर टेलिभिजनमा भएको आक्रमण तथा एभीन्युज टेलिभिजनका क्यामेरा पर्सनको निधनप्रति महासंघले गम्भीर आपत्ति जनाएको छ। 'राजसंस्थाको पुनर्स्थापनाको माग राख्दै भएको भनिएको आन्दोलनमा सहभागी अराजक समूहले आज गरेको आगजनीको समाचार संकलनको क्रममा एक सञ्चारकर्मीको जलेर मृत्यु भएको, विभिन्न सञ्चारगृहको भवनमा आगो लगाउने, हुलहुज्जत गरेर भवनभित्र प्रवेश गर्न नपाएपछि ढुंगा हान्ने, सवारीसाधन तोडफोड गर्ने र सञ्चारकर्मीलाई आतंकित तुल्याउने कार्य गरेकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ,' महासंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'जनतालाई सुसूचित गराउने र विचार निर्माणमा सघाउने प्रेसजस्तो भरपर्दो सञ्चारसंस्थाहरू र सञ्चारकर्मीको ज्यानै जाने गरी यस प्रकारको हमला हुनु घोर आपत्तिजनक, निन्दनीय र भर्त्सनायोग्य कार्य भएको महासंघको ठहर छ।' यस्तै, प्रेस चौतारी नेपालले अन्नपूर्ण मिडिया नेटवर्क, कान्तिपुर टेलिभिजनमा भएको आक्रमणप्रति गम्भीर आपत्ति जनाएको छ।

'कथित राजावादी समूहको नाममा आज काठमाडौंमा भएको अराजकतापूर्ण र हिंसात्मक प्रदर्शनका क्रममा समाचार संकलनमा रहेका सञ्चारकर्मीको ज्यान गुमेको र सञ्चारकर्मी, सञ्चारमाध्यममाथि भएको आक्रमणको घटनाले प्रेस चौतारी नेपाल स्तब्ध बनेको छ,' चौतारीका महासचिव हीरामान लामाद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रताको अधिकारको सम्मान गर्दै पत्रकारहरूको सुरक्षाको प्रत्याभूति दिलाउन तथा निर्बाध रूपमा समाचार संकलन, सम्प्रेषण र प्रकाशन/प्रसारणमा अवरोध सिर्जना नगर्न सम्बन्धित पक्षहरूलाई हामी अपिल



राजावादी आन्दोलनका नाममा अन्नपूर्ण मिडिया नेटवर्कको कार्यालयमा भएको तोडफोड र आगजनी। • अन्नपूर्ण

### यो त आतंकवादी गतिविधि हो

संविधानतः शान्तिपूर्ण आन्दोलन गर्ने हक सबैलाई छ। त्यसको हामी सम्मान गर्छौं। तर, आन्दोलनका नाममा अन्नपूर्ण मिडिया नेटवर्क र अन्य व्यावसायिक प्रतिष्ठानहरूमाथि सुनियोजित रूपमा जे जसरी आक्रमण भयो, त्यो अत्यन्तै दुःखलाग्दो छ। आतंककारी गतिविधिको हिसाबले भएको अनुमान छ।

अन्नपूर्ण मिडिया नेटवर्कको कार्यालयमा पत्रकार र कर्मचारीहरू काम गरिरहेको अवस्थामा झ्यालको सिसा फोडेर छिर्न खोज्ने, त्यसरी छिर्न नसकेपछि बोरामा आगो सल्काएर कार्यालय ध्वस्त बनाउने एवं पत्रकार र कर्मचारीलाई जिउँदै जलाउन खोज्ने जुन हर्कत भयो, यसलाई जघन्य अपराध मानिन्छ। अपराध संहिताले यसलाई ज्यान मार्ने उद्योगको संज्ञा दिन्छ। पत्रकार र कर्मचारीहरूलाई भित्रै मार्ने अभिप्रायले



**क्याप्टेन रामे□र थापा**
अध्यक्ष, अन्नपूर्ण मिडिया नेटवर्क

राखेर अभियान चलाइरहेका छन्। यस्ता घटनाहरूले कुनै पनि अवस्थामा अन्नपूर्ण मिडिया डराउने छैन, पछि हट्ने छैन। कलमले प्रतिकार गरेर हाम्रा पत्रकार साथीहरू अगाडि बढ्नु हुनेछ। मिडिया हाउस आफैंमा दृढ भएर

अरूप्रति पर्न जाने असरमा संवेदनशील हुन पनि आयोगले आग्रह गरेको छ।

आयोगले चारवटा उच्चस्तरीय टोली बनाएर समाजवादी र राजावादीको आन्दोलनको अनुगमन गरेको थियो। अनुगमनको क्रममा राजावादीहरूको आन्दोलन हिंसात्मक देखिएको आयोगले विज्ञप्तिमा जनाएको छ। 'प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको, प्रदर्शनकारीले प्रहरीमाथि ढुंगा प्रहार गरेको, व्यक्तिको घरमा ढुंगा हान्ने र आगजनी गर्ने काम भएको छ,' विज्ञप्तिमा भनिएको छ। विज्ञप्तिमा प्रदर्शनकारीले तीनकुनेमा सञ्चारमाध्यम, कलेज तथा व्यक्तिगत घरमा आगजनी र आक्रमण हुनुका साथै आगो निभाउन हिंडेको दमकल तथा सशस्त्रको गाडीमा समेत ढुंगा प्रहार गरेको भेटिएको उल्लेख छ। अनुगमन टोलीमाथि समेत प्रदर्शनकारीहरूबाट आक्रमण भएको जनाएको छ।

प्रहरीले व्यक्तिको निजी आवास प्रयोग गरेर अश्रुग्यास प्रहार गरेको देखिएको भन्दै आयोगले भीड नियन्त्रणका लागि प्रहरीले पानीको फोहोरा र हवाई फायर गरेको पाइएको जनाएको छ। यसैबीच, अन्नपूर्ण मिडिया नेटवर्कमा गरिएको आक्रमणको कडा शब्दमा नेपाली मूलका अमेरिकी लिडर

# प्रदर्शनकारीद्वारा लुटपाट, करोडौंको क्षति





अजवी पौड्याल | काठमाडौं

कोटेश्वरको भाटभटेनीमा प्रदर्शनकारीले लुटपाट गरेपछि सडकमा फालिएका सामान। ● अशोक दुलाल

राजावादी समर्थकले शुक्रबार राजधानीमा गरेको प्रदर्शन हिंसात्मक हुन पुग्दा एक जना प्रदर्शनकारी र एक जना पत्रकारको मृत्यु भएको छ। प्रदर्शनकारीले नियोजित रूपमा नै निजी घर, संघसंस्थाको कार्यालय तथा सरकारी कार्यालयमा ढुंगामुढा र आगजनी गरेका थिए। जसबाट करोडौं रुपैयाँको क्षति भएको छ। प्रदर्शनकारीले तीनकुनेमा रहेको अन्नपूर्ण पोस्टको कार्यालयमा समेत आगजनी गरेका थिए।

नेपाल प्रहरीका प्रवक्ता दिनेशकुमार आचार्यका अनुसार राजावादी समर्थकहरूले नियोजित रूपमा नै हिंसात्मक आन्दोलन सुरु गरेका थिए। प्रदर्शनका क्रममा गम्भीर घाइते भएका कीर्तिपुरका २९ वर्षीय सबिन महर्जनको मृत्यु भएको हो। महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा उनको मृत्यु भएको छ। उनको घाँटीमा गोली लागेको थियो।

अराजक राजावादी प्रदर्शनकारीले काठमाडौंको तीनकुने, कोटेश्वरलगायत क्षेत्रमा गरेको तोडफोड र आगजनीबाट करोडौं रुपैयाँबराबरको क्षति पुगेको छ। नवराज सुवेदी, दुर्गा प्रसाईंलगायतको नेतृत्वमा भएको प्रदर्शनमा प्रदर्शनकारीले व्यक्तिका निजी सम्पत्तिमा आगजनी र तोडफोड गरेका हुन्। प्रदर्शनकारीले तीनकुने क्षेत्रमा निजी कार्यालय सञ्चालन भएका घर, नेकपा एकीकृत समाजवादीको पार्टी कार्यालयलगायतमा तोडफोड र आगजनी गरेका थिए।

तीनकुनेमा रहेको मार्बल हाउसमा प्रदर्शनकारीले ढुंगामुढा गरेका थिए। भवन पूर्णरूपमा ध्वस्त भएको छ। उनीहरूले घरघरमा ढुंगामुढा गरेका थिए। त्यतिमात्रै होइन, अराजक भीडले कोटेश्वरस्थित जडीबुटी कारखानाभित्र छिरेर आगजनी गरेको छ।

कोटेश्वरको भाटभटेनीमा तोडफोड र लुटपाट भएको छ। प्रदर्शनकारीले भित्र छिरेर फलफूलका कार्टुन, बियरका बोतललगायत सामान लिएर भागेका थिए। प्रहरी प्रवक्ताको भनाइअनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी ३० जना बढी घाइते भएका छन्। जसमा केही प्रहरी कर्मचारीको अवस्था गम्भीर रहेको छ।

गृहमन्त्री रमेश लेखकले प्रदर्शनका क्रममा भएको क्षतिको क्षतिपूर्तिका लागि सरकारले पहल गर्ने बताएका छन्। प्रदर्शनको नेतृत्व लिने र हिंसात्मक गतिविधिलाई निर्देशन दिने दुवै पक्षलाई सरकारले कानुनी कारबाहीको दायरामा ल्याउने उनले बताए। तीनकुने क्षेत्रमा भएको राजावादीको प्रदर्शनका क्रममा निजी सम्पत्तिमाथि भएको क्षतिको जिम्मेवारी आयोजक लिनुपर्ने सरकारले जानकारी दिएको छ। गृह मन्त्रालयले पत्रकार सम्मेलन गर्दै शुक्रबार प्रदर्शनका क्रममा भएको नोक्सानीको जिम्मेवारी आयोजकका तर्फबाट प्रसाईंले लिनुपर्ने बताएको हो।

व्यक्तिको निजी सम्पत्तिमाथि तोडफोड गर्ने, सञ्चार गृहमा आगजनी गर्ने, अस्पतालमा तोडफोड गर्ने, व्यापारिक केन्द्रमा तोडफोड गर्नेलगायत आपराधिक घटना भएका छन्। आपराधिक कार्यमा संलग्न सबैलाई पक्राउ गर्छौं। रेकर्डको आधारमा, इन्टेलिजेन्सको सूचनाको आधारमा सबैलाई कारबाहीको दायरामा ल्याउँछौं,' गृह मन्त्रालयका सहसचिव छवि रिजालले भने। दुर्गा प्रसाईंले गाडी चलाएर प्रहरीलाई मार्न खोजेको आरोपसमेत सरकारले लगाएको छ।' दुर्गा प्रसाईंले सुरक्षाकर्मीलाई मार्ने नियतले गाडी चलाउनुभयो। त्यसपछि तीनकुने क्षेत्र उग्र बनेको देखिन्छ,' रिजालले भने।





# एमाले भन्छ, राजावादीको क्रियाकलाप

**काठमाडौं** (अन्नपूर्ण) : सत्तारूढ दल नेकपा एमालेले तीनकुने क्षेत्रमा राजावादीहरूले प्रदर्शनका नाममा गरेको अराजकताको भर्त्सना गरेको छ। एमाले महासचिव शंकर पोखरेलले राजावादीले प्रदर्शनका नाममा उद्दण्डता, अराजकता र हिंसा मच्चाइएको आरोप लगाएका छन्।

सुरक्षा घेरा तोड्ने, सुरक्षाकर्मीमाथि आक्रमण गर्ने, हतियार खोस्ने, सर्वसाधारणका घर, व्यावसायिक भवन, सञ्चार गृह, राजनीतिक दलका कार्यालय र सरकारी भवनमा गरिएको आगजनी र लुटपाटले आतंकलाई दुरुत्साहन गरेको आरोप लगाइएको छ।

'शान्तिपूर्ण प्रदर्शनका नाममा सुरक्षा घेरा तोड्ने, सुरक्षाकर्मीमाथि आक्रमण गर्ने, हतियार खोस्ने, सर्वसाधारण नागरिकका घर, व्यावसायिक भवन, सञ्चार गृह, राजनीतिक दलका कार्यालय र सरकारी भवन माथि आगजनी गर्ने, लुटपाट गर्ने, जानीजानी हिंसा र आतंकलाई दुरुत्साहन गर्ने तथा मुलुकको लोकतान्त्रिक प्रणालीलाई बिथोलेर अराजकतातिर धकेल्ने यस्ता आपराधिक क्रियाकलाप निन्दनीय छन्।

नेकपा (एमाले) लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको रक्षाका लागि दृढताप उभिने संकल्प गर्छ। सबै राजनीतिक दल, नाग समाज र आम नेपाली जनतालाई लोकतन्त्रका प र पश्चगमनका दुष्प्रयासका विरुद्ध गोलबन्द आह्वान गर्छ।

आजका आपराधिक क्रियाकलापमा संलग्नहरू तत्काल कानुनी दायरामा ल्याउन र शान्तिसुर प्रभावकारी प्रबन्ध गर्न सरकारसँग माग विज्ञप्तिमा भनिएको छ।

## जनतालाई...

उनले बलिदानबाट आएको परिवर्तनलाई पुँजीवादीहरूले कब्जा गरेर शोषण गरिरहेको बताए। 'हामी मुक्ति चाहन्छौं। फेरि सामन्तीका भूतले अर्को बोझ थप्न खोजे हामी स्वीकार गर्छौं? गाडी चढ्ने सामन्त आएको बेला घोडा चढ्ने आए के हो होला?'

उनले मुलुकमा राजतन्त्र फर्काउन खोजे फेरि राजावादीहरू पछुताउनुपर्ने बताए। उनले भने, 'नेपालमा किन राजतन्त्र चाहियो? अढाई सय सालसम्म राजतन्त्रले के गर्‍यो? पञ्चायतदेखि अहिलेसम्म सबै थाहा छ।

पञ्चायतमा बोल्न पाइँदैनथ्यो। कमैया, दलित, किसानमाथि दमन थियो। समाधान सामन्तवादी हुन सक्छ? जनआन्दोलन, विद्रोहले ध्वस्त भएका मान्छेहरू धुलो टकटक्याउँदै उठ्न थालेका छन्। विभिन्न प्रवृत्ति गठजोड गरेर राजतन्त्र फर्काउन खोजेका छन्। राजतन्त्र फर्केर के हुन्छ? उनीहरू फेरि पछुताउनुपर्छ।'

नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादवले सोही सभामा बोल्दै सहमतिका आधारमा संविधान संशोधन गर्नुपर्ने 'अहिले सरकारबाट समानुपातिक समावेशी हटाउन खोजिँदै छ। एउटा घर भत्कियो भने संविधान

## आन्दोलनको...

प्रदर्शनकारीहरू अराजक बन्दै गए।' प्रहरीले प्रदर्शनकारीलाई नियन्त्रणमा लिन अ श्रुग्याँस प्रहार गरेको थियो।

**अप्रिय घटना गराउने प्रपञ्च**

प्रसाईंको नेतृत्वमा तीनकुने क्षेत्रको पूर्वघोषित निषेधित क्षेत्र तोड्न थालेपछि नै प्रदर्शनकारीहरू हिंसात्मक बन्न पुगेका थिए। अप्रिय घटना घटाउने सुनियोजित प्रपञ्चसहित प्रसाईं प्रदर्शनस्थलमा उत्रेको पाइएको छ।

राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलका अनुसार, प्रदर्शनकारीहरू तीनकुनेबाट प्रहरीको घेरा तोडी निषेधित क्षेत्र नयाँबानेश्वरतर्फ प्रवेश गर्न खोज्दा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको थियो। डा. पोखरेलले भने, 'प्रदर्शनकारीले प्रहरीमाथि ढुंगा प्रहार गरेको, व्यक्तिको घरमा ढुंगा हान्ने र आगजनी गर्ने काम गरेको अनुगमनका क्रममा पाइएको छ।'

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले राजावादीको नाममा अराजकता प्रदर्शन भएको बताए। 'धेरै लामो समयपछि लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आएको छ,' उनले भने, 'शान्तिपूर्ण माग र प्रदर्शन गर्न पाइन्छ। तर, असन्तुष्टिको बहानामा लोकतान्त्रिक गणतन्त्रात्मक




कानुनको उल्लंघन गर्ने जो सुकैलाई कानुनी दायरामा ल्याई विधिको शासन स्थापित गर्ने कार्यमा सरकार प्रतिबद्ध छ।

**छवि रिजाल**
सहसचिव, गृह मन्त्रालय



सञ्चारमाध्यममाथि आक्रमण र आगजनी हुनु निन्दनीय छ। दण्डहीनताले जुन निरन्तरता पाइरहेको छ। त्यसको अन्त्य जरुरी छ।

**राजेन्द्र दाहाल**
पूर्वअध्यक्ष, नेपाल प्रेस काउन्सिल



यो क्षमायोग्य घटना होइन। व्यक्ति तथा राज्यविरुद्धको गम्भीर फौजदारी



विवादित पृष्ठभूमि भएको व्यक्ति (दुर्गा प्रसाई)लाई फिल्ड कमान्डको

प्रदर्शनका क्रममा कान्तिपुर टेलिभि ढुंगामुढा र तोडफोड भएको छ। प्रदर्शनकारी कान्तिपुर टेलिभिजन लक्षित गर्दै आक्रमण थिए। आक्रमणबाट कान्तिपुर कार्यालय साथै तल्लामा रहेको समाचार कक्षमा समेत क्षति पुगे त्यस्तै कोटेश्वरको भाटभटेनीमा पनि प्रदर्शनक तोडफोड गरेका छन्। आलोकनगरको एक समाजवादीको कार्यालयमा पनि प्रदर्शनक आगजनी गरेका छन्।

प्रेस काउन्सिलका पूर्वअध्यक्ष एवं पत्रकार राजेन्द्र दाहाल बहुदलवादी नेता दण्डहीनतालाई संरक्षण गर्दा अराजक गति बढावा पाउन थालेको बताउँछन्। ' सालपछि पनि राजनीतिक दलले दण्डहीन प्रश्रय दिए। जसले जे गरे पनि हुन्छ भन्ने सिके। सञ्चारमाध्यममाथि आक्रमण हुन वरिष्ठ पत्रकार दाहाल भन्छन्, 'दण्डही जुन निरन्तरता पाइरहेको छ। त्यसको अन्त्य जरुरी छ।'

**संविधान र व्यवस्था विरोधी प्रदर्शन**

राष्ट्रिय मानव अधिकार आयोगका प्र डा. टीकाराम पोखरेलका अनुसार, आयोगले चा उच्चस्तरीय टोलीहरू बनाई अनुगमन गरेको काठमाडौंको तीनकुनेमा राजतन्त्र समर्थकहरू भएको प्रदर्शन र आमसभा हिंसात्मक हुन

# 'प्रदर्शन होइन, सुरुदेखि नै उत्पात गर्ने योजनामा देखिन्थे राजावादी'

**कान्तिपुर टीभीको अगाडि जत्था आयो र ढुंगा बर्साउन थाल्यो, समाचार कक्षमा काम गरिरहेका पत्रकार साथीहरूको टेबलमै ढुंगा आयो, समाचार कक्षमा त्रास मच्चियो**

**रुपेश श्रेष्ठ**
नायब समाचार प्रमुख, कान्तिपुर टीभी

शुक्रबारको राजावादीको प्रदर्शनले सवारीसाधन जलाउने पूर्वअनुमान गरेर बिहान ९ बजे नै तीनकुनेस्थित कान्तिपुर टेलिभिजनमा पुगेको थिएँ । अफिस आउँदा बाटामा प्रहरी र सुरक्षाकर्मी चोक-चोकमा बस्ने अनि सुरक्षा दिने गरेको देखिएको थियो । सार्वजनिक यातायात कम चलेका थिए । बिहानको अवस्था सामान्य नै थियो । बिस्तारै तीनकुने क्षेत्रमा अलि-अलि मान्छे भेला हुँदै गए ।

कान्तिपुर टेलिभिजनका लागि हामीले साढे १० बजे दुई ठाउँ (तीनकुने र माइतीघर चोक) बाट लाइभ गर्ने योजना बनाएका थियौं । हाम्रा सहकर्मीले माइतीघर चोक र भृकुटीमण्डपमा मानिसहरू फाट्टफुट्ट भेला हुँदै गरेको जनाएका थिए । साढे १० बजेतिर माइतीघरतर्फ ठाउँ-ठाउँबाट स-साना र्‍याली भेला हुँदै छ भन्ने जानकारी आयो । माइतीघरमा त्यति धेरै भीडभाड छैन भन्ने थियो । साढे १० बजेसम्म तीनकुनेमा भने मानिसहरू करिब-करिब थिएनन् भन्दा पनि हुन्छ । ५०/१०० जना फाट्टफुट्ट ठूलो चौरमा भेला हुँदै गरेजस्तो देखिने तर यहाँ सभा हुन्छ भन्ने खालको उपस्थिति थिएन । बिस्तारै १२ बजेपछि मानिसको हिँडडुल बढ्न थाल्यो । भन्डा बोकेका मानिस बढ्दै गरेको हामीले आभास गर्‍यौं ।

कान्तिपुर टेलिभिजनकै अगाडि साढे १२ बजेपछि नाराबाजी सुरु भयो । तीनकुने र कोटेश्वरबाट जुलुस आएको थियो । चावहिलतिरबाट मोटरसाइकल र्‍याली आएको थियो । उनीहरू बानेश्वरतिर फर्केर नाराबाजी गरेको देखिन्थ्यो । सुरक्षाकर्मी बार लगाएर बसेका थिए । साढे १२ आसपाससम्म त्यो चली नै रहेको थियो । सवा एक बजे आसपासमा एउटा सेतो गाडी आयो । भ्र्यालबाट टाउको निकालेका दुई जना मान्छे गाडीमा देखिए । अरू गाडी गुडिरहेका थिएनन् ।

एउटा गाडी हुलमुल भएको ठाउँ अर्थात् तीनकुनेबाट हुइँकिएर सुरक्षाकर्मीको बार बसेको ठाउँमा एकैछिन रोकियो । एकछिन वादविवाद गरेर पेल्दै-पेल्दै गयो । गइसकेपछि थाहा भयो कि त्यो गाडी दुर्गा प्रसाईंको रहेछ । त्यसपछि धकेलाधकेल सुरु भयो । त्यसभन्दा अगाडि सभा र सम्बोधन केही भएको थिएन । मात्र मान्छेको भीडभाड भइरहेको थियो । 'दुर्गा प्रसाईं आउँदै छन्' भन्ने सुनियो । प्रसाई आइसकेपछि सभा सुरु हुने भन्ने अनुमान थियो । तर प्रसाई सभा स्थलतर्फ गएनन्, सुरक्षाकर्मीलाई पेल्दै-पेल्दै अगाडि गए । उनी पास भएर कहाँ गएँ ? हराए ।

नाराबाजी गरिरहेकाहरू बानेश्वरतिर अगाडि बढ्न खोजे । सुरक्षाकर्मीले पेल्न थाल्दा १/२ जनाले ढुंगा हान्न थाले । प्रहरीले लखेट्न थाल्यो, झन् बढी ढुंगा बर्सन थाल्यो । लगत्तै प्रहरीले अश्रुग्यास हान्न थाल्यो । तीनकुनेको एउटा बिल्डिङमा आगो नै सल्कियो, अश्रुग्यास हान्न थालेको आधा घण्टापछि हो । प्रदर्शनकारीले जलाउने टायर बालेका थिए । ट्राफिक आइल्यान्ड ढालेर त्यहाँ टायर बालेका थिए । तीनकुनेको अर्कोपट्टि गौशाला जानेतिर पनि आगो बालेका थिए ।

सबैतिर ढुंगामुढापछि प्रदर्शनकारी कान्तिपुर टेलिभिजनतर्फ लागे । कान्तिपुर टेलिभिजनको कार्यालय मुख्य सडकबाट थोरै भित्र छ । भाग्ने क्रममा प्रदर्शनकारीहरू गल्लीतर्फ छिरे । दुईवटा ठूला बाटा र त्यहाँबाट फेरि स-साना गल्ली छन् । दायाँ-बायाँ भाग्न मिल्ने अरू गल्ली छन् । जब-जब पुलिसले बल प्रयोग गर्छ अनि गल्लीमा पस्छ । कान्तिपुरको अगाडि एउटा जत्था आयो र ढुंगा बर्साउन थाले । समाचार कक्षमा काम गरिरहेका पत्रकार साथीहरूको टेबलमै ढुंगा आयो । समाचार कक्षमा त्रास मच्चियो । सबै साथीहरू ढुंगा नआउने स्थानतर्फ लुकेर बसे । पछि समाचारमा आएअनुसार अन्नपूर्ण दैनिकमा पनि तोडफोड गरेछन्, आगो नै लगाएछन् । कान्तिपुर र अन्नपूर्णमा एकै समयमा आक्रमण भएको रहेछ ।

केही बेरमा माथि प्रहरीको बाक्लो उपस्थिति रह्यो । प्रहरीले प्रदर्शनकारीलाई तितरबितर पार्‍यो । कोटेश्वरसम्म लखेट्यो । तर प्रदर्शनकारी भिडभिडै जाँदा उनीहरूले नयाँ-नयाँ भवनमा आक्रमण गर्ने र गाडी जलाउने काम गरे । पार्टी कार्यालयदेखि भाटभटेनी सुपरमार्केटसम्म आक्रमण गरे । लुटपाट गरे ।

म समाचार कक्षमा बसेर फिल्डमा रहेका साथीहरूसँग कुराकानी गरिरहेको थिएँ, आफैं पनि लाइभ गर्न सडकमा निस्किएको थिएँ । शुक्रबारको दिनभरको घटनाक्रम नियाल्दा राजावादीहरूको सभा गर्ने कुनै योजना नै थिएन । किनभने, यो सभामा कसले के बोल्ने भन्ने कुनै तयारी नै थियो जस्तो मलाई लाग्दैन । नवराज सुवेदीको संयोजकत्वमा एउटा समिति बनेको छ । त्यो समितिले शुक्रबारको सभाका लागि दुर्गा प्रसाईंलाई विधिवत माथि नेतृत्व हस्तान्तरण गरेको थियो । शुक्रबार अर्थात् चैत १५ को सभा दुर्गा प्रसाईंले आफैंले घोषणा गरे थिए । नवराज सुवेदीले घोषणा गर्नुभन्दा पहिला नै उनले गरेका हुन् ।

दुर्गा प्रसाईंले जुन हर्कत देखाए, उनी सभाका लागि आएका होइनन् भन्ने देखिन्छ । यहाँ जो प्रदर्शनकारी सडकमा देखिए ती प्रदर्शनकारी सभामा सुन्नका लागि तयार भएको देखिँदैनथ्यो । सभा स्थलमा एकदमै थोरै मान्छे थिए । सबै सडकमा अराजक ढंगले प्रस्तुत भइरहेका थिए । उनीहरू सुरक्षाकर्मीलाई उक्साउने, उद्वेलित गर्ने व्यवहारमा देखें । नभन्दै घटनाले उग्ररूप लियो । एक जना पत्रकारले ज्यान गुमाए, अर्को एक मजदुरले पनि ज्यान गुमाए । धेरै धनजनको क्षति भयो । यो दुखद भयो ।



तीनकुने क्षेत्रमा राजावादीले जारी राखेको हिंसात्मक प्रदर्शनकै क्रममा समाचार संकलनमा खटिएका पत्रकार श्रेष्ठ ।

## 'प्रहरीको बन्दुक खोसेको फोटो खिच्दा पत्रकारको खुट्टा भाँचे'




**दिलेश गौतम**, पत्रकार

तीनकुनेमा राजावादीको समाचार संकलन गर्न अनलाइन खबरबाट शुक्रबार बिहान खटिएको थिएँ । शिक्षा बिटमा भिडे भएकाले मलाई न्युजरुमले प्रदर्शनमा सहभागी जेनजी पुस्ताबारे काम गर्ने 'असाइन्मेन्ट' दिएको थियो । दिउसो २ बजेतिर प्रदर्शनको माहोल बिग्रियो । आगलागी भएको घरभन्दा दुई घर पर पेप्सी केही प्रहरी थिए । राजावादी प्रहरीमाथि जाइलाग्न थाले । म उनीहरूलाई पछ्याउँदै त्यतै गएँ । एक युवाले प्रहरीको बन्दुक खोसे । मैले २/३ वटा फोटो खिच्न भ्याएँ । ५ सेकेन्डको भिडियो पनि खिचें । प्रहरीको बन्दुक खोसेका ती युवा र अन्यले मैले पछ्याएको देखेर 'तँ सीआईडी हो ?' भन्दै दुर्व्यवहार गरे । मोबाइलबाट भिडियो खिच्दै थिएँ, उनीहरूले मलाई धकेले । म लड्न पुगें र खुट्टामा चोट लाग्यो । फिल्डमा जान बिहान अफिसको मिटिङपछि स्कुटी लिएर गएको थिएँ ।

स्कुटी तीनकुने चौकी नजिकै राखेको थिएँ । तीनकुने चौरबाट फर्केर बागमती पुलतिर जाउन सक्ने अवस्था थिएन । त्यसबेला उक्त क्षेत्रमा अश्रुग्यास, ढुंगामुढा प्रहार हुन थालिसकेको थियो । तीनकुनेको निजी घरमा आगजनी सुरु भइसकेको थियो ।

कोटेश्वरतर्फ जाने सडक हुँदै पेरिसडाँडातर्फबाट बागमती नदीतिर पसें । त्यहाँ पनि आन्दोलनकारीले गाडीमा आगो लगाएको देखियो । त्यहाँबाट घुमेर बागमती नदी हुँदै स्कुटी राखेको स्थलमा पुगें । स्कुटी चढेर बुद्धनगरमा रहेको अनलाइन खबरको अफिस आएँ । जब जुत्तामोजा खोलेर हेरें, दायाँ खुट्टा सुन्निएको देखियो । लेखामा कार्यरत दुई सहकर्मीले मलाई बानेश्वरको एभरेस्ट अस्पतालमा पुर्‍याए । एक्सरे र सिटी स्क्यान गर्दा हड्डी भाँचिएको रहेछ । बेलुकीपख कर्फ्युका कारण अस्पतालमा प्लास्टर गरेर मूलपानीस्थित घर जान सक्ने अवस्था भएन । कोटेश्वरस्थित आफन्तको घरमा आराम गरिरहेको छु ।

(सुरज कुँवरसँगको कुराकानीमा आधारित)

## पत्रकारको मृत्यु र सञ्चारगृहमाथि आक्रमणको भर्त्सना

राजसंस्था पक्षधरको आक्रमण र निजी भवनमा आगजनी गर्ने क्रममा पत्रकारको मृत्यु भएको घटना निन्दनीय
• कान्तिपुर मिडिया ग्रुप

उच्छृंखल जत्थाका कारण एभिन्युजका क्यामेरापर्सन रजकको निधनसहित मिडियामा भएको तोडफोड भर्त्सनायोग्य
• अन्नपूर्ण मिडिया

आन्दोलनका नाममा सञ्चारकर्मीको ज्यानै जाने, प्रेसलाई आतंकित र त्रसित बनाउने कार्य किमार्थ स्वीकार्य हुँदैन
• नेपाल पत्रकार महासंघ

**कान्तिपुर संवाददाता** (काठमाडौं)

राजावादीको शुक्रबारको हिंसात्मक प्रदर्शनका क्रममा पत्रकारको मृत्यु र सञ्चारसंस्थामाथि आक्रमणको घटनाको सञ्चारसम्बद्ध विभिन्न संघसंस्थाले भर्त्सना गरेका छन् ।

राजावादीको प्रदर्शनका क्रममा तीनकुनेस्थित भवनमा आगजनी हुँदा एभिन्युज टेलिभिजनका भिडियो पत्रकार सुरेश रजकको मृत्यु भएको छ । प्रदर्शनकारीले कान्तिपुर टेलिभिजन तथा अन्नपूर्ण मिडियाको कार्यालयमा आक्रमण गरेका थिए । यस्तै हिमालयन टेलिभिजनको सवारीसाधन तोडफोड भएको छ ।

नेपाल पत्रकार महासंघले सञ्चारगृहमा आक्रमण, सवारीसाधन तोडफोड र सञ्चारकर्मीलाई आतंकित तुल्याउने कार्य गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । 'सञ्चारसंस्था र सञ्चारकर्मीको ज्यानै जाने गरी यस प्रकारको हमला हुनु घोर आपत्तिजनक, निन्दनीय र भर्त्सनायोग्य कार्य भएको महासंघको ठहर छ,' महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'आन्दोलनका नाममा सञ्चारकर्मीको ज्यानै जाने, प्रेसलाई आतंकित र त्रसित बनाउने कार्य किमार्थ स्वीकार्य हुँदैन ।' यस्तो कार्यमा संलग्नलाई तत्काल कारबाही गर्न महासंघले माग गरेको छ ।

सञ्चारगृह र सञ्चारकर्मीको सुरक्षामा गम्भीर हुन पनि महासंघले आग्रह गरेको छ । लोकतन्त्र र प्रेसविरोधी क्रियाकलाप नदोहोर्‍याउन सम्बन्धित पक्षको महासंघले ध्यानाकर्षण गराएको छ ।

कान्तिपुर मिडिया ग्रुपले घटनाको निन्दा गरेको छ । 'शुक्रबार विरोध प्रदर्शनका नाममा राजसंस्था पक्षधर राजनीतिक दल र समूहहरूले काठमाडौंमा विध्वंस मच्चाए । निजी व्यापारिक भवनमा तोडफोड र आगजनी गरेका राजावादीले मिडिया संस्थामाथि पनि छानीछानी आक्रमण गरे,' कान्तिपुर मिडिया ग्रुपले शुक्रबार जारी गरेको प्रेस वक्तव्यमा भनिएको छ, 'तीनकुनेस्थित कान्तिपुर टेलिभिजनको कार्यालयमा समेत ढुंगामुढा गर्दै आतंक सिर्जना गरे । स्वतन्त्र प्रेसमाथिको यो आक्रमण निन्दनीय छ । हामी यसको गम्भीर भर्त्सना गर्छौं ।'

आगजनी, लुटपाट, तोडफोडसँगै मिडियाकर्मीको ज्यानै जाने गरी आक्रमण गर्ने घृणित कार्य कदापि स्वीकार्य नहुने पनि वक्तव्यमा जनाइएको छ । कान्तिपुरले यस कार्यमा संलग्नमाथि तत्काल कानुनी कारबाहीका लागि सरकारसमक्ष माग गरेको छ ।

उक्त जत्थाले अन्नपूर्णसहित मिडियामा तोडफोड र आगजनी गरेको भन्दै अन्नपूर्ण मिडिया नेटवर्कले पनि भर्त्सना गरेको छ । अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष क्याप्टेन रामेश्वर थापालगायत सम्पादकहरूले शुक्रबार संयुक्त विज्ञप्ति जारी गर्दै तोडफोड र आगजनीमा संलग्नलाई कानुनी दायरामा ल्याउन माग गरेका छन् । 'निरंकुशताको पहिलो निसाना प्रेस हो भन्ने यो आन्दोलनले अँगालेको शैलीले देखाएको छ । हामी सबै किसिमका निरंकुशताको कडा विरोध गर्दै लोकतन्त्रका पक्षमा सदा अविचलित रहने प्रतिबद्धता जनाउँछौं,' विज्ञप्तिमा उल्लेख छ ।

## मानवअधिकार अधिकृत कुटिए

काठमाडौं (कास)– राजावादीहरूको प्रदर्शन अनुगमन गर्न गएको राष्ट्रिय मानवअधिकार आयोगको टोलीमाथि हिंसात्मक आक्रमण भएको छ । आक्रमणमा परी मानवअधिकार अधिकृत खिमानन्द बस्याल घाइते भएका छन् । आयुक्त लिली थापा र उनका चालकमाथि पनि हातपात भएको छ ।

'हामी तीनकुनेमा पुगेर प्रदर्शनस्थलको अनुगमन गरिरहेका थियौं, एक्कासि एउटा भीड आएर हातपात गर्न थाल्यो, त्यसैबेला प्रहरीले हानेको अश्रुग्यासले आँखा हेर्न नहुने भयो,' अनुगमन टोलीको नेतृत्वकर्ता आयुक्त थापाले भनिन्, 'एकदमै अराजक र अनियन्त्रित भीडले जे पनि गर्न सक्ने अवस्था त्यहाँ थियो, हामीलाई नै ज्यान जोगाउन बडो मुस्किल पर्‍यो ।'


प्रहरीले अश्रुग्यास हान्दा पनि आयोग टोलीले केही नबोलेको भन्दै राजावादीको एउटा जत्थाले उनीहरूमाथि लाती, मुक्का र चड्कन बर्साएको थियो । 'हामीलाई डलरे भन्दै जथाभावी कुटपिट गर्न थाले, कसै-कसैले मानवअधिकारवादीलाई नकुट पनि भनेको सुन्थिएँ, त्यसै बेला मलाई टाउकामा प्रहार भयो,' मानवअधिकार अधिकृत बस्याल भन्छन्, 'उनीहरूबाट फुत्केर नजिकै रहेका प्रहरीसमक्ष पुगेपछि भने कुट्न छाडे ।'

प्रदर्शनकारीको शैली हिंसात्मक भएको राष्ट्रिय मानवअधिकार आयोगको निष्कर्ष छ । 'कुनै पनि बहानामा हिंसात्मक गतिविधि स्वीकार्न सकिँदैन,' आयोगले भनेको छ, हिंसामा संलग्न जोकोहीलाई कानुनी कारबाही गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।'

हिंसात्मक प्रदर्शन गरेका राजावादीले कोटेश्वरस्थित भाटभटेनी सपिङ कम्प्लेक्समा तोडफोडसँगै लुटपाट मच्चाएका थिए भने रास्वपाका प्रमुख सचेतक सन्तोष परियार चढेको स्कर्पियो गाडी पनि जलाइदिएका थिए ।

'उनीहरूले गाडी रोकेर जलाए, म चाहिँ त्यो अराजक भीडबाट फुत्केकी हुनाले बाँचिएँ,' परियारले भने, 'यो हिंसात्मक र अराजक प्रदर्शनबाटै राजावादीले आफ्नो औचित्य समाप्त पारेका छन् ।'


### आजको राशिफल



**मेष** विभिन्न कारणले काममा अवरोध आउला । केही समयका लागि कुनै काम स्थगित गर्नुपर्ला । समयावस्था विचारेर चल्नुपर्ने बेला छ ।

**वृष** समसामयिक अवस्थालाई मध्यनजर गर्दै काम गर्नुपर्ने बेला छ । अनिश्चित समयका लागि कामको रोक्का होला । आत्मीय/मित्रजनबाट अपेक्षित सहयोग पाइएला ।

**मिथुन** कुनै पनि कुरामा नहतारिएकै राम्रो हुनेछ । समय राम्रो भए पनि परिस्थितिअनुकूल नहुन सक्छ । केही समय नयाँ काम नगरेकै उचित होला ।

**कर्कट** सहयोगी हातहरू पछि हट्न सक्छन् । अत्यावश्यक कामलाई बेलैमा सक्नु बुद्धिमानी हुनेछ । जतिसक्यो मौन र तटस्थ बस्नु नै उत्तम हुनेछ ।

**सिंह** कुनै कुराले मनमा भर्को लाग्न सक्छ । मनले चाहेर पनि रिस व्यक्त गर्न मिल्नेछैन । मर्यादामा जकडिँदा सौम्य रहने नाटक गर्नुपर्ला ।

**कन्या** कतै जाने कार्यक्रम रद्द हुन सक्छ । व्यक्तिगत काममै मुन्न खोजिएला । आफैंले आफ्ना लागि अनुकूल समय सोचिनेछ ।

**तुला** मानसिक चिन्ता हटे पनि मिनामसिना कुराले अल्झाइनै रहला । तटस्थ रहँदै आफूलाई प्रस्तुत गर्नुपर्नेछ । रित्त गर्नेहरु आफैं तर्किन थाल्नेछन् ।

**वृश्चिक** आफ्नो अभिव्यक्तिले कस्तो असर गर्ला भनी हेक्का राख्नुपर्नेछ । कसैको लहैलहैमा नलागी आफ्नै बुद्धिले काम गर्नुपर्ला । कतै निस्किनुभन्दा बाहिरी अवस्थाबारे विचार गर्नुपर्नेछ ।

**धनु** कसैको कुरामा विश्वस्त हुन मनले मान्नेछैन । कम बोलीनै काम सक्नु बुद्धिमानी हुनेछ । आफूलाई जतिसक्यो तटस्थ राख्नु नै उत्तम रहला ।

**मकर** समय तपाईंकै पक्षमा रहे पनि परिस्थिति आफू अनुकूल नहुन सक्छ । कुराकानी गर्दा विशेष सजगता अपनाउनुपर्ला । कुनै कुनै कामलाई टार्नु नै उचित रहला ।

**कुम्भ** पदीय मर्यादामा रही आफूलाई प्रस्तुत गर्नुपर्नेछ । अनावश्यक भेम्भमेलामा नपरेकै उचित हुनेछ । कुनै कुरामा अनावश्यक खर्च हुन सक्छ ।

**मीन** मनमा मिश्रित भाव उत्पन्न हुन सक्छ । साथीहरूसित कुनै कुरामा छलफल होला । बेला मौका विचारेर चल्नु नै श्रेयस्कर हुनेछ ।

### वर्गीकृत डिस्प्ले

के तपाई वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ?
सुरक्षित वैदेशिक रोजगारका लागि निःशुल्क परामर्श जानकारी लिन तलको फोनमा मिस्कल गर्नुहोस् वा फेसबुकमा मेसेज गर्नुहोस् ।
www.fb.com/SAFE.THN
9818192800, 9845057965

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*


घर बिक्रीमा


गाडि बिक्रीमा



जग्गा बिक्रीमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरूमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com



राष्ट्रिय संस्करण | अवलोकन | सामाजिक सञ्जाल नियमनमा कानुनी प्रबन्ध

## प्रमको सम्बोधन चैत १८ मा




पूर्वराजावादीको अराजनीतिक प्रदर्शन

## दुई जनाको मृत्यु, ठूलो क्षति



## ‘अराजकताको पराकाष्ठा देखियो’



## जलाइए पत्रकार रजक



सुरेश रजक

## राज्यभन्दा व्यक्ति ठूलो हुँदैन : मन्त्री गुरुङ

प्रतिगामी प्रयत्नको सहारा

## अराजकता, आगजनी र लुटपाट



ाचार

मंगलबार १९ चैत २०८१
TUESDAY, APRIL 1, 2025

# मिडियाको पक्षमा निर्णय लिन सरकारलाई पत्रकार महासंघको ७ दिने अल्टिमेटम



**काठमाडौं** (अन्नपूर्ण) : तीनकुनेको हिंसात्मक प्रदर्शनका बेला सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि भएको हमलाविरूद्ध आन्दोलनरत नेपाल पत्रकार महासंघले शनिबार सरकारलाई ध्यानाकर्षण पत्र बुझाएको छ। महासंघले गृहमन्त्री रमेश लेखक, प्रदेश समितिहरूले मुख्यमन्त्री र आन्तरिक मामिला मन्त्री र शाखाहरूले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत सोमबार ध्यानाकर्षण पत्र बुझाएको महासंघका महासचिव रामप्रसाद दाहालले जानकारी दिए।

महासंघले मृतक पत्रकारको न्याय र उनका परिवारलाई क्षतिपूर्ति, आगजनी र ढुंगामुढा गरी क्षति पुऱ्याइएका सञ्चार गृहलाई क्षतिपूर्ति, घाइते पत्रकारको उपचार, क्षति पुऱ्याइएका र हराएका सञ्चार उपकरणको क्षतिपूर्ति तथा सञ्चार गृह र सञ्चारकर्मीको सुरक्षाको प्रत्याभूति नभए एक सातापछि सरकारविरूद्ध आन्दोलित हुने चेतावनी सरकारलाई दिएको छ। ध्यानाकर्षण पत्रमा आगोमा जलेर ज्यान गुमाएका पत्रकार सुरेश रजकको सम्बन्धमा छानबिन गरी दोषीलाई तत्काल कारबाही गर्न र उनका परिवारलाई क्षतिपूर्ति दिन, क्षति पुऱ्याइएका अन्नपूर्ण पोस्ट, कान्तिपुर टेलिभिजन, हिमालयन टेलिभिजनलाई क्षतिपूर्ति दिन र घाइते पत्रकारलाई क्षतिपूर्ति र नि:शुल्क उपचार उपलब्ध गराउन माग गरिएको छ।

त्यस्तै, विगतदेखिकै प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा संलग्नहरूलाई कानुनी कारबाही र सञ्चार गृह तथा सञ्चारकर्मीको सुरक्षाको उचित प्रबन्ध मिलाउन महासंघले माग गरेको छ। ती मागको यथोचित सम्बोधन नभए महासंघ सरकारविरूद्ध आन्दोलित हुने महासचिव दाहालले बताए।

गृहमन्त्री लेखकलाई महासंघका कार्यवाहक अध्यक्ष दीपक आचार्य नेतृत्वको प्रतिनिधिमण्डलले ध्यानाकर्षण पत्र बुझाएको हो।

# चैत १५ को घटना १५ प्रत्यक्षदर्शीका नजर



चैत १५ मा काठमाडौंमा राजावादीले 'निर्णायक' प्रदर्शनको घोषणा गरेका थिए। प्रदर्शनलाई नियन्त्रणमा राख्न बिहानैदेखि काठमाडौंका मुख्य चोकहरूमा प्रहरीको तैनाथी बढाइएको थियो। राजावादीहरू संसद् भवनसम्म आइपुग्ने आकलनका आधारमा सुरक्षा संयन्त्र त्यतातिर बलियो बनाइएको थियो। तर अघि बढ्न नसकेका राजावादीहरूले तीनकुनेमै उत्पात मचाए। राजावादीको उन्माद र सुरक्षा संयन्त्रको अलमल र बल प्रयोगले २० जनालाई गोली लाग्यो, २ जनाको ज्यान गयो, ११ जना घाइते भए, ४ जना अझै अस्पतालमा छन्। ४० संरचनामा ढुंगामुढा, तोडफोड, आगजनी र लुटपाट भयो, ६९ [illegible] क्षति पुग्यो। यो क्षतिका भुक्तभोगी विभिन्न पक्षका आ-आफ्नै मूल्यांकन छन्। कान्तिपुरले मृतकका आफन्त, घाइते, सुरक्षाकर्मी र प्रदर्शनकारी गरी १२ जनासँग अन्तर्वार्ता गरेर त्यो दिनको घटनालाई फरक-फरक नजरबाट हेर्ने कोसिस गरेको छ।





# पत्रकार महासङ्घ चरणबद्ध आन्दोलनमा

नेपाल पत्रकार महासङ्घद्वारा पत्रकार सुरेश रजकको हत्या विरोधमा शनिबार राजधानीको माइतीघरमा विरोध प्रदर्शन गरिँदै।

## पूर्वराजाकै निर्देशनमा लुटपाट : कांग्रेस

## चौतारीले गऱ्यो क्षतिको अवलोकन

## आततायी प्रवृत्ति रोकिने स्थिति छैन : प्रचण्ड





# अनुसन्धानका लागि ७१ जना हिरासतमा

व्यक्ति हत्या, ज्यान मार्ने उद्योग, कर्तव्य ज्यान मुद्दा, चोरी/डकैती, लुटपाट, आगजनी वा राजद्रोहमा मुद्दा चलाउने गरी प्रहरीले थाल्यो अनुसन्धान

**तोडफोड तथा आगजनी**

**सवारीसाधन**
निजी/सरकारी गाडी : ३१
मोटरसाइकल : ४
स्कुटर : २

**भवन**
निजी तथा सरकारी : १८

**कार्यालय तथा संघसंस्था**
निजी तथा सरकारी : ४१

**लुटपाट**
भाटभटेनी सुपरमार्केट

## पत्रकार महासंघलगायत संघसंस्थाको भर्त्सना

# हिंसात्मक घटनाको मुख्य जिम्मेवार पूर्वराजा ज्ञानेन्द्र : प्रमुख राजनीतिक दल

तीनकुने घटना

# 'न्यायिक छानबिन आयोग बन्दैन'

" आपराधिक घटना भएकाले राजनीतिक घटनाका रूपमा न्यायिक आयोग बनाउने कुरा गलत बाटो हुन्छ ।



गृहमन्त्री रमेश लेखक

गोरखापत्र समाचारदाता
काठमाडौं, चैत २२ गते

गृहमन्त्री रमेश लेखकले तीनकुने घटना छानबिनका लागि न्यायिक आयोग गठन नहुने बताउनुभएको छ । शुक्रबार प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा सत्तापक्ष र प्रतिपक्षका सांसदसमेतले छानबिन आयोग गठनको माग गरेका थिए तर मन्त्री लेखकले आपराधिक घटनालाई राजनीतिक आवरण दिन आयोग गठन हुन नसक्ने बताउनुभयो । नियमित प्रक्रियाबाटै घटना छानबिन हुने मन्त्री लेखकको भनाइ थियो ।

समितिमा मन्त्री लेखकले आपराधिक घटनालाई अन्य अपराध सरहकै व्यवहार सरकारले गर्ने बताउनुभयो । मन्त्री लेखकले भन्नुभयो, 'विषयको निष्पक्षता, घटना र दुराशय खाता नभएको भए प्रारम्भदेखि नै आयोग बनाउन सकिन्थ्यो तर प्रयोजन, घटना विवरण, संलग्न व्यक्ति, आयोजक सबै थाहा छ । यो राजनीतिक घटना होइन, आपराधिक घटना हो । आपराधिक घटना भएकाले राजनीतिक घटनाका रूपमा न्यायिक आयोग बनाउने कुरा गलत बाटो हुन्छ । आपराधिक घटनालाई राज्यले अपराधकै रूपमा हेर्छ र नसक्दा पनि आपराधिक रूपमै लिनु पर्छ । अन्य अपराध सरह नै यसमा अनुसन्धान हुन्छ ।'

उहाँले घटनाको निष्पक्ष छानबिन र दोषीलाई कानुनबमोजिम कारबाही हुने आश्वस्त पार्नुभयो । प्रमाण र संलग्नता पुष्टिका आधारमा मुद्दा चलाइने उहाँको भनाइ छ । प्रहरीका अनुसार राज्यविरुद्धको अपराधमा २० र आपराधिक उपद्रवमा ४८ जनाविरुद्ध अदालतबाट म्याद लिई अनुसन्धान जारी छ ।

राजनीतिक दर्शन र चेतनामा आधारित भएन

गृहमन्त्री लेखकले तीनकुने घटना अमानवीय, अमर्यादित, हिंसात्मक र उच्छृङ्खलतासमेत भएको बताउनुभयो । घटना कुनै राजनीतिक दर्शन र चेतनामा आधारित नरहेकोमा आफू स्पष्ट रहेको उहाँको भनाइ थियो । संविधान सक्ने र गणतन्त्र मास्ने उद्देश्यका साथ उक्त घटना गराइएको लेखकको जिकिर थियो । संविधानको मर्म अनुसारको विरोधलाई सरकारले सम्मान र संरक्षण गर्ने नए पनि व्यक्तिगत सम्पत्तिको तोडफोड, सञ्चार गृहमाथिको आगजनी तथा हिंसात्मक घटना स्वीकार्य नरहेको उहाँको भनाइ थियो ।

परभित्र मानिस रहेको जान्दाजान्दै आगजनी गरेर आन्दोलनकारीले व्यक्ति हत्या गरेको पनि मन्त्रीले बताउनुभयो । प्रहरी संयमका कारण नै ठुलो मानवीय क्षति नभएको पनि उहाँको भनाइ थियो । आगामी नियन्त्रणका लागि खोलाइएका दमकललाई क्षति पुऱ्याउने कार्य दुःखद भएको मन्त्री लेखकले बताउनुभयो ।

मन्त्री लेखकले राजाले जनतामा निहित सार्वभौमसत्ता मान्न अस्वीकार गरेकाले गणतन्त्र ल्याइएको र अहिले आन्दोलन पुरानै व्यवस्थाको पुनरावृत्तिका लागि भएको बताउनुभयो । उहाँले अहिलेको प्रयास जनतामा निहित सार्वभौमसत्ता खोस्ने रहेको पनि बताउनुभयो । संविधान फाल्ने र गणतन्त्र उल्ट्याउने अहिलेको आन्दोलनको चरित्र भएको मन्त्री लेखकको भनाइ छ । आन्दोलनको उद्देश्य नागरिकको सार्वभौमसत्ता व्यक्ति विशेषलाई बुझाउने उद्देश्यप्रेरित रहेको पनि उहाँको भनाइ थियो । अहिलेको प्रणालीमा समस्या भएमा संविधानभित्रबाट समाधान खोजिनुपर्ने उहाँको भनाइ थियो । पीडित परिवारलाई दस लाख रुपियाँ उपलब्ध गराउने गरी प्रक्रिया अघि बढिसकेको पनि उहाँको भनाइ थियो ।

समितिमा मन्त्री लेखकले घटना विवरण पनि पेस गर्नुभयो । सुरक्षाकर्मी ८० र प्रदर्शनकारी ४४ जना घाइते भएको उहाँले जानकारी दिनुभयो । जडीबुटी प्रशोधन कम्पनीमा पूर्ण रूपमा क्षति पुऱ्याइएको, डिपार्टमेन्टल स्टोर तोडफोड र लुटपाट भएको उहाँले बताउनुभयो । १८ वटा भवनमा तोडफोड र केहीमा आगजनी भएको, ३९ वटा सवारी साधनमा आगजनी भएको समितिमा मन्त्री लेखकले बताउनुभयो ।

बाँकी पृष्ठ २ मा

Monday, March 31, 2025 कान्तिपुर समाचार ekantipur

# मिश्र र राणासहित ११ जनालाई राज्यविरुद्ध कसुरमा ५ दिन म्याद थप

तीनकुनेको हिंसात्मक घटनामा संलग्न भएको आरोपमा अन्य ३० जनाविरुद्ध आपराधिक उपद्रव र संगठित अपराध कसुरमा अनुसन्धान हुँदै

विवेक पोखरेल (काठमाडौं)





तस्बिर: अंगद ढकाल/कान्तिपुर

तीनकुने घटनामा पक्राउ परेका राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणालगायतलाई आइतबार म्याद थपपछि जिल्ला अदालत काठमाडौंबाट बाहिर निकालिँदै ।

# सञ्चारगृहमा भएको आक्रमणको मिडिया सोसाइटीद्वारा निन्दा

दोषीलाई कारबाही गर्न माग, पत्रकारहरूको पेसागत सुरक्षा, सूचना संकलन-प्रकाशन स्वतन्त्रता र सञ्चारगृहको सुरक्षामा विशेष ध्यान दिन सरकारसँग अपिल

NEPAL MEDIA SOCIETY

पत्रकार हत्याको विरोधमा कालोपट्टी

